जेठ - १

# सर्वोच्च अदालत बुलेटिन

## पाक्षिक प्रकाशन

वर्ष ३४, अङ्क ३ | २०८२ जेठ १-१५ | पूर्णाङ्क ७८९



प्रकाशक

**सर्वोच्च अदालत**

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री कालीबहादुर साम्यु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | |
| संयुक्त इजलास | १ | इजलास नं. ८ | २ |
| इजलास नं. १ | १३ | इजलास नं. ९ | २ |
| इजलास नं. २ | ९ | इजलास नं. १० | |
| इजलास नं. ३ | ३ | इजलास नं. ११ | |
| इजलास नं. ४ | | इजलास नं. १२ | |
| इजलास नं. ५ | | इजलास नं. १४ | २ |
| इजलास नं. ६ | १० | इजलास नं. १६ | ४ |
| **जम्मा** | **३६** | **जम्मा** | **१०** |

**कूल जम्मा ३६ + १० = ४६**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८२, जेठ – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - २** |
| १. | बन्दी प्रत्यक्षीकरण | कृष्णकुमार भट्टराई वि. झापा जिल्ला अदालत, झापासमेत | १ |
| **इजलास नं. १** | | | **२ – १६** |
| २. | जबरजस्ती करणी | नेपाल सरकार वि. निखिल चौधरीसमेत | २ |
| ३. | बन्दी प्रत्यक्षीकरण | हुसेन राई वि. ललितपुर जिल्ला अदालत | ३ |
| ४. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. खोमकुमार सुनुवार | ४ |
| ५. | चोरी मोटरसाइकल | नेपाल सरकार वि. हरिशंकर चौधरीसमेत | ५ |
| ६. | कब्जा छोडाई घर हटाई चलन | धुरुप साह रौनियार वि. रामप्रसाद ढकालसमेत, रामप्रसाद ढकाल वि. धुरुप साह रौनियार | ६ |
| ७. | उत्प्रेषण | सलमान लतिफ राँ वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत | ७ |
| ८. | नकबजनी चोरी | नेपाल सरकार वि. रुपक शर्मा मैनालीसमेत | ९ |
| ९. | जबरजस्ती करणी | तौलेश्वर कोहार वि. नेपाल सरकार | ९ |
| १०. | हक कायम दर्तासमेत | यादवप्रसाद महर्जन वि. बेखा महर्जनसमेत | १० |
| ११. | परमादेश | अम्बिकादेवी मगर वि. सप्तरी जिल्ला हुलाक कार्यालय, राजविराजसमेत | ११ |
| १२. | जबरजस्ती करणी | नेपाल सरकार वि. प्रेम सुनार | १२ |
| १३. | जबरजस्ती करणी | राजेन्द्र आचार्य वि. नेपाल सरकार | १३ |
| १४. | कर्तव्य ज्यान | रत्न तामाङ वि. नेपाल सरकार | १४ |
| **इजलास नं. २** | | | **१६ – २६** |
| १५. | बैंकिङ कसुर | रामकुमार जि.सी. वि. नेपाल सरकार | १६ |
| १६. | उत्प्रेषणसमेत | सुर्यबहादुर भाट वि. सडक बोर्ड नेपाल, एन.के.सिंह मार्ग, मिनभवन, काठमाडौंसमेत | १६ |
| १७. | बन्दी प्रत्यक्षीकरण | प्रेमबहादुर गुरूङ्ग वि. उच्च अदालत पाटनसमेत | १७ |
| १८. | जबरजस्ती करणीसमेत | नेपाल सरकार वि. लोकबहादुर क्षेत्री | १८ |
| १९. | जबरजस्ती करणी | सुवास मगर वि. नेपाल सरकार | १९ |

| | | | |
|---|---|---|---|
| २०. | दा.खा., दर्ता बदर | बलबहादुर लावतिसमेत वि. रमला माखिम लावती | २० |
| २१. | अंश दर्ता चलन | कृष्ण शाही खड्गे वि. दिलकृष्ण शाही | २१ |
| २२. | उत्प्रेषणसमेत | शशि भुषणकुमार यादवसमेत वि. नन्दकिशोर ठाकुर शर्मासमेत | २२ |
| २३. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामदास यादव भन्ने प्रेमसागर यादवसमेत | २४ |
| **इजलास नं. ३** | | | २६ – ३० |
| २४. | बन्दी प्रत्यक्षीकरण | आशिष भण्डारी वि. श्री उच्च अदालत तुलसीपुर बुटवल इजलाससमेत | २६ |
| २५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. जोगी साहसमेत | २७ |
| २६. | कर्तव्य ज्यान | टुकबहादुर भण्डारी वि. नेपाल सरकार, नेपाल सरकार वि. टुकबहादुर भण्डारी | २८ |
| **इजलास नं. ६** | | | ३० – ४३ |
| २७. | लिखत बदर दर्ता बदर दर्ता कायम | रुनीयादेवी साहसमेत वि. सुकुमार साह तेली | ३० |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मेनुका अधिकारी (कटुवाल) | ३१ |
| २९. | उत्प्रेषणयुक्त परमादेश | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका साबिक वडा नं.३१ हाल कायम वडा नं. २८ कमलादीस्थित फुड जक्सन प्रा.लि. वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंसमेत | ३२ |
| ३०. | मानव बेचबिखन तथा ओसार पसार | अपहरण र शरीर बन्धक, जन्टु भन्ने उमानन्द यादव वि. नेपाल सरकार, सुनिलकुमार यादव वि. नेपाल सरकार | ३३ |
| ३१. | जबरजस्ती करणी | नेपाल सरकार वि. जोकभ भन्ने जोग सुब्बा लिम्बूसमेत | ३५ |
| ३२. | उत्प्रेषण | उत्तम बस्नेत वि. जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरसमेत | ३६ |

| | | | |
|---|---|---|---|
| ३३. | बन्दी प्रत्यक्षीकरण | अभयकुमार भन्ने राजु शाक्य वि. ललितपुर जिल्ला अदालत, ललितपुरसमेत | ३७ |
| ३४. | बन्दी प्रत्यक्षीकरण | रकमबहादुर लोप्चन तामाङ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत | ३८ |
| ३५. | आयकर (०६०/०६१) | ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर वि. राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं, राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं वि. ठुला करदाता कार्यालयसमेत | ३९ |
| ३६. | बन्दी प्रत्यक्षीकरण | पृथ्वीराज चेम्जोङ्ग वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ४२ |
| **इजलास नं. ८** | | | ४३ – ४४ |
| ३७. | बन्दी प्रत्यक्षीकरण | HUIHUI WANG वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत | ४३ |
| ३८. | बन्दी प्रत्यक्षीकरण | जयकृष्ण राई वि. विदुर के.सी.समेत | ४४ |
| **इजलास नं. ९** | | | ४४ – ४७ |
| ३९. | बन्दी प्रत्यक्षीकरण लगायत जो चाहिने आज्ञा आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ | सुकदेव नेपाल वि. श्री उच्च अदालत पाटन, हरिहरभवन, ललितपुरसमेत | ४४ |
| ४०. | ठेक्का रकम मिनाहा सुविधा दिलाई बढी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा गरिपाऊँ | साबिक जिल्ला विकास समितिको कार्यालय, हाल जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासीसमेत वि. विष्णुप्रसाद शर्मा | ४५ |
| **इजलास नं. १४** | | | ४७ – ४९ |
| ४१. | बन्दी प्रत्यक्षीकरण | सुस्मिता मोक्तानसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४७ |
| ४२. | अधिकारपृच्छा उत्प्रेषण / परमादेशसमेत | केशव प्रसाद पौडेल वि. निक्षेप तथा कर्जा सुरक्षण कोष, केन्द्रीय कार्यालय टंगाल, काठमाडौंसमेत | ४८ |

| इजलास नं. १६ | | | ४९ – ५२ |
|---|---|---|---|
| ४३. | उत्प्रेषणसमेत | दिपेन्द्र पुरीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ४९ |
| ४४. | उत्प्रेषणसमेत | डम्बरबिक्रम कार्कीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ५० |
| ४५. | परमादेशसमेत | हिरेन्द्रबहादुर राजभण्डारी वि. मालपोत कार्यालय, कलंकी, काठमाडौंसमेत | ५१ |
| ४६. | उत्प्रेषणसमेत | बालकृष्ण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत | ५२ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WH-०१५२, बन्दीप्रत्यक्षीकरण, कृष्णकुमार भट्टराई वि. झापा जिल्ला अदालत, झापासमेत*

रिट निवेदक प्रतिवादीलाई कुल जरिवाना रु. ९,६०,९५२।५० बापत जरिवाना नतिरे साबिक मुलुकी ऐन, दण्ड सजायको ३८, ४० र ५३ नं. बमोजिम थप ४ वर्ष कैद राख्ने भनी झापा जिल्ला अदालतका तहसिलदारबाट मिति २०७१।८।९ मा कैद ठेकिदिइएको कैदपुर्जी बदर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (३)(ख) बमोजिम जरिवाना कायम गरी प्रतिदिन एक कैदबापत रु. ३०० का दरले जरिवाना कट्टा गरिपाउँ भनी झापा जिल्ला अदालतमा दिएको निवेदनमा निवेदन मागबमोजिम गर्न मिलेन भनी मिति २०७७।१०।९ मा आदेश भएपश्चात् यी रिट निवेदक प्रतिवादीले सो झापा जिल्ला अदालतको आदेश बदर गरी फौजदारी संहिता, २०७४ को दफा २४४ को उपदफा ३(ख) बमोजिम थोरै जरिवाना कायम गरी थुनामुक्त गरिपाउँ भनी निवेदन दिएकोमा कालीप्रसादको जाहेरीले वादी नेपाल सरकार भएको डाँका मुद्दामा रु. ९३,७५०।- जरिवाना भएकोले सोहीबमोजिम कायम हुने र नामनारायण राजवंशीको जाहेरीले वादी नेपाल सरकार भएको डाँका मुद्दा, रमेशकुमार राजवंशीको जाहेरीले वादी नेपाल सरकार भएको डाँका मुद्दा तथा बुधलाल राजवंशीको जाहेरीले वादी नेपाल सरकार भएको डाँका मुद्दामा जनही एक लाख / एक लाख रूपियाँ जरिवाना कायम गरी अन्य आवश्यक जे जस्तो कानूनबमोजिमको कार्यविधिगत प्रक्रिया अपनाउनुपर्ने हो अपनाई मुद्दामा सजाय कार्यान्वयन गर्नु भनी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७८।९।१ मा भएको आदेशबमोजिम झापा जिल्ला अदालतका तहसिलदारले कुल जरिवाना रु. ३,९३,७५०।- कायम गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१, १६२ र १६४ बमोजिम प्रतिदिन रु. ३००।- का दरले हुन आउने रकम कट्टा गरी जरिवाना दाखिल नगरे ३।७।८ (तीन वर्ष सात महिना आठ दिन) बापत निजको कैद सजाय भुक्तान भएको मिति २०७७।८।८ देखि २०८१।३।१५ सम्म कैदमा रहने गरी मिति २०७८।११।१८ मा कैदीपुर्जी संशोधन गरेको देखिने।

उच्च अदालत विराटनगर, इलाम इजलासबाट यी रिट निवेदक प्रतिवादी हबिब मियाँको निवेदन मागअनुसार मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) बमोजिम कैदीपुर्जी संशोधन गरिदिनु भनी मिति २०७८।९।१ मा आदेश भई सो आदेशबमोजिम झापा जिल्ला अदालतबाट मिति २०७८।११।१८ मा कैदीपुर्जी संशोधन गरेको तथ्य लुकाई प्रस्तुत रिट निवेदन दिएको देखिन्छ। एकातर्फ निज रिट निवेदकको मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) बमोजिम कैदीपुर्जी संशोधन गरिपाउँ भन्ने निवेदन मागबमोजिम उच्च अदालत विराटनगर, इलाम इजलासबाट आदेश भई सो आदेशको कार्यान्वयन झापा जिल्ला अदालतबाट भइसकेको देखिन्छ भने अर्कातर्फ सो तथ्यलाई लुकाई निजलाई डाँका मुद्दामा लागेको जरिवानाको हकमा झापा जिल्ला अदालतले विद्यमान मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(३)(ख) बमोजिम कैदीपुर्जी संशोधन नगरिदिएको भनी सत्य तथ्य लुकाई रिट निवेदन दिने यी निवेदक प्रतिवादीलाई अदालतले सहयोग गर्न नसक्ने।

रिट निवेदक प्रतिवादी हबिब मियाँसमेतउपर सुरू झापा जिल्ला अदालतमा चलेको रमेशकुमार राजवंशीको जाहेरीले वादी नेपाल सरकार भएको डाँका मुद्दासमेतका ४ थान मुद्दामा झापा जिल्ला अदालतबाट मिति २०६८।९।११ मा भएको फैसलाउपर यी रिट

निवेदक प्रतिवादीसमेतले पुनरावेदन नगरी सोही फैसला अन्तिम भई बसेको तथ्य रिट निवेदनमा नै स्वीकार गरेको देखिने।

उक्त ४ थान डाँका मुद्दामा भएको कैद र जरिवानामध्ये कैदको हकमा यी रिट निवेदकलाई कैद ठेकिदिइएको कैदीपुर्जीसमेतलाई स्वीकार गरेको र जरिवानाको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा २४४ को उपदफा (३)(ख) बमोजिम कैदीपुर्जी संशोधन गरिपाउँ भन्ने मागदाबीबमोजिम कैदीपुर्जी संशोधन गरिदिनु भनी मिति २०७८।९।१ मा उच्च अदालत विराटनगर, इलाम इजलासबाट झापा जिल्ला अदालतको नाममा आदेश भई सो आदेशबमोजिम यी रिट निवेदक प्रतिवादीको हकमा कायम हुने कूल जरिवानाको हकमा कैदीपुर्जी संशोधन गरी झापा जिल्ला अदालतबाट मिति २०७८।११।१८ मा संशोधित कैदीपुर्जी दिइसकेको र सो तथ्य लुकाई रिट निवेदन दिएको समेतका आधार प्रमाणहरूबाट झापा जिल्ला अदालतले यी रिट निवेदक प्रतिवादीसमेतउपर चलेका थान ४ डाँका मुद्दाको अन्तिम फैसला कार्यान्वयन गर्ने क्रममा कानूनबमोजिम कैद म्याद ठेकिदिइएको कैदीपुर्जीको आधारमा कारागार कार्यालय झापाबाट यी रिट निवेदक प्रतिवादी हबिब मियाँलाई थुनामा राख्ने कार्य कानूनसम्मत देखिँदा रिट निवेदन मागबमोजिम आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :– मोहन सुवेदी

कम्प्युटर :– विकेश गुरागाई

इति संवत् २०७८ साल चैत्र १५ गते रोज ३ शुभम्।

## इजलास नं.१

## २

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७०-CR-०३२७, जबरजस्ती करणी, नेपाल सरकार वि. निखिल चौधरीसमेत*

वारदातका समयमा जाहेरवाला बसन्तीकुमारी चौधरीको उमेर कति रहेको थियो भन्नेतर्फ हेर्दा पीडितले उमेर १५ वर्ष उल्लेख गरी जाहेरी दरखास्त दिएको देखिन्छ। पीडितले आफू १९ वर्ष हुँ भनी बकपत्र गरेको हुँदा पीडितको उमेर बयस्क भइसकेको (साबालक भइसकेका) भन्ने अर्थ आउने गरी बेहोरा लेखाएको देखिन्छ। मिसिल संलग्न जन्मदर्ता प्रमाणपत्रमा जाहेरवाला बसन्तीकुमारी चौधरीको जन्म मिति २०४८/१०/१२ उल्लेख भएबाट वारदात हुँदाको मिति २०६८/०४/२९ का दिन पीडितको उमेर १९ वर्ष ६ महिना १७ दिन पुगेको देखिन्छ। जाहेरवाला बसन्तीकुमारी चौधरीको उमेर के कति थियो भनी निर्धारण गर्न जन्मदर्ता प्रमाणपत्र प्रदान गर्ने आधिकारिक निकायबाट प्रमाणित गरिदिएको प्राप्त जन्म मितिलाई नै आधिकारिक मान्नुपर्ने हुन आउछ। प्रस्तुत मुद्दामा पेस भएको जाहेरवालाको जन्मदर्ता प्रमाणपत्र कहीँकतैबाट अन्यथा प्रमाणित नभएसम्म सो जन्मदर्तालाई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ। यस अवस्थामा जाहेरवाला बसन्तीकुमारी चौधरीको बकपत्र र निजको जन्मदर्ताअनुसार घटना हुँदाका बखत बसन्तीकुमारी चौधरी १९ वर्षको साबालिक महिला भन्ने देखिने।

प्रतिवादी निखिल चौधरीउपरको अभियोग दाबीबमोजिमको कानूनी व्यवस्थालाई हेर्दा साबिक मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्छ। भन्ने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत मुद्दामा जाहेरवालाको सहमतिमा करणी लिनुदिनु गरेको भन्ने बकपत्र बेहोरा र जन्मदर्ता प्रमाणपत्रअनुसार उमेर १६ वर्षभन्दा बढी उमेरको पीडित देखिँदा प्रतिवादी निखिल चौधरीको हकमा उक्त कानूनी व्यवस्था आकर्षित नहुने।

जाहेरवालाकै सहमतिमा करणी लिनुदिनु भएको भन्ने जाहेरी दरखास्तप्रतिकूल बकपत्र

जबरजस्ती करणीको अवस्था नदेखिएको भन्ने स्वास्थ्य परीक्षणसमेतबाट प्रतिवादी निखिल चौधरीले जाहेरवाला बसन्तीकुमारी चौधरीलाई जबरजस्ती करणी गरेको भन्न मिलेन । वारदातको प्रकृति तथा मिसिल संलग्न कागजातबाट प्रतिवादीले जाहेरवालाउपर अभियोग दाबीबमोजिमको कार्य नगरेको पुष्टि भइरहेको यस अवस्थामा सुरू कैलाली जिल्ला अदालतबाट प्रतिवादी निखिल चौधरीलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत दिपायलबाट भएको फैसला मिलेकै देखिने।

प्रतिवादी निखिल चौधरीले अभियोग दाबीबाट सफाइ पाउने गरी कैलाली जिल्ला अदालतबाट मिति २०६७/०३/२४ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०६८/१०/११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- ऋतु राई

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस ९ गते रोज ६ शुभम्।

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७८-WH-००७१, बन्दीप्रत्यक्षीकरण, हुसेन राई वि. ललितपुर जिल्ला अदालत*

निवेदक हुसेन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्मकैद तथा ऐ.ऐन अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम १० वर्ष कैद र रु.१,००,०००।- रूपियाँ जरिवाना र ऐ. ९ नं.बमोजिम २ वर्ष थप कैदसमेत गरी अपहरणतर्फ १२ वर्ष कैद र रू १,००,००० ।-(एक लाख रुपियाँ) जरिवानासमेत गरी कूल ३२ वर्ष कैद र रु.१,००,०००।- (एक लाख रूपियाँ) जरिवाना हुने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७०।११।२९मा भएको फैसला कर्तव्य ज्यानतर्फ ५ वर्ष कैद र अरूमा सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत पाटनबाट फैसला भएकोले सो फैसलाबमोजिम यी प्रतिवादीलाई कैद हद गरी मिति २०६८।४।२५ देखि २०८०।४।२५ सम्म १० वर्ष थुनामा राखी जरिवाना रु.१,००,०००।- (एक लाख रूपियाँ) दाखिला गरे मिति २०८०।४।२५ मा कैदबाट छाडिदिनु भनी ललितपुर जिल्ला अदालतबाट कैदीपुर्जी जारी भई थुनामा रहेको र निजले ललितपुर जिल्ला अदालतमा निजलाई लागेको जरिवाना दाखिला गरिसकेको देखिने।

निवेदकले तत्काल प्रचलित मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ९ नं मा यस महलको १, २ वा ३ नं.बमोजिमको कसुर महिला वा नाबालक विरुद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ भन्ने कानूनी व्यवस्था भएको भए तापनि हाल मुलुकी ऐन अपहरण तथा शरीर बन्धकको महलको ९ नं.को कानूनी व्यवस्थालाई मुलुकी अपराध संहिता, २०७४ ले निरन्तरता नदिई उक्त प्रावधान हटाएको अवस्थामा मलाई सो थप दुई वर्ष सजाय नहुने भएकोले थुनामुक्त गरिपाँउ भन्ने निवेदन जिकिरतर्फ हेर्दा, साबिक मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको ९ नं. मा "यस महलको १, २ वा ३ नं.बमोजिमको कसुर महिला वा नाबालक विरुद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा दुई वर्ष थप गरी सजाय गर्नुपर्छ" भन्ने व्यवस्था रहेको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २१४(३) मा दफा २११ र २१२ को कसुर सङ्गठित रूपमा गरे गराएको रहेछ भने त्यस्तो गराउने व्यक्तिलाई थप दुई वर्ष कैद सजाय हुने छ भन्ने व्यवस्था रहेको देखिन्छ। यसरी साबिकमा प्रचलनमा रहेको मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ९ नं. मा यस महलको १, २ वा ३ नं.बमोजिमको कसुर महिला वा नाबालक विरुद्ध गरिएको भए यस महलबमोजिम हुने सजायमा २(दुई) वर्ष थप गरी सजाय गर्नुपर्छ भन्ने कानूनी व्यवस्था भएअनुसार निवेदकलाई थप कैद भएकोमा हाल

प्रचलनमा रहेको मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ मा दफा २११ र २१२ को कसुर सङ्गठित रूपमा गरे गराएकोमा थप २(दुई) वर्ष कैद सजाय हुने तर महिला वा नाबालक विरुद्ध गरिएको कसुरमा थप सजायको व्यवस्था गरेको नदेखिने।

यस अदालतबाट समेत ०७७-WH-००६४, ०७७-WH-००६८ र ०७७-WH-००६९समेतका रिट निवेदनमा निवेदकलाई अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ नं. र ७ नं.बमोजिम ठहर भएको कैद निजले भुक्तान गरिसकेको देखिएको, साबिक अपहरण गर्ने तथा शरीर बन्धक लिने महलको ९ नं.बमोजिमको थप सजाय हुन सक्ने व्यवस्था हाल मुलुकी फौजदारी अपराध संहिता, २०७४ मा नरहेकोले यी निवेदकका हकमा अन्तिम भई बसेको फैसलाबमोजिम १० वर्षको कैद सजाय भुक्तान गरिसकेको देखिँदा निजलाई लागेको जरिवाना तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४२बमोजिम तत्काल बुझाउनुपर्ने क्षतिपूर्ति बुझाएको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको छ। उक्त सिद्धान्त प्रस्तुत निवेदनमा समेत आकर्षित हुने।

हुसेन राईलाई मुलुकी ऐन अपहरण तथा शरीर बन्धक लिनेको महलको ९ नं.बमोजिम नाबालकलाई अपहरण गरेबापत थप २(दुई) वर्ष कैद भएकोमा हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ मा दफा २११ र २१२ को कसुर सङ्गठित रूपमा गरे गराएकोमा मात्र थप २(दुई) वर्ष कैद सजाय हुने तर महिला वा नाबालक विरुद्ध गरिएको कसुरमा थप सजायको व्यवस्था गरेको नदेखिँदा साबिक मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलबमोजिम गरिएको उक्त थप २(दुई) वर्ष कैदको व्यवस्थासमेत लागु हुने गरी ललितपुर जिल्ला अदालतबाट मिति २०७८।०६।१२ मा दिएको संशोधित कैदीपुर्जी सो हदसम्म कानूनसम्मत मिलेको नदेखिँदा संशोधन गरिदिएको छ।

नीज निवेदकलाई लागेको मूल कैद वर्ष १०(दश) मिति २०७८।०४।२५ मा भुक्तान भइसकेको र निजलाई लागेको जरिवानासमेत तिरिसकेको अवस्थामा निजको थुना गैरकानूनी देखिएकोले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिदिएको छ।

इजलास अधिकृत :- राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल मार्ग १९ गते रोज १ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-CR-१०१८ (र.नं.०१-०६८-०६२००), ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. खोमकुमार सुनुवार*

वर्ल्डकप फुटवलको फाइनल खेल हेर्ने क्रममा बाजीको विषयमा वादविवाद भई झगडा भएकोले सोही जरियाबाट वारदात हुन गएको भन्ने देखिन्छ। यस स्थितिमा ज्यानै मार्नेसम्मको पूर्वरिसइवी तथा कुनै कारणले योजनाबद्ध तवरले हात हतियार लिई वारदातस्थलमा गई वारदात घटाएको भन्न सकिने अवस्था देखिँदैन। वारदातमा पीडितलाई लागेका घाउचोट हेर्दा घाउजाँच केस फारामबाट निजको स्थिति मर्नेसम्मको भन्ने देखिँदैन। घा-जाँच केस फाराममा २-३ से.मी. को धारिलो हतियारको चोट भन्ने उल्लेख भए तापनि नीज पीडित पूर्णरूपमा निको भइसकेको भन्ने देखिन्छ। यसबाट पीडितलाई लागेका घाउचोटको स्थिति मर्नेसम्मको भन्न नमिल्ने।

प्रस्तुत वारदात मितिमा यी प्रतिवादी खोमकुमार सुनुवारले एकपटक मात्र घाइतेको शरीरमा छुरा प्रहार गरेको भन्ने कुरा घाइतेको शरीरको पछाडिको भागमा छुराले प्रहार गरेको र एउटा मात्र चोट पटक लागेको भन्ने Injury Report बाट पुष्टि हुन आएकाले कुटपिटसम्मको वारदात गरेको देखिएको तर निजले ज्यानै मार्नेसम्मको उद्देश्यले योजनाबद्ध रूपमा मार्ने मनसायका साथ यी पीडितलाई प्रहार गरी ज्यान मार्ने उद्योगको कसुर गरेको भन्न नमिल्ने।

प्रतिवादीको उक्त कार्य तत्काल प्रचलित मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.बमोजिमको ज्यान मार्ने उद्योगसम्मको कसुर स्थापित हुन नसकी कुटपिटसम्मको कसुर गरेको भन्ने देखिन आयो । यी प्रतिवादी खोमकुमार सुनुवारलाई ज्यानसम्बन्धी महलको १५ नं.बमोजिम ५ वर्ष कैद गर्ने गरी सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रस्तुत वारदातलाई कुटपिटमा परिणत गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट भएको फैसला अन्यथा मान्न नसकिने।

मार्नु पर्नेसम्मको पूर्वरिसइवी रहे भएको नदेखिएको, वर्ल्डकप फुटबलको फाइनलमा बाजीको विषयलाई लिएर सामान्य झै-झगडा हुँदा छुरा प्रहार भएको भनी जाहेरवाला, पीडितलगायत साक्षीहरूले उल्लेख गरेको, मर्न सक्नेसम्मको घाउचोटको अभाव रहेको र कुटपिटसम्म भएको देखिएकाले यी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १५ नं.बमोजिम ५ वर्ष कैद गर्ने गरी सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रस्तुत वारदातको सम्बन्धमा कुटपिटतर्फ साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७बमोजिम सरोकारवाला व्यक्तिहरूलाई सूचना दिई झिकाइ सकार गरेमा वादी पक्ष कायम गरी कारबाही किनारा गर्ने गरी तत्कालीन पुनरावेदन अदालत राजविराजबाट मिति २०६८।३।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत :- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल पुस २३ गते रोज ६ शुभम्।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७२-CR-१०५४, चोरी (मोटरसाइकल), नेपाल सरकार वि. हरिशंकर चौधरीसमेत*

प्रतिवादीहरूको अनुसन्धानको क्रममा भएको बयानबाहेक अन्य प्रमाणबाट पनि निजहरूको कसुरमा संलग्नता रहेको पुष्टि हुनुपर्ने हुन्छ । प्रतिवादीहरूको सो बयानबाहेक अरू प्रमाणहरू निजहरूको बयानसँग मिलेमा वा मालाकार रूपमा प्रमाण देखिए मात्र निजहरूको अनुसन्धान अधिकारीसमक्ष भएको बयान प्रमाणयोग्य हुन जान्छ । प्रस्तुत मुद्दाको सन्दर्भमा जाहेरवाला रामबाबु बैठाले हरिशंकर चौधरी र निरज वि.क.ले आफ्नो मोटरसाइकल चोरी गरेकोले कारबाही गरिपाउँ भनी किटानी जाहेरी दिएको भए तापनि निजले अदालतसमक्ष चोरी गर्ने व्यक्तिहरूलाई मैले देखिन भनी बकपत्र गरेको देखिँदा निज जाहेरवालाको उक्त जाहेरीको आधारमा मात्र प्रतिवादीहरूको कसुरमा संलग्नता छ भनी मान्न नमिल्ने।

घटना सम्बन्धमा कागज गरिदिने मानिसहरूले समेत लेखाइदिएबाट यी प्रतिवादीहरूले नै चोरीको वारदात घटाएको तथ्य स्थापित भइरहेको छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रमाण ऐन,२०३१ को दफा १८ मा कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा भएको तहकिकात वा जाँचबुझको सिलसिलामा प्रचलित नेपाल कानूनबमोजिम तयार भएको कुनै लिखतमा उल्लेख भएको कुनै कुरा सो कुरा व्यक्त गर्ने व्यक्ति साक्षीको रूपमा अदालतमा उपस्थित भई बयान गरेमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा विनोद पाल, मोहनलाल बैठा र रुपनारायण बैठाले घटना विवरण कागज गरेको भए तापनि निजहरूले अदालतसमक्ष बकपत्र नगरेकोले निजहरूको भनाइ उल्लेख भएको कागजको बेहोरा उक्त कानूनी आधारमा प्रमाणमा लिन नमिल्ने।

साथै शङ्कारहित तवरले दाबी पुष्टि गर्ने प्रमाणको भार वादीमा रहने हुँदा यी प्रतिवादीहरू हरिशंकर चौधरी र निरज वि.क.ले नै रामबाबु बैठाको मोटरसाइकल चोरी गरेका हुन् भनी अनुसन्धान अधिकारीसमक्ष भएको बयानबाहेक अन्य कुनै स्वतन्त्र प्रमाणबाट वादी नेपाल सरकारले पुष्टि गर्न नसकेको हुँदा निज प्रतिवादीहरू हरिशंकर चौधरी र निरज

वि.क.ले शंकाको सुविधा पाउने।

प्रतिवादीहरू हरिशंकर चौधरी र निरज वि.क.ले नै जाहेरवाला रामबाबु बैठाको ना.१९ प.९२६० नं. को मोटरसाइकल चोरी गरेका हुन् भनी वस्तुनिष्ठ तवरबाट पुष्टि हुन नसकेको हुँदा वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन। अत: प्रतिवादीहरू हरिशंकर चौधरी र निरज वि.क.लाई आरोपित कसुरबाट सफाइ दिने गरी बारा जिल्ला अदालतबाट मिति २०७१।२।६ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत हेटौँडाबाट मिति २०७२।५।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस २६ गते रोज २ शुभम्।

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६९-CI-०२८७, ०७१-CI-०९३८, कब्जा छोडाई घर हटाई चलन, धुरुप साह रौनियार वि. रामप्रसाद ढकालसमेत, रामप्रसाद ढकाल वि. धुरुप साह रौनियार*

उल्लिखित कि.नं. १७३ को जग्गाको दक्षिणतर्फबाट कित्ताकाट गरी कि.नं. ४३७ को कित्ता कायम भएको देखिन्छ। सो कि.नं. १७३ को जग्गामा नरघटी बढी जे हुन्छ सोही कित्ताको बाँकी कित्तामा कायम हुनुपर्ने हो। साबिक दर्तावालाका नाउँमा सो कि.नं. १७३ को जग्गामध्येको जग्गा बाँकी पनि नरहेको र पुन: नापीसमेत भई विभिन्न व्यक्तिका नाउँमा दर्ता स्रेस्ता कायम भई भोग व्यवहारसमेत भइसकेको देखिएको तथ्यमा यी वादी प्रतिवादीहरूको विवाद नभएको र अन्य कायम-कित्ताका जग्गाधनी प्रस्तुत मुद्दामा पक्षसमेत कायम नभएको हुँदा साबिक कि.नं. १७३ को समुच्चा जग्गाको क्षेत्रफल र आकृति प्रकृतिका आधारमा हाल कायम कि.नं. र भोगलाई आधार लिई बिश्लेषण गरी प्रस्तुत मुद्दामा न्यायिक निश्कर्षमा पुग्न नमिल्ने।

नयाँ नापीमा कायम कि.नं. ३६ को जग्गा कित्ताकाट भएर कि.नं. १८९ १९० १९१ कायम भएको र उक्त कि.नं. १८९,१९०समेतका जग्गावालाको दर्ता स्रेस्ता र भोग सम्बन्धमा प्रतिवादीको विवाद नदेखिएको तर प्रतिवादीको कायम रहन आएको कि.नं. १९१ र कि.नं. २४१ मा प्रस्तुत मुद्दामा विवाद रहेको देखिन्छ। अदालतबाट भइआएको न.नं. ३ र न.नं. ४ मा कि.नं. ९३२ को ज.बि. ०-०-५, ९३३ को ज.बि. ०-०-५समेतको कित्तामा देखिएको क्षेत्रफलभन्दा बढी क्षेत्रफल देखिएको र सोही कित्ताको हाल कायम कि.नं. १८९ (न.नं. ३) र १९० (न.नं.४) को क्षेत्रफल र भोग फरक देखिएको सम्बन्धमा प्रतिवादीको विवाद नदेखिएपछि साबिक दर्ता स्रेस्ताबमोजिमको क्षेत्रफल कायम हुन सक्ने अवस्थासमेत नदेखिने।

कि.नं. ९५६ को जग्गा न.नं. ६, न.नं. ७ र न.नं. ८ मा भोग देखिएको वादीको जग्गाको क्षेत्रफल निजको स्रेस्तापुर्जामा रहेको ०-०-१० जग्गाभन्दा कम रहेको देखिन्छ। प्रतिवादीको भोगमा देखिएको भनिएको न.नं. ५ साबिक कि.नं. ५६४ हाल कायम कि.नं. १९१ भनी देखाइएको जग्गामध्ये दक्षिणतर्फ वादीको जग्गाको सिमाना रहेको र निजको नपुग जग्गा उक्त विवादित न.नं. ५ को जग्गाबाट लिन पाउने नै देखिन्छ। वादीको स्रेस्ताबमोजिमको जग्गामध्ये न.नं. ५ को दक्षिणतर्फबाट १ धुर जग्गामा प्रतिवादीले घरसमेत बनाई खिचोला गरेको देखिएकोले सो हदसम्मको जग्गामा रहेको प्रतिवादीको घर हटाई वादीले चलनसमेत चलाई पाउनुपर्ने देखिन्छ। मिति २०६८/११/१७ गते पुनरावेदन अदालत हेटौँडाबाट भइआएको नक्सा मुचुल्काको न.नं. ५ साबिक कि.नं. ५६४ हाल कायम कि.नं. १९१ को जग्गामध्ये दक्षिणतर्फबाट ०-०-१ धुर जग्गा मात्र खिचोला गरेको देखिन आएको अवस्थामा ०-०-८ धुर जग्गा खिचोला गरेको भन्ने वादीको पुनरावेदन जिकिरसँग सहमत

हुनसक्ने अवस्था नदेखिने।

विपक्षी धुरुप साहका नाममा मा.पो.का. पर्साबाट जारी भएको ७ दिने म्याद मिति २०६२।१०।२० मा आफैँले बुझी उक्त म्यादमा प्रतिवाद गर्न नगई नियमित प्रक्रियालाई नै नाघेर अदालत प्रवेश गरेकोले वादीको फिराद खारेज गर्ने गरी भएको पर्सा जिल्ला अदालतको फैसला सदर गर्नुपर्नेमा सो नगरी तेरो मेरोमा मालपोत कार्यलयले इन्साफ गर्न नसक्ने भन्ने तर्क गर्दै न.नं. ५ को दक्षिणतर्फ ०-०-१(धुर) जग्गामा घरसमेत बनाई खिचोला गरेको ठहर्छ भन्ने पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।१२।१९ गते भएको फैसला उल्टी गरी सुरू पर्सा जिल्ला अदालतको फैसला नै कायम हुने गरी इन्साफ पाउँ भन्ने प्रतिवादी रामप्रसाद ढकालको पुनरावेदन जिकिरतर्फ हेर्दा रामप्रसाद ढकालसमेतको नाममा रहेको जग्गा साबिकको कि.नं. ५६४ हाल कायम कि.नं. १९१ को जग्गा प्रतिवादीले हाल साबिक दर्ता स्रेस्ता गरी प्राप्त गरिसकेको देखिएन । यस अवस्थामा प्रतिवादीको हाल र साबिक क्षेत्रफल र भोग सम्बन्धमा साबिकको क्षेत्रफलभन्दा घटी बढी हुन आएमा सोहीबमोजिम क्षेत्रफल कायम हुने व्यवस्था जग्गा नाप जाँच ऐन, २०१९ को दफा ७ मा रहेको हुँदा प्रतिवादीको हालको क्षेत्रफल, साबिक क्षेत्रफल र भोग सम्बन्धमा थप विवेचना गरिरहनु नपर्ने।

प्रतिवादीले वादीका नाउँमा दर्ता स्रेस्ता कायम भइसकेको कि.नं. २४१ को जग्गामा दाबी गरी हाल साबिक गर्न निवेदन दिएको प्रमाणमा आएको मि.नं. २३४ को मिसिल प्रमाणबाट देखिन्छ । उक्त जग्गाका सम्बन्धमा वादी र प्रतिवादीबिच तेरो मेरोमा विवाद उठान भएको देखिन्छ। वादीले कानूनबमोजिम प्राप्त गरेको जग्गाको स्वामित्व सम्बन्धमा नै प्रतिवादीले विवाद उठाई तेरो मेरोको प्रश्न उठेकोमा सोको निरूपणको क्षेत्राधिकार मालपोत कार्यालयलाई रहँदैन। यस अवस्थामा वादीले निर्दिष्ट कानूनी व्यवस्थाबमोजिम अदालत प्रवेश गर्न पाउने नै हुन्छ । यस अवस्थामा वादी दाबीको जग्गामा वादीलाई मुद्दा गर्ने हकदैया नै नभएकोले वादी दाबी खारेज हुने ठहऱ्याई पर्सा जिल्ला अदालतबाट मिति २०६६।२।२८ गते भएको फैसला कायम गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र निजतर्फका कानून व्यवसायीको बहससँग यो इजलास सहमत हुन नसक्ने।

सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६६/२/२८ मा भएको फैसला उल्टी भई वादी दाबीबमोजिम न.नं. ५ को दक्षिणतर्फ ०-०-१ (धुर) सम्म पुनरावेदक वादीको कि.नं. २४१मध्येको जग्गा प्रतिवादीले घरसमेत बनाई खिचोला गरेकोले उक्त जग्गासम्मको खिचोला मेटाई चलन चलाउन पाउने ठहऱ्याई पुनरावेदन अदालत हेटौँडाबाट मिति २०६८।१२।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल असोज १० गते रोज १ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०६९-WO-०६०६, उत्प्रेषण, सलमान लतिफ राँ वि. श्रम अदालत अनामनगर, काठमाडौंसमेत*

परशुराम महतले कम्पनीलाई हानि नोक्सानी पुऱ्याउने गरी कुनै जानकारी नदिई बसेकोले कम्पनीले निजउपर कारबाही गर्ने सिलसिलामा स्पष्टीकरण माग गरी कारबाहीको प्रक्रिया अगाडि बढाइएको अवस्थामा निज परशुराम महत कम्पनीमा उपस्थित नभई राजीनामा स्वीकृत गरिपाउँ भनी निवेदन पेस गरी निजलाई कम्पनीको नियमअनुसार पाउने सेवा सुविधाबापतको सम्पूर्ण रकम भुक्तान गर्ने गरी बोटलर्स नेपाल (तराई) लिमिटेड (कम्पनी)को व्यवस्थापकबाट विपक्षी परशुराम महतको राजीनामा स्वीकार गर्दै कम्पनीको सेवाबाट अवकाश दिने गरिएको निर्णय श्रम ऐनमा उल्लेख भएअनुसार कार्यविधिलाई अवलम्बन

गरी विपक्षी परशुराम महतलाई कम्पनीको सेवाबाट हटाइएको कार्य कानूनविपरीत रहेको भन्ने नदेखिने।

कुनै कामदार वा कर्मचारीले कामको सिलसिलामा अङ्गभंग हुने गरी घाउ चोटपटक लागेको वा मृत्यु भएमा क्षतिपूर्ति पाउने छ भनी ऐनको व्यवस्थाअनुरूप परशुराम महतले क्षतिपूर्तिबापतको रकम प्राप्त गर्न सक्ने स्थिति देखिँदैन। विपक्षी परशुराम महतले दिएको राजीनामालाई कम्पनीले स्वीकृत गरी कम्पनीबाट अवकाशसहित सम्पूर्ण सेवा सुविधाको रकम निज परशुराम महतले भुक्तानी पाइसकेको अवस्थामा श्रम अदालतबाट विपक्षी परशुराम महतलाई दोहोरो सुविधा प्रदान हुने गरी क्षतिपूर्तिबापत थप १८ महिनाको तलब बराबरको रकम के कुन कानूनी आधारमा दिलाइएको हो भन्ने फैसलामा प्रस्ट हुन सकेको छैन। यसरी मनोगत तथा स्वेच्छाचारी तवरबाट थप १८ महिनाको तलब बराबरको रकम विपक्षी परशुराम महतले क्षतिपूर्तिबापत पाउने गरी भएको श्रम अदालतको फैसला कानूनविपरीत भएको स्पस्ट देखिने।

श्रम ऐन,२०४८ को दफा ५१(ग२) बमोजिम " बिनासूचना लगातार तिस दिनभन्दा बढी समयसम्म प्रतिष्ठानमा उपस्थित नभएमा।" खराब आचरण भएको मानिने छ। सोही ऐनको दफा ५०(घ) बमोजिम खराब आचरण गर्ने कामदार वा कर्मचारीलाई सेवाबाट हटाउन सक्ने छ भन्ने कानूनी व्यवस्था देखिन्छ। विपक्षी परशुराम महतले कम्पनीबाट तोकिएको कामलाई बेवास्ता गरी कम्पनी प्रति गर्नुपर्ने कर्तव्य पूर्णइमान्दारीपूर्वक पूरा नगरेको साथै ऐनले तोकिएको अवधिभन्दा पनि बढी अवधि सम्पर्कविहीन भई कम्पनीमा अनुपस्थित भएको सत्यतथ्य कम्पनीको हाजिरी किताबबाट देखिन्छ। कम्पनीबाट सोधिएको स्पष्टीकरणको जवाफ नदिई कम्पनीमा उपस्थित नभई फ्याक्सद्वारा राजीनामा स्वीकृत गरिपाउँ भनी निवेदन प्रेषण गरेको यस अवस्थामा आफ्नो दायित्त्वप्रति गैरजिम्मेवार रहेको देखिँदा निज परशुराम महतको आचरण अनुशासित असल कामदार / कर्मचारी नरहेको भन्ने नै देखिने।

विपक्षी परशुराम महतलाई सेवा सुविधाबापत सम्पूर्ण रकम दिई कम्पनीको सेवाबाट अवकाश गरिसकेपश्चात् निजले क्षतिपूर्तिको माग दाबी नलिई सेवा सुविधासहित कम्पनीमा पुनर्वहाली गरिपाउँ भनी दोहोरो सुविधा लिन वदनियतकासाथ पुनरावेदन गरेको यस स्थितिमा ऐन कानून तथा प्रमाणहरूको मूल्याङ्कन नै नगरी क्षतिपूर्ति दिलाउने गरी श्रम अदालतबाट मिति २०६९/०५/२७ मा भएको फैसलाले निवेदक कम्पनीलाई नोक्सान पुगेको र विपक्षी परशुराम महतलाई अनुचित लाभ (Unlawful enrichment) पुग्न गएको देखिन्छ। कम्पनी र विपक्षी परशुराम महतका बिचमा एकपटक विवादको पूर्णरूपमा settlement भइसकेपश्चात् दोहोरो सुविधा पाउने गरी श्रम अदालतबाट भएको फैसला कानूनसङ्गत भएको भनी मान्न नसकिने।

श्रम अदालतबाट क्षतिपूर्ति दिलाउने गरी भएको फैसलाबाट निवेदक/कम्पनीले विपक्षी परशुराम महतलाई अकारणमा रकम भुक्तानी गर्नुपर्ने देखिन आएकोले निवेदक/कम्पनीको नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(३)(च) र १९(१) (२) द्वारा प्रदत्त स्वतन्त्र रूपले पेसा रोजगार उद्योग व्यापार गर्ने र सम्पत्तिसम्बन्धी हकहरू हनन् भएको देखिन आएकोले विपक्षी परशुराम महतले थप १८ महिनाको तलब बराबरको रकम क्षतिपूर्ति पाउने गरी श्रम अदालतबाट भएको सोहदसम्म फैसला उत्प्रेषणद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदकको निवेदन दाबी अन्यथा नदेखिने।

बोटलर्स नेपाल (तराई) लिमिटेड (कम्पनी) बाट विपक्षी परशुराम महतले थप १८ महिनाको तलब बराबरको रकम क्षतिपूर्ति पाउने गरी श्रम अदालतबाट मिति २०६९/०५/२७ मा भएको फैसला उत्प्रेषणको

आदेशद्वारा बदर गरिदिएको छ।

इजलास अधिकृत : ऋतु राई

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल असोज ११ गते रोज २ शुभम्।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुङ्गाना,** *०७२-CR-१४६२, नकबजनी चोरी, नेपाल सरकार वि. रुपक शर्मा मैनालीसमेत*

मिति २०६८।११।२ गते काठमाडौं जिल्ला, सितापाइलास्थित मैले सञ्चालन गरेको फ्लोरिङ्ग एन्ड फर्निसिङ्ग पसलबाट जम्मा रु.१५,२५,१७९।– बराबरको धनमाल चोरी भएको हुँदा कारबाही गरिपाउँ भन्ने हुलिया निवेदन र प्रतिवादीहरू प्रवेश बस्नेत र रुपक शर्मा मैनालीले जाहेरीमा उल्लिखित धनमालहरू चोरी गरी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.१० थापागाँउस्थित फ्लोरिङ्ग एन्ड फर्निसिङ्ग पसल खोलिराखेको अवस्थामा फेला परेको हुँदा कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको किटानी जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिने।

प्रतिवादीहरूले जाहेरवालाको घर पसलको ढोका बन्द रहेकोमा यिनै प्रतिवादीहरूले फोरी वा खोली सामान चोरेको हो भन्ने कुरा जाहेरवालाको भनाइबाहेक अन्य कुनै प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरू रुपक शर्मा मैनाली र प्रबेश बस्नेतले उल्लिखित कानूनी व्यवस्थाको उल्लङ्घन गरेको हो भनी मान्न मिलेन। साथै मिसिलसाथ पेस भएको बिल भर्पाई बरामदित सामानको परिणामसँग मेल नखाएको हुँदासमेत उक्त बिल भर्पासमेत प्रमाणयोग्य नदेखिने।

प्रतिवादीहरू रुपक शर्मा मैनाली र प्रवेश बस्नेतले नै सामान चोरेको हो भनी वस्तुनिष्ठ तवरबाट पुष्टि नभएको वारदात भएको करिब ५ महिनापछि सामान बरामद भएको स्थिति र दुवै पक्षले बरामदित सामान आफ्नो हो भनी दाबी लिइरहेको अवस्थामा केवल शंका र जाहेरीको आधारमा मात्र प्रतिवादीहरूलाई दोषी कायम गर्न नमिल्ने।

रुपक शर्मा मैनाली र प्रबेश बस्नेतलाई सुरू काठमाडौं जिल्ला अदालतबाट जनही एक महिना पन्ध्र दिन कैद तथा बिगो रु.२,२५,२१५।– को डेढो बढाई रु.३,३७,८८२।५० जनही जरिवाना र चोरीको धनमाल जाहेरवालाले भरी पाउने गरी मिति २०६९।८।१७ मा भएको फैसला उल्टी भई प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस २६ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-१६९२, जबरजस्ती करणी, तौलेश्वर कोहार वि. नेपाल सरकार*

पुनरावेदक/प्रतिवादी तौलेश्वर कोहारले परिवर्तित नाम ५१"च"लाई आफ्नो घरमा बोलाई निजको मुखमा जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्तको बेहोरा रहेको पाइन्छ। जाहेरवालाले जाहेरी बेहोरालाई समर्थन गरी अदालतमा समेत बकपत्र गरेको देखिन्छ। पीडित भनिएका परिवर्तित नाम ५१"च" ले अनुसन्धान अधिकारी र अदालतसमक्ष बकपत्र गर्दासमेत मलाई प्रतिवादीले आफ्नो घरभित्र लगि केहीबेरसम्म करणी गरेका हुन् भनी घटनाक्रमसमेत उल्लेख गरी लेखाइदिएका छन्। मौकामा बुझिएका असर्फी बढईले मौकामा र अदालतमा बकपत्र गर्दा प्रतिवादी तौलेश्वरले पीडितलाई मुखमा अप्राकृतिक तरिकाले जबरजस्ती करणी गरेका हुन् भनी लेखाइदिएको देखिएको छ। जाहेरवालाको किटानी जाहेरी र सोको समर्थन हुने गरी निजले सुरू अदालतमा गरिदिएको बकपत्र, पीडितको अनुसन्धानमा लेखाइदिएको बेहोरा र अदालतमा गरिदिएको बकपत्र, मौकामा बुझिएका

व्यक्तिहरूको भनाइजस्ता प्रमाणहरूबाट पुनरावेदक/प्रतिवादीले परिवर्तित नाम ५१"च" को मुखमा मैथुन गरी जबरजस्ती करणीको कसुर गरेको भन्ने देखिएको छ । निजहरूको भनाइ एकआपसमा समर्थित रहेको पाइएको छ । यी पुनरावेदक/प्रतिवादीले कसुर नगरेको भए ८ वर्ष उमेरका नाबालक निज परिवर्तित नाम ५१"च" ले घटनाक्रमसहित आफूउपर कसुर गरेको भनी भन्न सक्ने अवस्था हुँदैनथ्यो । निजले त्यसरी आरोप लगाउनुपर्ने कुनै कारण रहेभएको पनि देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा १० मा कुनै काम, घटना वा अवस्थाका सम्बन्धमा सो काम घटना वा अवस्थाबाट पीडित भएका व्यक्तिले मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिनु हुन्छ भन्ने व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाका आधारमा निज पीडितको मौकाको र अदालतको भनाइलाई अन्य प्रमाणबाट गलत साबित नभएसम्म सत्य नै मानी प्रमाणका रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । प्रतिवादीले कसुर इन्कार गरेको र निजको साक्षीले पनि उक्त इन्कारी बयानको समर्थनमा बकपत्र गरिदिए पनि घटना भएको परिस्थिति र उपर्युक्तानुसारको परस्पर समर्थित भनाइको आधारमा निजहरूको भनाइलाई सत्य मान्न सकिदैँन । त्यसैले यी पुनरावेदक/प्रतिवादीले आफ्नो यौन चाहना पूरा गर्न परिवर्तित नाम ५१"च" को मुखमा मैथुन गरी मुखमा नै वीर्य स्खलन गराई आफ्नो यौन चाहना पूरा गरेको देखिने ।

पुनरावेदक/प्रतिवादी तौलेश्वर कोहारले वर्ष ८ का नाबालक परिवर्तित नाम ५१"च"लाई अप्राकृतिक मैथुन गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ९क नं.बमोजिमको कसुर गरेको देखिएकोले निजलाई अभियोग माग दाबीअनुसार मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय १अनुसार दश वर्ष कैद सजाय र ऐ. ९क नंअनुसार छ महिना कैदको थप सजायका साथै निज प्रतिवादीबाट रु. २५,०००/ पीडित परिवर्तित नाम ५१"च" ले क्षतिपूर्तिबापत भराइपाउने ठहर्‍याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७३/८/१५ मा भएको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७४/५/६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- यदुराज शर्मा

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल माघ १० गते रोज २ शुभम् ।

## १०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CI-००९५ (र.नं.०१-०७५-०१३३९), हक कायम दर्तासमेत, यादवप्रसाद महर्जन वि. बेखा महर्जनसमेत*

वादी प्रतिवादीबिचमा अंशबन्डा भई आ-आफूले बन्डाअनुसार जग्गा दर्ता गरेको कुरामा पनि विवाद छैन । तर अंशबन्डाअनुसार जग्गा दर्ता गर्दा दाबीको जग्गाबाट प्रतिवादीले अंशबापत जग्गा दर्ता गराएको छ,छैन भन्नेतर्फ पनि हेर्नुपर्ने हुन्छ । प्रतिवादीले यस अदालतको २०२२ सालको फैसलाअनुसार २०३८ सालमा जग्गा नामसारी दर्ता गराउँदा दाबीको जग्गाबाट पनि अंश लिएपाएको कुरा मिसिलबाट देखिँदैन । उक्त जग्गा वादीका पिता आशा महर्जनकै नाउँमा नापी भई दर्ता प्रमाणित हुन बाँकी रहेको कारण सोबाट प्रतिवादीले अंश पाएको अवस्था देखिँदैन । त्यसै गरी प्रतिवादीले मालपोत कार्यालयमा प्रतिदाबी गर्दा दाबीको जग्गा बाजे लतमान महर्जनको लगतभित्र पर्दैन भने पनि सोही प्रतिदाबीमा दाबीको जग्गा यादवप्रसाद महर्जनको नाउँमा दर्ता हुने वा भिड्ने नै भएको अवस्थामा सोमा मेरोसमेत हक लाग्ने हो, यादवप्रसाद महर्जनको एकलौटी हक लाग्ने होइन भनी जिकिर लिएको अवस्थासमेतबाट निजले आफ्नो हकदाबी छाडिसकेको भन्न नमिल्ने ।

दाबीको जग्गा वादी यादवप्रसाद महर्जनको पिता आशा महर्जनको नाउँमा नापी भएको देखिए पनि उक्त जग्गा वादी प्रतिवादीका बाजे लतमान महर्जनको लगतबाट आएकोमा विवाद भएको देखिँदैन । यस

अदालतबाट २०२२ सालमा भएको फैसलाबमोजिम ५ खण्डको आधा जग्गा प्रतिवादी बेखा महर्जनले २०३८ सालमा नामसारी दर्ता गराएको भए पनि दाबीको जग्गासमेतबाट अंश पाइसकेको अवस्था नदेखिएकोले दर्ता बाँकी रहेको दाबीको जग्गाबाट वादी प्रतिवादीले आधा आधा जग्गामा हक कायम दर्तासमेत हुने ठहऱ्याएको सुरू अदालतको फैसलालाई सदर गर्ने गरी उच्च अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नदेखिने।

साबिक कालिमाटी वडा नं. १ ख को कि.नं. ६७ को क्षेत्रफल ०-४-१-० हाल नयाँ नापीमा कायम कि.नं. २७९, १८४ र १८७ को जग्गा वादी यादवप्रसाद महर्जन र प्रतिवादीमध्येका बेखा महर्जनको आधा आधा हक कायम भई दर्ता हुने ठहऱ्याई भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।२।८ को फैसलालाई सदर गरेको उच्च अदालत पाटनबाट मिति २०७३।१२।०७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रकाश सुवेदी
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल माघ ४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७५-CI-००९४ (र.नं.०१-०७५-०१३३७), हक कायम दर्तासमेत, यादवप्रसाद महर्जन वि. बेखा महर्जनसमेत मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

११

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७०-CI-१२९२, परमादेश, अम्बिकादेवी मगर वि. सप्तरी जिल्ला हुलाक कार्यालय, राजविराजसमेत*

न्यायिक निरूपणको मूल विषय यी पुनरावेदक अम्बिकादेवी मगर सप्तरी जिल्ला हुलाक कार्यालय राजविराजमा कार्यरत राष्ट्रसेवक (कर्मचारी) रही निजको अवकाश हुँदा निजको संचित भएको बिदा र औषधी उपचारबापत प्राप्त गर्ने रकममा आयकर ऐन, २०५८बमोजिम कर लाग्ने हो होइन ? निजले अवकाश प्राप्त गर्दा संचित बिदा तथा औषधी उपचारबापतको रकममा कर कट्टी गरेको कार्य प्रचलित कानूनविपरीत छ छैन ? भन्ने नै रहेको देखिन्छ। तत् सम्बन्धमा आयकर ऐन, २०५८ मा भएको कानूनी व्यवस्था हेर्दा उक्त ऐनको दफा ८ मा रोजगारीबाट भएको आयको गणनासम्बन्धी व्यवस्था भई उक्त दफा ८ को उपदफा (२) मा "रोजगारदाताबाट कुनै आय वर्षमा प्राकृतिक व्यक्तिलाई दिइएका देहायका भुक्तानीहरू त्यस्तो प्राकृतिक व्यक्तिको सो आय वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्ने छ" भनी, सोही उपदफा (२) को खण्ड (क) मा "ज्याला, तलब, बिदाबापतको रकम, अतिरिक्त समय काम गरेबापतको रकम, शुल्क, कमिशन, पुरस्कार, उपहार, बोनस र अन्य सुविधाहरूबापतको भुक्तानी", ऐ. खण्ड (ङ) मा "रोजगारीको अन्त्य, नोक्सानी वा अनिवार्य अवकाशबापत गरिएका भुक्तानी ऐ. खण्ड (छ) मा "रोजगारीका सम्बन्धमा गरिएका अन्य भुक्तानी " भन्ने उल्लेख गरी करयोग्य आयका सम्बन्धमा व्यवस्था गरिएको पाइन्छ। उक्त कानूनी व्यवस्थाअनुसार यी पुनरावेदक निवेदिकाले अवकाश प्राप्त गर्दा निजको संचित बिदा र औषधोपचारबापत प्राप्त गर्ने रकमसमेत करयोग्य आयको रूपमा गणना हुने प्रकृतिको नै रहेको देखिन्छ। उक्त करयोग्य आयबाट कानूनबमोजिमको कर कट्टी गरी बाँकी रकम यी पुनरावेदकलाई भुक्तानी गरेको प्रत्यर्थी कार्यालयको कार्यले निवेदकको संविधान तथा कानूनप्रदत्त हकमा कुनै आघात परेको मान्न मिलेन। कानूनबमोजिम कर नलाग्ने आयमा कर कट्टी गरिएको भनी पुनरावेदकले जिकिर लिए पनि सोको आधार स्पष्ट खुलाउन नसकेको।

कानूनको नजरमा सबै समान हुने र कानूनले तोकेबमोजिमको कर बुझाउनु नागरिकको कर्तव्यसमेत रहन्छ। आयको अनुपातअनुसार न्यून आय हुने व्यक्तिको करकट्टी पनि न्यून र बढी आय हुनेको करकट्टी रकम बढी हुन सक्ला तर आफ्नो दायित्वको कर तिर्नु

सबै दायित्ववालाको कर्तव्य हुने हुँदा कर नै तिर्न नपर्ने गरी उदार व्याख्या गरिनुपर्ने भन्ने पुनरावेदकको जिकिर संविधान र प्रचलित कानूनअनुरूपको नहुँदा मनासिब मान्न नसकिने।

रिट निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।३।९ मा भएको आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस १६ गते रोज ६ शुभम्।

१२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-०६७८, जबरजस्ती करणी, नेपाल सरकार वि. प्रेम सुनार*

प्रेम सुनारले आफ्नो घरमा तरकारी छ बच्चालाई लिन पठाउनु भनेकोले मैले मेरो छोरी परिवर्तित नाम कञ्चनपुर (ग) कुमारीलाई निजको घरमा पठाउँदा निजले मेरो छोरीको मुख च्यापी लुगा फुकाली आफ्नो लिङ्ग छोरीको योनाङ्गमा घुसाई जबरजस्ती करणी गरेको भनी छोरीले भनेकोले निजलाई कारबाही गरिपाउँ भनी जाहेरी दरखास्त दिएको पाइएको छ । प्रत्यर्थी/प्रतिवादी प्रेम सुनारले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा निज पीडित तरकारी लिन मेरो घरमा आएको अवस्थामा आफूले निजलाई काखमा बसाल्दा आफू एक्कासि उत्तेजनामा आई निजले लगाएको सुरुवाल फुकाई तलबाट करणी गरी पीडितको शरीरमा नै वीर्य स्खलन भएको थियो भनी कसुरमा साबित रही घटनाक्रमसमेत उल्लेख गरी बयान गरेको देखियो । सोही बेहोरासँग मिल्ने भिड्ने गरी पीडित भनिएकी परिवर्तित नाम कञ्चनपुर (ग) कुमारीले अनुसन्धानका क्रममा घटना विवरण कागजमा लेखाइदिएको पाइएको छ । प्रत्यर्थी/प्रतिवादीले अदालतमा बयान गर्दा पीडित आफ्नो काखमा बसेको अवस्थामा आफूले रक्सी खाएको हुँदा वीर्य स्खलन भएको करणी गरी वीर्य स्खलन भएको होइन भनी लेखाइदिएका छन्। पीडित र जाहेरवालाले अदालतमा प्रत्यर्थी/प्रतिवादीले जबरजस्ती करणी नगरेको भनी प्रतिकूल बकपत्र गरिदिएको देखिन्छ । प्रत्यर्थी/प्रतिवादीको घरको करणी गरेको कोठाबाट बरामद भएको भनिएको निजले वीर्य पुछेको भनी सनाखत गरिदिएको रुमालको परीक्षण प्रतिवेदनमा Human Semen was detected भन्ने उल्लेख भएको।

यसरी प्रत्यर्थी/प्रतिवादीउपर किटानी जाहेरी रहेको छ। सो जाहेरीको बेहोरा निजको अनुसन्धानको बयान, पीडित भनिएकी परिवर्तित नाम कञ्चनपुर (ग) कुमारीले गरिदिएको घटना विवरण कागज र बरामद भएको रुमालको परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट समर्थित हुन आएको देखिन्छ। पीडितको अनुसन्धानको भनाइमा र प्रतिवादीको बयान बेहोरामा वारदात हुँदाको घटनाक्रमसमेत उल्लेख भएको पाइएको छ । दुवैले उल्लेख गरिदिएका घटनाक्रम परस्पर मिले भिडेको देखिन्छ । यस्तो परस्पर समर्थित रहेका अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरूलाई प्रमाणको रूपमा ग्रहण गर्न नमिल्ने हुँदैन। प्रमाण ऐन, २०३१ को दफा १०अनुसार पनि कुनै काम वा घटनाका सम्बन्धमा पीडित र प्रतिवादीले मौकामा व्यक्त गरेको कुरालाई प्रमाणमा लिनुपर्ने नै हुन्छ। प्रत्यर्थी/प्रतिवादीले अनुसन्धानका क्रममा व्यक्त गरेको कुरालाई प्रमाणका रूपमा ग्रहण नगर्न प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिमको अवस्थाहरू नरहेको पनि प्रस्तुत मुद्दाको सन्दर्भमा देखिएको छैन। जाहेरवाला र पीडित दुवैले अदालतमा अनुसन्धानमा लेखाएकोभन्दा प्रतिकुल (Hostile) भएर बकपत्र गरे पनि परस्पर समर्थित अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरू र स्वयं प्रतिवादीको आफूले पीडितलाई काखमा राखेकोमा आफ्नो वीर्य स्खलन भएको भन्ने अदालतको बयानसमेतका आधारमा निजहरूको अदालतको प्रतिकूल (Hostile) बकपत्र बेहोरालाई सत्य मान्न नसकिने।

प्रतिवादीले अदालतमा गरेको बयानमा

उल्लेख गरिदिएको जस्तो नाबालकलाई काखमा राख्नेजस्ता गतिविधि गरी वीर्य स्खलन गराई यौन सन्तुष्टि लिएको मात्र भए पनि यौन सन्तुष्टि लिने मनसाय र यौन सुन्तुष्टि लिने कार्य दुवै पूरा भएको स्पष्ट भएकोले त्यस्तो कार्यलाई जबरजस्ती करणीको उद्योगमा मात्र सीमित गर्न सकिँदैन । त्यस्तो कार्य जबरजस्ती करणीको कसुर नै हुन जान्छ । त्यसैले यी प्रत्यर्थी/प्रतिवादीको कार्यलाई जबरजस्ती करणीको उद्योग ठहऱ्याई जबरजस्ती करणीको उद्योगमा सजाय गर्ने गरी उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासबाट भएको फैसला मिलेको देखिएन । प्रत्यर्थी/प्रतिवादीले अभियोग दाबीअनुसार ९ वर्ष उमेरको नाबालक परिवर्तित नाम कञ्चनपुर (ग) कुमारीलाई करणी गरी जबरजस्ती करणीको कसुर गरेको देखिने ।

प्रत्यर्थी/प्रतिवादी प्रेम सुनारले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३ नं. को देहाय १ को कसुर गरेको ठहऱ्याई निजलाई १० (दश) वर्षको कैद सजाय र निजबाट पीडिले रु. ५०,०००/ (पचास हजार) क्षतिपूर्तिसमेत भराइपाउने ठहऱ्याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०७३/२/२६ मा भएको फैसला केही उल्टी गरी प्रत्यर्थी/प्रतिवादीलाई ऐ. महलको ५ नं.अनुसार जबरजस्ती करणीको उद्योगको कसुरमा ७ (सात) वर्ष ६ (छ) महिना कैद सजाय हुने ठहऱ्याई पुनरावेदन अदालत दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७४/३/२६ मा भएको फैसला केही उल्टी भई निज प्रत्यर्थी/प्रतिवादी प्रेम सुनारलाई १० (दश) वर्ष कैद र निजबाट पीडित परिवर्तित नाम कञ्चनपुर (ग) कुमारीले रु. ५०,०००/ (पचास हजार) क्षतिपूर्तिसमेत भराइपाउने ।

इजलास अधिकृत :- यदुराज शर्मा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल माघ १० गते रोज २ शुभम् ।

**१३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२२००, जबरजस्ती करणी, राजेन्द्र आचार्य वि. नेपाल सरकार*

पुनरावेदक/प्रतिवादी राजेन्द्र आचार्यले परिवर्तित नाम महाराजगन्ज ११८लाई आफूले करणी गरेको भनी पुनरावेदन पत्रमा समेत स्वीकार गरेकोले करणी गरेको तथ्य निर्विवाद रहेको पाइयो । अब उक्त करणी जबरजस्ती करणी हो वा होइन ? भन्ने विषयको नै निरूपण गर्नुपर्ने हुन आयो । यस सम्बन्धमा हेर्दा, म सामाखुसी चोक स्थित सडक किनारामा आफ्ना आफन्तहरूलाई भेटन हिँडिरहेको अवस्थामा यी पुनरावेदक/प्रतिवादी राजेन्द्र आचार्यले आफू प्रहरी कर्मचारी भएको र मलाई प्रहरी कार्यालयमा जानुपर्ने भनी जबरजस्ती मोबाइल फोनसमेत आफ्नै नियन्त्रणमा लिई मोटरसाइकलमा चढाई मित्रनगरको "द वेष्ट" होटेलको कोठाभित्र लगि ज्यान मार्ने धम्की दिई मेरो मन्जुरीबिना जबरजस्ती करणी गरी सो बारेमा कसैलाई बताएमा ज्यान लिने धम्की दिई सोही मोटरसाइकलमा ग्रान्डी अस्पतालअगाडि छोडी फरार भएको भनी परिवर्तित नाम महाराजगन्ज ११८ ले घटनाक्रमसमेत उल्लेख गरी जाहेरी दरखास्त दिएको देखिन्छ । निजले अदालतमा गरिदिएको बकपत्रमा पनि सोही बेहोरा लेखाइदिएको पाइएको छ । जाहेरी दरखास्त र जाहेरवालाको अदालतको बकपत्रको बेहोरा एक आपसमा मिल्न भिड्न गई परस्पर समर्थित हुन गएको छ । यस्तो परस्पर समर्थित भनाइको बेहोरा अन्य वस्तुगत प्रमाणबाट अन्यथा पुष्टि नभएसम्म असत्य मान्न सकिँदैन । उल्लिखित परस्पर समर्थित भनाइबाट यी पुनरावेदक/प्रतिवादी राजेन्द्र आचार्यले जाहेरवाला परिवर्तित नाम महाराजगन्ज ११८लाई आफू प्रहरी कर्मचारी भएको भनी निजलाई प्रहरी कार्यालयमा जानुपर्ने भनी झुक्याई आफूसँग लगि होटेलमा पुऱ्याई त्यहाँ करणी गर्न नदिए ज्यान मार्ने धाक धम्की तथा डर त्रास देखाई यौनसम्पर्क गर्न बाध्य पारी करणी गरेको तथ्य स्थापित हुन आएको छ । पुनरावेदक/प्रतिवादी राजेन्द्र आचार्यले अनुसन्धानका क्रममा र अदालतमा बयान गर्दा निज परिवर्तित नाम

महाराजगन्ज ११८लाई अरूले चिनाइदिएर पहिलो पटक सामाखुसी चोकमा भेटी करणी गर्ने सहमति भएपछि मोटरसाइकलमा राखी मित्रनगरमा रहेको द वेष्ट नामक गेष्ट हाउसको कोठामा लगि सहमतिमा नै करणी गरेको भनी लेखाइदिएको भए पनि निजको भनाइ कतैबाट समर्थित हुन नसकेको।

पुनरावेदक/प्रतिवादी राजेन्द्र आचार्यले जाहेरवाला परिवर्तित नाम महारागन्ज ११८लाई भेटी प्रहरीमा जानुपर्ने भनी मोबाइल आफ्नो नियन्त्रणमा लिई होटेलमा लगेको र होटेलमा करणी गर्न नदिए ज्यान मार्नेजस्तो धाक धम्की, डर त्रास देखाई करणीका लागि बाध्य पारेको भन्ने तथ्य पुष्टि भइसकेको छ । यसरी धाक, धम्की, डर, त्रास र झुक्यानमा पारी बाध्यात्मक अवस्थाको सिर्जना गरी करणी गरेकोलाई उल्लिखित कानूनी व्यवस्थाका आधारमा जबरजस्ती करणी नै मान्नुपर्ने हुन्छ । अदालतमा बयान गर्दा पुनरावेदक/प्रतिवादीले सहमतिमा नै करणी भएको भनी बयान गरे पनि निजले जाहेरवालालाई डर धाक नदेखाएको वा अनुचित प्रभावमा नपारेको जाहेरवाला आफ्नै इच्छाअनुसार करणीको लागि सहमत भएको भनी तथ्यसहित भन्न सकेको छैन । पुनरावेदक/प्रतिवादीले आफ्नो बयानमा परिवर्तित नाम महाराजगन्ज ११८लाई पहिला नचिनेको अर्को व्यक्तिले देखाइदिएकोले नजिक गई करणीको कुरा गर्दा सहमति दिएको भनी लेखाइदिएको देखिन्छ । नचिनेको महिलाले पहिलो पटक भेट हुँदा नै करणीको लागि सहमति दिएको भनाइ आफैँमा विश्वासलायक मान्न सकिँदैन । पुनरावेदक/प्रतिवादीले उल्लिखित तरिकाले कसुर नगरेको भए निज जाहेरवालाले आफ्नो इज्जतसँग प्रत्यक्ष जोडिएको यस्तो विषयमा निजलाई आरोप लगाउनुपर्ने अवस्था तथा कुनै कारणसमेत रहेभएको पाइँदैन । यसबाट पुनरावेदकको सहमतिमा करणी गरेको भन्ने भनाइ निज स्वयंको बयान बेहोरा र अन्य कतैबाट पनि समर्थित हुन नसकेको।

पुनरावेदक/प्रतिवादी राजेन्द्र आचार्यले वर्ष २३ को परिवर्तित नाम महाराजगन्ज ११८लाई जबरजस्ती करणी गरेको पुष्टि भएकोले निज पुनरावेदकलाई अभियोग दाबीअनुसार जबरजस्ती करणीको महलको १ नं.अनुसारको कसुरमा ऐ. को ३ नं. को देहाय ५बमोजिम ५(पाँच) वर्ष कैद सजाय हुने र पीडितले प्रतिवादीबाट रू.२५,०००।- (पच्चिस हजार रूपियाँ) क्षतिपूर्तिस्वरूप भराइपाउने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७५/२/१० मा भएको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत पाटनबाट मिति २०७५।६।९ मा भएको फैसला मिलेकै देखिएकोले सदर हुने।

इजलास अधिकृत :- यदुराज शर्मा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल माघ १० गते रोज २ शुभम्।

- यसै लगाउको ०७५-CR-२१९९, जबरजस्ती करणी, राजेन्द्र आचार्य वि. नेपाल सरकार मुद्दामा यसैनुसार फैसला भएको छ।

१४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७६-CR-१०९४, कर्तव्य ज्यान, रत्न तामाङ वि. नेपाल सरकार*

संलग्न मिसिल अध्ययन गर्दा मिति २०७५।०५।०३ गतेका दिन यी प्रतिवादी र मृतकसमेत जिल्ला संखुवासभा मादी न.पा. वडा नं. ०९ स्थित रक्ते जंगलको देउराली भन्ने स्थानमा भरुवा बन्दुक बोकी घरबाट निस्किएको र बालीनाली नोक्सान गर्ने जंगली जनावरहरूजस्तो लागेर तर्साउने क्रममा ऐ. गतेको १८:०० बजेको समयमा रत्न तामाङले हानेको भरुवा बन्दुकको छर्राले लागेर तत्काल सो स्थानमा माइला भाइ हस्तबहादुर तामाङको मृत्यु भएको र निजहरूबिच विगतमा कुनै प्रकारको मनमुटाव रिसइबी नरहेको भन्नेसमेतको बेहोराको मृतकका दाजु वीरबहादुर तामाङको जाहेरी दरखास्त परी प्रस्तुत मुद्दाको अनुसन्धान भएको पाइयो । मृतकको घटना जाँच प्रकृति मुचुल्कामा लासको अनुहारको पूरै भागमा

रगतले पोतिएको भन्नेसमेत बेहोरा उल्लेख भएको देखिन्छ । साथै शव परीक्षण प्रतिवेदनमा "Firearm injuries to the head and chest" भन्नेसमेत बेहोरा उल्लेख भएबाट हस्तबहादुर तामाङको मृत्यु गोली लागी कर्तव्यबाट भएको तथ्य निर्विवाद देखिने।

अर्का प्रतिवादी रत्न तामाङको सम्बन्धमा विचार गर्दा निजले अनुसन्धान अधिकारी र अदालतसमक्ष बयान गर्दा मृतक दाजुलाई आफूले चलाएको गोली लागी मरेको भनी साबिती बयान गरेको पाइन्छ । घटनामा यी प्रतिवादी, मृतक र कृष्णबहादुर तामाङसँगसँगै सिकार खेल्न गएको अवस्थामा चश्मदिद गवाहको रूपमा रहेका सहप्रतिवादी कृष्णबहादुर तामाङले अनुसन्धान अधिकृतसमक्ष तथा अदालतसमक्ष गरेको बयानबाट सो पुष्टि भएको देखिन्छ । मृतकको पत्नी पूजा तामाङ र जाहेरवाला वीरबहादुर तामाङले समेत जाहेरी बेहोरालाई समर्थन गर्दै अदालतमा बकपत्र गरेको पाइन्छ । मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ (१) मा "कसैले कुनै काम गर्दा साधारणतया मानिसको ज्यान जान सक्छ भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कारण हुँदाहुँदै त्यस्तो काम गर्न हुँदैन" भनी परिभाषा गरेको पाइन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी कृष्णबहादुर तामाङले आफूले चलाएको गोली मृगलाई हानेको भए पनि सोको सट्टा दाजु हस्तबहादुर तामाङलाई लाग्न गएको भनी गरेको बयानसमेतका आधारमा हस्तबहादुर तामाङलाई मार्ने कार्यमा यी प्रतिवादीको संलग्नता थिएन भन्न नसकिने।

प्रतिवादीसमेतलाई अवैध हतियार प्रयोग गरी वन्यजन्तु मार्ने उद्देश्यले हानेको अभियोगमा हातहतियार खरखजाना मुद्दामा ६ महिना कैद र रू.५,०००।– जरिवानासमेत भएको देखिन्छ । प्रतिवादीको कार्यबाट मानिसको मृत्यु हुनु सामान्य कुरा होइन । साथै प्रतिवादीले गैरकानूनी रूपमा राखिएको बन्दुकबाट गोली पड्काउने (Fire) कार्य र मृगलाई मार्ने योजना दुवै कार्य कानूनबमोजिम थियो वा क्षम्य मानिएको विश्वास गरी भएको थियो भन्न सकिने भएन । साथै अवैध हतियार प्रयोग गरी मृगजस्तो संरक्षित वन्यजन्तुलाई मार्ने उद्देश्य भनी गरेको ७ कार्य निज प्रतिवादीको असल नियतबाट सम्पन्न भएको हो भनी मान्न सकिने अवस्था देखिँदैन । यसबाट प्रतिवादीले जिकिर लिएजस्तो तथ्यको भ्रम (Mistake of Fact) को सिद्धान्त आकर्षित हुने नदेखिने।

प्रतिवादीसमेतले बन्दुकजस्तो घातक हतियारलाई लिई मृग मार्ने योजनासमेत बनाइ हिडेको भनी स्वीकारी बयान गरेको देखिन्छ। यसै क्रममा मृगलाई मार्ने भनी ताकेर गोली हानेको तर सो गोली मृतकलाई लाग्न गएको भन्ने प्रतिवादीको बयानसमेतबाट निजको कार्य लापरबाहीपूर्ण वा हेलचेक्र्याइँको वारदात हो भनी मान्न सकिने भएन । यसबाट प्रतिवादीले मुलुकी अपराध संहिता, २०७४ को ऐ.ऐनको दफा १८१ र १८२बमोजिमको परिभाषाभित्रको कसुर भई सोबमोजिमको सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग समेत सहमत हुन सकिएन । यसर्थ संखुवासभा जिल्ला अदालतबाट प्रतिवादी रत्न तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८(१) बमोजिमको कसुरमा सोही ऐनको दफा १७८(२) बमोजिम जन्मकैदको सजाय हुने र प्रतिवादीबाट मृतकका हकवालालाई रू. ५०,०००/- (पचास हजार) क्षतिपूर्ति भराइपाउने र अर्का प्रतिवादी कृष्णबहादुर तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएकोमा उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट सुरू फैसला सदर गर्ने गरी भएको फैसला अन्यथा नदेखिने।

हस्तबहादुर तामाङको कर्तव्य गरी मृत्यु भएकोमा प्रतिवादी रत्न तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) विपरीतको कसुरमा दफा १७७ (२) बमोजिम सजाय हुन र दफा १८६बमोजिमको मनासिब क्षतिपूर्ति भराइदिने र अर्का प्रतिवादी कृष्णबहादुर तामाङलाई दफा ३६(१) र (२) को कसुरमा दफा ३६(३) (ख) बमोजिम

सजायको मागदाबी रहेकोमा सुरू संखुवासभा जिल्ला अदालतबाट प्रतिवादी कृष्णबहादुर तामाङले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी रत्न तामाङलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १७८(१) बमोजिमको कसुरमा सोही संहिताको दफा १७८(२) बमोजिम जन्मकैदको सजाय हुने तथा पीडित मृतकका हकवालाले प्रतिवादीबाट रू.५०,०००/- क्षतिपूर्तिबापत भराइपाउने ठहरी मिति २०७५/०८/१९ मा भएको फैसलालाई उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट मिति २०७६।५।१० मा सुरू फैसला सदर हुने र ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने देखिई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ (क) बमोजिम यी प्रतिवादीलाई ५ वर्ष कैद सजाय गर्दा न्यायको मक्सद पूरा हुने भनी पेस भएको रायसमेत न्यायको रोहमा हेर्दा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शिवबहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७८ साल माघ १६ गते रोज १ शुभम्।

## इजलास नं. २

### १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७०-RB-००६१, बैंकिङ कसुर, रामकुमार जि.सी. वि. नेपाल सरकार*

पुनरावेदक रामकुमार जि.सी ले अधिकारप्राप्त अधिकारी र अदालतमा समेत दाबीको कसुरमा इन्कारी भई बयान गरेका छन्। निजबाट सहप्रतिवादीले बैंकबाट निकालेको रकम बरामद हुन सकेको छैन। सहप्रतिवादी आशिष तिवारी र यी प्रतिवादी एउटै कलेजमा अध्ययन गर्ने सहपाठी भएको भन्ने खुल्न आएको छ। सहप्रतिवादी आशिष तिवारी जाहेरवाला सहकारीमा काम गर्ने गरेको देखिन्छ। साथीले सहकारीको रकम निकालेको र गोरखामा घुम्न जाने क्रममा सम्म साथ गएको भन्ने देखिन्छ । निज प्रतिवादीले आरोपित कसुर गरेको कुनै प्रमाणबाट देखिन आउँदैन। निजको ब्यागसम्म सहप्रतिवादीले रकम निकाल्दा प्रयोग गरेको भन्ने आधारले कसुरदार पुष्टि हुने ठोस प्रमाण हो भनी मान्न मिल्ने अवस्था रहँदैन। सहकारीमा काम गर्ने साथीको लागि रकम निकाल्नको लागि ब्यागसम्म दिएको स्थिति छ। चेकबाट रकम निकाल्ने सम्बन्धमा पूर्वसरसल्लाह योजना बनाएको भन्ने पनि देखिँदैन। सहप्रतिवादी आशिष तिवारीले काम गर्ने सहकारीको साँचो पाएपछि चेक ल्याई अनधिकृत रूपमा साटने काम गरेको देखिन्छ। अतः सहप्रतिवादीको अधिकार प्राप्त अधिकारीसमक्ष गरेको पोलबाहेक अन्य मिसिल संलग्न स्वतन्त्र प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले कसुर भएको पुष्टि नहुने।

प्रतिवादी रामकुमार जि.सीले अभियोग दाबीबमोजिम बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ५ को देहाय (क) (ख) बमोजिम कसुर अपराध गरेकोले निजहरूलाई ऐ.ऐ को दफा १५ (२) (क) बमोजिम बिगो रु.७,५०,००० ।- (सात लाख पचास हजार) दामासाहीले जरिवाना र २ (दुई) महिना कैद सजाय हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९।०९।०८ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी रामकुमार जि.सी ले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत - लिलाधर सुवेदी

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल मंसिर १९ गते रोज १ शुभम्।

### १६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा. न्या. प्रकाशमान सिंह राउत,** *०७८-WO-१२०४, उत्प्रेषणसमेत, सुर्यबहादुर भाट वि. सडक बोर्ड नेपाल, एन.के.सिंह मार्ग, मिनभवन, काठमाडौंसमेत*

प्रस्तुत रिट निवेदनमा रिट निवेदकलाई परेको खास असर र मर्का एवम् निजको संविधान प्रदत्त के कुन अधिकारमा असर परेको हो भन्ने

नै यकिन रूपमा खुलाउन सकेको पाइएन । यसै विषयसँग संलग्न व्यक्तिहरूमध्येका विनोदकुमार कुशवाहले उच्च अदालत पाटनमा समेत रिट निवेदन दिएको भन्ने बेहोरा सडक बोर्ड नेपालको लिखित जवाफबाट देखिन्छ । प्रतिस्पर्धी उम्मेदवारहरूको समग्र योग्यतासमेतका विषयमा छनौट समिति सन्तुष्ट नभइ समग्र विज्ञापन नै रद्द गरिएको र सोपश्चात् पुन: प्रकाशित सूचनामा निवेदकसमेत आवेदकसमेत हुन पाएकै देखिन्छ । यसरी विज्ञापन रद्द गरिएको कारण निवेदकलाई परेको खास असर नै निजले प्रस्ट खुलाउन नसकेको ।

सडक बोर्ड नेपालको मिति २०७८।११।०६ को १७० औँ बैठकबाट सडक बोर्डको कार्यकारी निर्देशकको पदमा मिति २०७८।१२।१७ मा पुनः विज्ञापन गरिएको देखिन्छ । यी रिट निवेदक सूर्यबहादुर भाटसमेत सो प्रक्रियामा सहभागी हुन मिति २०७६।०१।०२ मा निवेदन दिई दर्ता नं. ६ मा निजको निवेदन दर्ता भएको देखिन्छ । मिति २०७८।१२।१७ मा पुनः विज्ञापन भएअनुरूपका उम्मेदवारमध्येबाट गणेशबहादुर के.सीलाई नियुक्त गर्ने गरी सडक बोर्ड नेपालबाट मिति २०७९।५।३१ को १७८ औँ बैठकबाट निर्णय भएको देखिन्छ । सडक बोर्ड नेपालबाट कार्यकारी निर्देशक पदका लागि मिति २०७८।१२।१६ भएको विज्ञापन रद्द गरी मिति २०७८।१२।१७ मा पुन: विज्ञापन भएकोमा यी निवेदकसमेत उक्त विज्ञापनको प्रतिस्पर्धामा सहभागी भएको देखिएको एवं अर्का प्रतिस्पर्धी गणेशबहादुर के.सी मिति २०७९।५।३१ मा कार्यकारी निर्देशकमा छनौट भइसकेको देखिँदा र कार्यकारी निर्देशक छनौटको प्रक्रिया कानूनविपरीतको नदेखिएको हुँदा निवेदकको मागबमोजिमको रिट आदेश जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने ।

निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको आदेश जारी हुने अवस्था नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : लिलाधर सुवेदी
कम्प्युटर :- विकेश गुरागाई
इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम्।

## १७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७९-WH-००९०, बन्दीप्रत्यक्षीकरणसमेत, प्रेमबहादुर गुरूङ्ग वि. उच्च अदालत पाटनसमेत*

वादी गणेश कुवँरको जाहेरीले नेपाल सरकार भएको ०७५-CB-००१६ भएको बैंकिङ कसुर मुद्दामा यी निवेदकको नाँउमा लमजुङ जिल्ला धेर्मु गा.वि.स. वडा नं. २ को परिवर्तित ऐ. जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ मा जारी भएको देखिन्छ । उक्त समाह्वान म्याद २०७५।४।२३ मा म्यादवालाको घर दैलोमा टाँस भएको लमजुङ्ग जिल्ला अदालतको प्रतिवेदनबाट देखिन्छ । उक्त म्याद तामेलीको बेहोरा हेर्दा "म्यादवाला विरेन्द्रकुमार श्रेष्ठ र निजको एकाघरको उमेर पुगेका लोग्ने मानिस र स्वास्नी मानिससमेत घरमा फेला नपरेकाले/बुझ्न इन्कार गरेकोले निजको नाउँको म्याद हामी देहायका साक्षीको रोहबरमा निजको घरदैलोमा सबैले देख्ने गरी टाँस गरिएको ठिक छ" भन्ने उल्लेख भएको देखिन्छ साथै उक्त म्यादमा लमजुङ्ग जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ बस्ने वर्ष २० को पवित्रा गुरुङ्ग र ऐ.ऐ. बस्ने वर्ष २७ को मनप्रसाद गुरुङ्ग तामेलीमा साक्षी बसी हस्ताक्षर गरेको देखिन्छ । यसै गरी उक्त म्यादको रोहबरमा मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष लेखमान गुरुङ्गको समेत हस्ताक्षर परी वडा कार्यालयको छापसमेत परेको देखिने ।

निवेदकउपर उच्च अदालत पाटनमा दायर भएको उक्त बैंकिङ्ग कसुर मुद्दामा तामेल भएको समाह्वान म्यादलाई हेर्दा, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उपदफा (१५) मा

उल्लेख भएबमोजिम उच्च अदालत पाटनबाट जारी भएको म्याद प्रतिवादीको स्थायी ठेगाना रहेको मुकाम लमजुङ जिल्ला धेर्मु गा.वि.स. वडा नं. २ को परिवर्तित ऐ. जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं. ५ मा तामेल भएको देखिन्छ । सो म्याद मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१ को उपदफा (४) बमोजिमको कार्यविधि अपनाई तामेल भएको देखिन्छ । सो म्याद तामेल हुँदा प्रतिवादीको स्थायी ठेगाना लमजुङ जिल्ला धेर्मु गा.वि.स. वडा नं. २ को परिवर्तित ऐ. जिल्ला मर्स्याङदी गाउँपालिका वडा नं. ५ कै व्यक्तिहरूलाई साक्षीको रूपमा राखी सो वडाको अध्यक्षसमेतको सहीछाप गराई वडाको छापसमेत लगाई वडा कार्यालयको सूचना पाटीमा म्याद टाँस गर्नको लागि म्यादको १ प्रति बुझिलिएको समेत देखिन्छ । निवेदकले निवेदनमा उल्लेख गरेजस्तो निजको नाँउको म्याद बेरीतपूर्वक तामेल भएको देखिएन । निजको ठेगाना घरद्वार फेला नपरेको भए स्थानीय वडाको प्रतिनिधि एवं साक्षीले समेत निजको घरदैलोमा म्याद टाँस भएको ठिक हो भनी सहीछाप गरिदिनुपर्ने अन्यथा कारण देखिँदैन । सोही वतनमा निज निवेदक प्रतिवादीको पिताको नाउमा जग्गा दर्ता रहेको र सो जग्गा सो बैंकिङ कसुर मुद्दामा जाहेरवालाले रोक्कासमेत गरेको देखिने ।

यी निवेदक प्रेमबहादुर गुरुङ्गलाई उच्च अदालत पाटनबाट मिति २०७५।१०।२९ मा बैंकिङ कसुर मुद्दामा कसुरदार ठहरी फैसला भएको, फैसला कार्यान्वयनका क्रममा निजलाई पक्राउ गरिएको, निजलाई लागेको जरिवाना दाखिल गरेको कुनै वस्तुनिष्ठ प्रमाण पेस गर्न नसकेको अवस्थामा यी निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्नेसम्मको अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर :- विकेश गुरागाई

इति संवत् २०७९ साल मङ्सिर २५ गते रोज १ शुभम् ।

## १८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७५-CR-०२५०, जबरजस्ती करणीसमेत, नेपाल सरकार वि. लोकबहादुर क्षेत्री*

मिति २०७३।६।३० गते पनि निज लोकबहादुर क्षेत्रीले मलाई जिल्ला स्याङ्जा पौवेगौडे गा.वि.स. वडा नं. ७ स्थित जंगलको झाडीमा लगी जबरजस्ती करणी गरेका हुन् भनी नाम परिवर्तित आँधिखोला १ ले गरेको घटना विवरण कागज गरेको पाइन्छ । अनुसन्धानका क्रममा बयान गर्दा यी प्रतिवादी लोकबहादुर क्षेत्री वारदातमा साबित रही बयान गरेकोमा अदालतमा बयान गर्दाका बखत कसुरमा इन्कार रहेको पाइयो । पीडित आधिखोला १ ले अदालतसमक्ष बकपत्र गर्दाका बखत यी प्रतिवादी लोकबहादुर क्षेत्रीले पछिल्लो पटक २०७३।६।३० मा जबरजस्ती करणी गरेका तर अर्का प्रतिवादी क बहादुरले भने जबरजस्ती करणी गरेका होइनन् भनी बकपत्र गरेको अवस्था छ । सुरू अदालतमा लगाउको नं. ०७३-CR-००२५ मुद्दामा मिसिल सामेल रहेको पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा NO external injuries found, mental state normal found, vaginal swab send to laboratory for spermatozoa, p/v examination, labia majora &labia minora normal, NO tenderness in labia majora & labia minora, Hymen ruptured no blood visible भन्नेसमेत बेहोराको (नाम परिवर्तन) आधिखोला १ को स्वास्थ्य एवं शारीरिक परीक्षण प्रतिवेदन भन्ने उल्लेख भएको पाइन्छ । पीडितको स्वास्थ्य परीक्षण गर्ने डा. सुशीलकुमार मरासिनीले अदालतसमक्ष बकपत्र गर्दा पीडितको कन्या जाली च्यातिएको भए पनि तत्काल कुनै घाउ चोट तथा कन्या जाली च्यातिएको थिएन भन्ने बेहोराको बकपत्र गरेको पाइने ।

पीडितलाई छुट्टाछुट्टै मितिका फरक फरक

वारदातमा छुट्टाछुट्टै व्यक्तिले जबरजस्ती करणी गरेको भन्ने विषयमा छुट्टाछुट्टै मुद्दा चलेको र निजलाई झटकेलो बुवा नाता पर्ने क बहादुरले जबरजस्ती करणी गरेको तथ्य स्थापित हुने ठहराएको फैसला अन्तिम भइरहेको अवस्थामा यी प्रतिवादीको कसुर कायम हुने नहुने भन्ने सम्बन्धमा हेर्नुपर्ने हुन आयो। सुरूमा जाहेरी दिँदा पीडितका बुवा नातापर्ने क बहादुरले १२ वर्षको उमेरदेखि जबरजस्ती करणी गर्दैआएको भन्ने बेहोरा उल्लेख भएको र यी प्रतिवादीले पनि केही महिना अघिदेखि जबरजस्ती करणी गरेको भन्ने छ। यदि यी पीडितलाई यी प्रतिवादीले जबरजस्ती करणी गरेको मान्ने हो भने निजले सोउपर कहीँकतै उजुर गरेको पाइएन। अर्कोतर्फ पीडितले अदालतमा बकपत्र गर्दा अर्का प्रतिवादी बुवा नाता पर्ने क बहादुरलाई उन्मुक्ति दिने गरी आफूलाई जबरजस्ती करणी नगरेको बरू यी प्रतिवादीले जबरजस्ती करणी गरेको भनी बकपत्र गरेको देखियो । यस्तो अवस्थामा निजको भनाइ विश्वासप्रद देखिएन। आफ्नै झड्केलो बुवा नाता पर्नेले जबरजस्ती करणी गरेको ठहर भई अन्तिम भइरहेको देखिन्छ। यसप्रकारको समग्र परिस्थिति र प्रमाणबाट यी प्रतिवादीले पीडितलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीकै कसुर स्थापित हुने अवस्था नरहने।

प्रतिवादी लोकबहादुर क्षेत्रीले परिवर्तित नाम आधिखोला १लाई जबरजस्ती करणीको महलको ३(३) नं.बमोजिमको कसुरमा सजाय गर्ने गरेको सुरू स्याङ्जा जिल्ला अदालतको फैसला केही उल्टी गरी सोही महलको ५ नं. कोबमोजिमको कसुरमा ३ वर्ष कैद हुने गरी भएको उच्च अदालत पोखराको मिति २०७५।१।९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज भट्टराई

इति संवत् २०८० साल वैशाख १० गते रोज १ शुभम्।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७४-CR-१३१२, जबरजस्ती करणी, सुवास मगर वि. नेपाल सरकार*

प्रस्तुत वारदात घटनाको सम्बन्धमा पीडिताले सुरू जाहेरी दरखास्तमा प्रतिवादीले जबरजस्ती करणी गरेको भनी उल्लेख गरेकोमा निज पीडितले सुरू पाँचथर जिल्ला अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादीले जबरजस्ती करणी होइन भनी Hostile भई बकपत्र गरेको देखिन्छ। पीडितले प्रतिकूल बकपत्र गरेको भनी जबरजस्ती करणीजस्तो अपराधमा अन्य प्रमाणहरूको मूल्याङ्कन नै नगरी अपराध कसुरबाट प्रतिवादीलाई उन्मुक्ति दिनुपर्ने भनी निर्णयमा पुग्नु उपर्युक्त हुँदैन । मिसिल संलग्न कागजातबाट पीडित १६ वर्षकी नाबालिग नै रहेको देखिन्छ । प्रतिवादीबाट पीडितलाई पर्ने विभिन्न दबाबहरू जस्तै आर्थिक, पारिवारिक साथै अशिक्षा, अज्ञानता र सामाजिक परिवेश तथा प्रलोभन, दबाब, मानसिक यातना आदिका कारण कतिपय मुद्दाहरूमा स्वयम् पीडितले प्रतिकूल (Hostile) बकपत्र गर्ने गरेको पाइन्छ। त्यस्तो प्रतिकूल बकपत्र गरेकै आधार कारणबाट मात्र नभई मिसिल संलग्न समग्र प्रमाणको मूल्याङ्कन गरी न्याय निरूपण गरिनु वाञ्छनीय हुने।

पीडितले अदालतमा आई बकपत्र गर्दा अभियोग दाबीलाई खण्डित गर्ने गरी मौकामा व्यक्त भएकोभन्दा प्रतिकूल (Hostile) बकपत्र गरेको देखिन्छ । निजले गरेको बकपत्रलाई अन्य स्वतन्त्र एवम् वस्तुनिष्ठ प्रमाणले समर्थन वा खण्डन के गरेको रहेछ भनी हेर्दा पीडितको Vaginal orifice ८o O' clock position मा च्यातिएको, योनिको तल्लो भाग करिब ३cm X २cm को हाल रातो डाम देखिएको, पीडिताको देब्रे स्तनको तल्लो भागमा ३cm X १cm को Abrasion देखिएको साथै प्रतिवादी सुवास मगरको लिङ्गको टुप्पामा करिब २cm X १cm को पिल्सिएको भाग रहेको भन्ने पाँचथर जिल्ला अस्पतालबाट दिएको पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन्छ। विशेषज्ञ चिकित्सकबाट वैज्ञानिक पद्धतिद्वारा

हुने यस प्रकारको स्वास्थ्य परीक्षणलाई करणीजस्तो गम्भीर कसुरमा मुख्य प्रमाणका रूपमा लिनुपर्ने हुन्छ। पीडितको अदालतमा भएको प्रतिकूल बकपत्रलाई पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षण प्रतिवेदनले खण्डित गरिरहेको पाइन्छ । पीडित र प्रतिवादीको स्वास्थ्य परीक्षणसमेतबाट अभियोग दाबीलाई समर्थन गरेको पाइन्छ । यसरी यिनै पुनरावेदक प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको तथ्य मिसिल संलग्न कागजातबाट स्थापित भइरहेको अवस्थामा यी पुनरावेदक प्रतिवादीलाई जबरजस्ती करणी गरेको कसुरमा कसुरदार ठहर्‍याई कैद सजायसमेत गर्ने गरी भएको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसलालाई अन्यथा भनिरहन नपर्ने।

पुनरावेदक प्रतिवादी सुवास मगरलाई साबिक मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३(३) नं.बमोजिम ६ वर्ष कैद हुने र पीडितलाई प्रतिवादीबाट साबिक मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं.बमोजिम रु. २५,०००।– क्षतिपूर्ति भराइदिने गरी भएको उच्च अदालत विराटनगर इलाम इजलासको मिति २०७४।४।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल वैशाख १० गते रोज १ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७३-CI-११२३, दा.खा., दर्ता बदर, बलबहादुर लावतिसमेत वि. रमला माखिम लावती*

फिरादीका बाबु कुलमानले प्रतिवादीमध्येका बलबहादुर लावतिसमेतका पिता जसपाल लावतिसमेतउपर साबिकमा दा.खा.दर्ता बदर र जालसाज मुद्दा दायर गर्दा उल्लेख गरेको पारित लिखतअन्तर्गतको प्रस्तुत जग्गा यो होइन भनी प्रतिवादीले कहीँकतै जिकिर लिएको देखिँदैन । सो मुद्दा दायर गर्दा जिल्ला पाँचथर कुरुम्बा गा.वि.स. वडा नं.४(क) कि.नं.२० रो.९-०-१-२ खे.सी. जग्गाको सम्बन्धमा दाबी गरे पनि सो जग्गा मैले खरिद गरेको होइन वा सो जग्गा अर्कै हो वा सो जग्गा निलनाथबाट लिएको होइन भनी कतै बेहोरा उल्लेख गर्न सकेको देखिँदैन। दुई तह मुद्दा चल्दा पनि सो जिकिर नलिएको र निलनाथसँग अर्को कुनै जग्गा लिएको नदेखिएको अवस्था तथा अदालतको फैसलाले निलनाथबाट लिएको जग्गाको सम्बन्धमा नै लिखत दर्ता बदर हुने र जालसाजसमेत ठहर भइसकेको अवस्थामा वडा नं. सम्म फरक परेको विषयमा त्रुटि सच्याई मिति २०५२।०२।२० मा दिइएको दा.खा. पुर्जी र सोअनुरूप मिति २०५५।०३।०१ मा भएको नामसारी निर्णयसमेतउपर वादीको निवेदनको भरमा टिप्पणी आदेशबाट तह तह फैसलाले हक स्थापित गरिसकेको विषयमा पुनः वादीको नाममा दा.खा. दर्ता भइसकेको कार्य बदर गरी प्रतिवादीको नाममा दा.खा. गरिएको देखिने।

निलनाथबाट पारित गरी जसपाल लावतीले लिएको लिखत र सो आधारमा भएको दा.खा. दर्ता अदालतको फैसलाले बदर भएको, सो लिखतको जग्गा अर्को हो भनी देखाउन नसकेको अवस्थामा फैसलाअनुसार दा.खा.का लागि मिति २०५२।२।१९ मा परेको निवेदनमा कारबाही भई दा.खा. पुर्जी दिँदा वडा नं.४ (क) कि.नं.२० को सट्टा वडा नं.३ (ख) कि.न.२० भनी वडासम्म सच्याई मिति २०५२।२।२० मा पुर्जी दिएको र २०५५।३।१ मा निलनाथका नाममा नामसारी भइसकेको जग्गाको सम्बन्धमा करिब ११ वर्षपछि पर्न आएको निवेदनको आधारमा दर्ता बदर गर्ने गरी भएको उक्त आदेश नै आफैँमा त्रुटिपूर्ण रहेको देखिन्छ । २०६६।४।५ मा भएको सो आदेश हेर्दा त्यस्तो दर्ता बदर हुने कानूनी आधार पनि खुलेको देखिँदैन। यसरी प्रतिवादीका बाबु जसपाल लावतीले निलनाथबाट पारित गरी लिएको जग्गाकै सम्बन्धमा

मुद्दा परी सो लिखत दर्ता बदर हुने, जालसाज ठहर भएको र प्रतिवादीले सो मुद्दाको सम्बन्धित जग्गा अर्को हो भनी देखाउन नसकेको अवस्थामा मुद्दाका सम्पूर्ण वस्तुस्थिति र प्रमाणको मूल्याङ्कन गरी न्यायिक मनको प्रयोग गरी निष्कर्षमा पुग्नुपर्छ । न्याय विवेकसम्मत हुनुपर्छ । वडा नं. सम्म फरक परेकोमा अदालतको फैसलाले ठहर गरेको तथ्यलाई न्यायोचित विवेकसम्मत रूपमा मूल्याङ्कन गरिनु वाञ्छनीय हुने।

प्रतिवादीका बाबु जसपाल लावतीले निलनाथबाट पारित गरी लिएको जग्गाकै सम्बन्धमा मुद्दा परी सो लिखत दर्ता बदर हुने र जालसाज ठहर भएको र प्रतिवादीले सो मुद्दाको सम्बन्धित जग्गा अर्को हो भनी देखाउन नसकेको अवस्थामा दुई तहको अदालतबाट भएको फैसला परास्त हुने गरी भएको आदेश र सोही आधारमा प्रस्तुत मुद्दामा बादी दाबीबमोजिम प्रतिवादीका पिता जसपाल लावतीका नाममा दा.खा. दर्ता गरिदिने भनी भएको मिति २०६६।०४।०५ को पाँचथर जिल्ला अदालतको आदेश बदर भई वादी दाबीबमोजिम सो कि.नं. २० को जग्गा वादी निलनाथ लिम्बुकै नाममा दा.खा. दर्ता हुने गरी भएको तत्कालीन पुनरावेदन अदालत इलामको फैसलालाई अन्यथा भनिरहन नपर्ने।

सुरू पाँचथर जिल्ला अदालतको मिति २०७१।०९।०७ को फैसला उल्टी भई वादी दाबीबमोजिम प्रतिवादीका नाममा भएको नामसारी बदर हुने ठहऱ्याई भएको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०७३।०३।१५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - भेषराज भट्टराई

कम्प्युटर - राधिका घोरासाइने

इति संवत् २०८० साल बैशाख १४ गते रोज ५ शुभम्।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७४-CI-०५८२, अंश दर्ता चलन, कृष्ण शाही खड्गे वि. दिलकृष्ण शाही*

वादी दिलकृष्ण शाही र पुनरावेदक प्रतिवादी कृष्ण शाही खड्गे नाताभित्रकै देखिएको अवस्थामा वादीका पिताले आफ्ना पितासँग अंश लिई पाल्पामा गई बसेको भन्ने प्रतिउत्तर जिकिर भएकोमा वादीले आफ्नो स्थायी ठेगाना हेटौंडा नै उल्लेख गरेका छन् भने निज तथा निजका बाबुसमेतले नागरिकताको प्रमाणपत्र हेटौंडा ठेगाना उल्लेख गरी मकवानपुर जिल्लाबाट लिएको देखिन्छ । पुनरावेदक प्रतिवादीहरूले प्रत्यर्थी वादीलाई पाल्पामा बसोबास गरी व्यवसाय गरिआएको भन्ने जिकिर लिए पनि निजको पाल्पामा बसोबास घर भएको भनी पुनरावेदक प्रतिवादीहरूले प्रमाणित गर्न सकेको पाइँदैन । प्रत्यर्थी वादी र निजका पिताको नागरिकता प्रमाणपत्रबाट पनि उक्त जिकिर खण्डन भइरहेको छ । निजहरूको नाता सम्बन्धमा माथि उल्लेख भएबमोजिम विवाद नभई केवल अंश छुट्टिइसकेको वा नसकेको भन्ने सम्बन्धमा मात्र विवाद भएको देखिन्छ । अंश लिइसकेको भनी पुनरावेदक प्रतिवादीहरूले लिखत प्रमाण तथा व्यवहार प्रमाणबाट समेत प्रमाणित गर्न सकेको अवस्था देखिँदैन । यिनै पुनरावेदक प्रतिवादी कृष्ण शाहीले यी प्रत्यर्थी वादीले पाल्पाको जग्गा बिक्री वितरण गरेको सम्बन्धमा मकवानपुर जिल्ला अदालतमा ०७२-PC-०१८० को जालसाजी मुद्दा दायर गरी सो मुद्दामा दाबीअनुसार जालसाजी ठहर्ने गरी मिति २०७३।१२।३० मा फैसला भएको समेत प्रमाणको लागि आएको उक्त ०७२-PC-०१८० को मिसिलबाट देखिएको छ। निज पुनरावेदक प्रतिवादीले स्वयं वादी भई जालसाजी मुद्दा दिएबाट निजलाई अंशियार स्वीकार गरेको मान्नुपर्ने हुन्छ । अंशियारबाहेकका व्यक्तिले हक हस्तान्तरण गरेको अवस्थामा जालसाजी मुद्दा गर्ने हकदैया नै नरहनेमा निजले मुद्दा दायर गरेबाट नै निजहरू अंशियार भएको प्रमाणित हुन आएको छ । साथै प्रतिवादीहरूमध्येका कान्छी, बुद्ध, सुद्धरत्न, नानी छोरी, सुक्रम खड्गे, सुनिल खड्गेसमेत ले वादीलाई अंश दिने दायित्व कृष्ण शाहीको भन्ने प्रतिउत्तरमा

उल्लेख गरेबाट पनि अंश पाई नसकेको तथ्य स्थापित भइरहेको देखिने।

प्रमाण पेस नभएको, व्यवहार प्रमाणबाट समेत आ-आफ्नो नाममा दर्ता स्रेस्ता भोग व्यवहार भई छुट्टिइसकेको नदेखिएको तथा वादीले सम्पत्ति बिक्री गरेको लिखत सम्बन्धमा त्यसबाट आफ्नो हकमा असर परेको भनी पुनरावेदक प्रतिवादी स्वयंले जालसाजी मुद्दा दायर गरेको निजको व्यवहारबाट निजहरू एकासगोलको देखिन आएको अवस्थामा पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिबाट २ भागको १ भाग अंश छुट्ट्याई लिन पाउने ठहर्‍याएको उच्च अदालत पाटन हेटौंडा इजलासको फैसला अन्यथा नदेखिने।

यी पुनरावेदक प्रतिवादी र प्रत्यर्थी वादीहरूका मूल पुर्खा हर्षबहादुरको कान्छी श्रीमतीतर्फका माइलो छोरा जगतलाल भन्ने भुइचा खड्गे र कान्छो छोरा जगतकृष्ण शाही मात्र एकासगोलमा रहेको देखिएको अवस्थामा निजहरूको हकवाला सन्तानहरू प्रस्तुत मुद्दाका वादी प्रतिवादी रहेको हुँदा तायदाती फाँटवारीमा उल्लेख भएको सम्पत्तिलाई २ भाग लगाई १ भाग वादीले पाउने ठहर्‍याई भएको सुरू मकवानपुर जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको मिति २०७४।३।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज भट्टराई

इति संवत् २०८० साल वैशाख १४ गते रोज ५ शुभम्।

यसै लगाउको निम्न मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

- ०७४-CI-०५८३, फैसला बदरसमेत, कृष्ण शाही खड्गे वि. दिलकृष्ण शाही
- ०७४-CR-०८२४, जालसाजी, कृष्ण शाही खड्गे वि. दिलकृष्ण शाही

## २२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-WO-११०८, उत्प्रेषणसमेत, शशि भुषणकुमार यादवसमेत वि. नन्दकिशोर ठाकुर शर्मासमेत*

वादी पुनदेव ठाकुर लोहार र प्रतिवादी रामएकवाल ठाकुर लोहारका बिचमा २०६३ सालमा बारा जिल्ला अदालतमा लेनदेन (मुद्दा नं. ९२६।३२८) मुद्दा दायर भई मिति २०६४।६।३ मा वादी दाबीबमोजिम प्रतिवादीले वादीको साँवा र ब्याज भराइलिन पाउने ठहरी फैसला भई अन्तिम भएको एउटा मुद्दा देखिन्छ। वादी रामएकवाल ठाकुर लोहार र विपक्षी जोगिन्द्र ठाकुर लोहारबिच २०६६ सालमा बारा जिल्ला अदालतमा अंश दर्ता (मु.नं. ११४६) मुद्दामा वादी र प्रतिवादीका बिचमा मिति २०६६।९।१२ मा मिलापत्र भई अन्तिम भई बसेको अर्को मुद्दा देखियो। मिति २०६४।६।३ को लेनदेन मुद्दाको अन्तिम फैसलाबमोजिम प्रतिवादी रामएकवाल ठाकुर लोहारबाट भराइलिन पाउने ठहर्‍याएको सावाँ ब्याज भराइपाउँ भनी वादी पुनदेव ठाकुरको निवेदन परी कारबाही हुँदै जाँदा निवदेकले निवेदनमा उल्लिखित जग्गा जिल्ला बारा बेनौली वडा नं. २ को कि.नं. २९, १०० र २२५ को जग्गा रोक्का राख्न पठाइएकोमा मालपोत कार्यालय बाराबाट सो जग्गा रोक्का रहिरहेको हुँदा दोहोरो रोक्का गर्न नमिल्ने भनी च.नं. ५८ मिति २०६५।४।६ मा बारा जिल्ला अदालतमा जवाफ प्राप्त भएको पाइन्छ। सोहीबिचमा अंश मुद्दाका प्रतिवादी जोगीन्दर ठाकुर र लेनदेन मुद्दाका वादी पुनदेव ठाकुरले संयुक्त निवेदन दिई जग्गा फुकुवाका लागि मिति २०६६।२।१३ मा निवेदन दिँदा फुकुवा गर्न नमिल्ने भनी बारा जिल्ला अदालतबाट आदेश भएको पाइन्छ। लेनदेनको बिगो मुद्दाको कारबाहीको क्रममा विवादित कि.नं. २९, १०० र २२५ का जग्गामध्ये कि.नं. २९ को ०-६-० मध्ये पश्चिमतर्फबाट ०-३-०, कि.नं. १०० मध्ये दक्षिणतर्फबाट ०-७-५ र कि.नं. २२५ मध्ये उत्तरतर्फबाट ०-०-१३ जग्गासमेत रु. १,९५,०००।- मा डाँक सकार गरी मिति २०६७।१।१२ मा विपक्षी नन्दकिशोर ठाकुरले डाँक सकार गरी लिएको पाइन्छ।

डाँक सकार गरी लिने नन्द किशोर ठाकुरले सो बिगो मुद्दाको लिलाम गरी लिएको जग्गा हक हस्तान्तरण भई तह तह गइसकेको हुँदा लिलाममा राखिएको धरौटी रकम फिर्ता पाउँ भनी मिति २०६७।३।२० मा बारा जिल्ला अदालतमा निवेदन दिएको पाइन्छ। विवादित कित्ता जग्गाहरू माथि उल्लिखित अंश मुद्दाको मिलापत्रबमोजिम दा.खा. दर्ता गरिपाउँ भनी रामएकवाल ठाकुरले मालपोत कार्यालयमा मिति २०६६।१०।२० निवेदन दिएकोमा मिति २०६६।१०।२६ मा दा.खा. गर्ने निर्णय भई साबिक कि.नं. १०० बाट कि.नं.हरू ३६१ र ३६२ कायम भएको, त्यसै गरी साबिक कि.नं. २९ बाट कि.नं.हरू ३६३ र ३६४ कायम भएको देखिन्छ। सो कित्ताकाट भएकै मिति २०६६।१०।२६ मा निज रामएकवाल ठाकुरले निजका नाममा दर्ता भएका कि.नं. ३६१ र कि.नं. ३६३ को जग्गाहरू र.नं. ४११९५ बाट अमलदेव ठाकुर लोहारको नाममा गएको देखिन्छ । अमलदेव ठाकुरले आफ्ना नाममा दर्ता भएका जग्गाहरूमध्ये कि.नं. ३६३ को जग्गा र.नं. ४९८२ मिति २०६६।१२।३ बाट रामबाबुप्रसाद महतोलाई र कि.नं. ३६१ को जग्गा र.नं. ६८९४ मिति २०६७।२।३ मा दिनदयाल यादवको नाममा हस्तान्तरण भई गएको पाइयो । दिनदयाल यादवले आफ्ना नाममा भएको कि.नं. ३६१ को जग्गा र.नं. ६८६९ मिति २०७२।३।१ बाट राजीनामा गरी शशिभुषण यादवलाई दिएको र हालसम्म निज निवेदक शशिभुषण यादवकै नाममा दर्ता रहेको पाइने।

उक्त विवादित साबिक कि.नं. २९, १०० र २२५ का जग्गाहरूका सम्बन्धमा निवेदन दाबीबमोजिम उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगन्जबाट भएको आदेशमा जिल्ला अदालत नियमावली, २०५२ नियम ७८क (१) बमोजिम कारबाही गर्नु भनी आदेश भएको पाइन्छ। सुरू जिल्ला अदालतमा लेनदेन मुद्दाको बिगो भरिभराउको कारबाहीको क्रममा लिलाम हुँदा मिति २०६७।१।१२ मा प्रस्तुत मुद्दामा विपक्षी नन्दकिशोर ठाकुरले लिलाम सकार गरेको देखियो। लिलाम सकार गरेपश्चात् मात्र सो मुद्दामा रहेका विवादित जग्गाहरूको सम्बन्धमा यी विपक्षी नन्दकिशोर ठाकुरको सरोकार र संलग्नता रहने जाने अवस्था हुन्छ। सो लिलामपूर्व नै विवादित जग्गाहरू मिति २०६६।१०।२६ बाटै हक हस्तान्तरण भई गइसकेको पाइयो । हस्तान्तरण भएका उक्त जग्गाहरूका सम्बन्धमा लेनदेन मुद्दाको बिगोमा निवेदन परी रोक्का राख्ने आदेश भएपछि पत्राचार हुँदा मालपोतबाट विवादित जग्गा रोक्का रहिरहेको देखिएको, दोहोरो रोक्का राख्न नमिल्ने भनी जवाफ प्राप्त भएको पाइयो । सो जग्गा लेनदेन बिगोमा पुन रोक्का राख्नका लागि सम्बन्धित निकाय मालपोत कार्यालयमा लेखी पठाएको देखिँदैन। साथै पक्षले पनि विवादित जग्गा पुनः रोक्का राखिपाउँ भनी निवेदन दिएको समेत देखिँदैन। यसरी लिलाम सकार गरी लिने पक्ष विपक्षी नन्दकिशोर ठाकुरले सो लिलाम सकार गरेका जग्गाहरू विभिन्न तहमा हक हस्तान्तरण भइसकेको देखिँदा मिति २०६७।१।१२ मा भएको लिलाम बदर गरी डाँक लिलाममा सकार गर्दा धरौटी राखेको रकम फिर्ता गरिपाउँ भनी निवेदन दिएको पाइन्छ । यसरी लिलाममा डाँक बोली धरौट राखी दर्ता गर्न जाँदा दर्ता हुन नसकेको अवस्थामा निज नन्दकिशोर ठाकुरले सो लिलाम कार्यलाई बदर गरी आफ्नो रकम फिर्ता माग गरी मिति २०६७।३।२० मा बारा जिल्ला अदालतमा निवेदन दिएको समेत पाइने।

प्रस्तुत विवादमा लेनदेन मुद्दाबाट विवादित जग्गाहरू रोक्का राखेको पाइँदैन । अदालतले फैसला कार्यान्वयन गरिनुपूर्व विवादसँग सम्बन्धित अचल सम्पत्ति के कसो हो ? कार्यान्वयन हुन सक्ने हो वा होइन भनी हेर्नुपर्ने दायित्व जिल्ला अदालत नियमावलीमा स्पष्ट लेखिएको देखिन्छ । प्रतिवादी नाम दर्ता रहेका साबिक कि.नं. २९, १०० र २२५ का जग्गा लिलाम गर्दा नन्दकिशोर ठाकुरले मिति २०६७।१।१२ मा सकार गरी धरौट राखेको अवस्थामा छ । तर सो कित्ता जग्गाहरू लिलाम मितिभन्दा अगावै अर्थात् २०६६।१०।२६ बाटै तह तह हुँदै हक

हस्तान्तरण भइसकेको देखिन्छ । हक हस्तान्तरण भई उनाउ व्यक्तिका नाममा गइसकेको जग्गालाई डाँक लिलामबमोजिम दा.खा. हुन नसक्ने हुँदा धरौट रकम फिर्ता पाउँ भनी निवेदनसमेत दिएको देखिने।

लिलाम सकार गरेको सम्पत्तिहरू सो लिलामबाट हक प्राप्त हुनको लागि सो सम्पत्ति लिलाम हुँदा सम्बन्धित व्यक्तिको नाउँमा दर्ता रहेको हुनुपर्दछ। जुन व्यक्तिको नाउँमा जग्गाहरू दर्ता रहेको भनी लिलाम सकार गर्ने कार्य हुन गएको छ सोभन्दाअघिनै सो जग्गा अन्य व्यक्तिहरूलाई हक हस्तान्तरण भइसकेको देखिन्छ । लिलाम सकार गरेको जग्गाको वास्तविक जग्गा हकवाला अन्य व्यक्ति भएको हुँदा लिलाम सकार गरी राखेको धरौट रकम फिर्ता माग गरिसकेको हुँदा अब सो लिलाम सकारबाट कानूनी अधिकार सिर्जना हुन सक्ने पनि देखिँदैन । सुरू लिलाम गर्ने जिल्ला अदालतमा विपक्षी नन्दकिशोर ठाकुरले लिलामबाट लिएका अचल सम्पत्तिहरू हक हस्तान्तरण भइसकेको हुँदा धरौट रकम फिर्ता पाउँ भनी निवेदन दिई सो लिलाम सकार कार्य हुन नसक्ने भनी स्वीकार गरेको तथ्य रहेको पाइन्छ । लिलाम सकार गर्नुभन्दा पहिले नै हक हस्तान्तरण भएको जग्गामा तेस्रो व्यक्तिको हक सिर्जना भएको हुन्छ । फैसला कार्यान्वयनको चरणमा हक हस्तान्तरण भएको नदेखिने।

जग्गा लिलाम गर्दाको बखत विवादित जग्गा ऋणीको नाउँबाट अरू व्यक्तिलाई अघि नै हक हस्तान्तरण भइसकेको देखिन्छ। जुन व्यक्तिको नाउँमा जग्गा नै दर्ता छैन त्यस्तो सम्पत्ति लिलाम गरी सम्पत्ति हक प्राप्त हुने स्थिति नै रहँदैन। फैसला कार्यान्वयनको अवस्था आउनुभन्दा अघि नै जग्गाको हक हस्तान्तरण भइसकेको छ । तसर्थ प्रस्तुत मुद्दामा भएको तथ्य र प्रमाणको आधारमा उक्त कानूनी व्यवस्था आकर्षित हुने अवस्था देखिँदैन । यस्तो अवस्थामा उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जले जिल्ला अदालतको आदेश बदर गरी सो नियम ७८क (१) बमोजिमको प्रक्रिया पूरा गरी कारबाही गर्नु भन्ने आदेशलाई कानूनसम्मत मान्न नसकिने।

विवादित जग्गाहरू हक हस्तान्तरण भई अन्य व्यक्तिहरूको नाममा दर्ता रहेको साबिक कित्ता नम्बरबाटै भएको डाक लिलामअनुसार दाखेल खारेज हुन नसकी धरौट राखिएको रकम फिर्ता पाउँ भनी विपक्षीले अदालतमा निवेदन दिएकोमा ६ वर्षभन्दा बढी अवधिपछि सोही विषयमा पुनः निवेदन दिई जिल्ला अदालत नियमावली, २०५२ को नियम ७८क (१) बमोजिम आवश्यक कारबाही गर्नु भनी भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७५।७।१५ को आदेश कानूनसम्मत नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत र भेषराज भट्टराई

कम्प्युटर - विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ १७ गते रोज ६ शुभम्।

## २३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-०५०६, जबरजस्ती करणी, नेपाल सरकार वि. रामदास यादव भन्ने प्रेमसागर यादवसमेत*

प्रस्तुत मुद्दाको वारदात मिति २०७३।०६।२६ को राति भएको भन्ने देखिन्छ । पीडितको स्वास्थ्य परीक्षण मिति २०७३।०६।३० मा पृथ्वी वीर अस्पताल, तौलिहवा, कपिलवस्तुबाट भएको देखिन्छ। विशेषज्ञ चिकित्सकबाट पीडितको अङ्गहरूमा परेको घाउ चोटहरूको बारेमा उल्लेख गरिएका प्रमाणहरू जबरजस्ती करणीको कसुरमा महत्त्वपूर्ण प्रमाण हुन्छ। वस्तुगत तथ्य प्रमाणबाट पुष्टि हुने यसप्रकारको प्रमाणहरू अन्यथा प्रमाणित नभएसम्म महत्त्वपूर्ण प्रमाणकै रूपमा ग्रहण गरिनुपर्ने हुन्छ। मौकामा वैज्ञानिक जाँच, परीक्षणबाट भएको पीडितको स्वास्थ्य जाँच प्रतिवेदनमा पीडितको यौनाङ्ग, स्तनमा देखिएको घाउ चोटहरूले घटनाको बारेमा यथार्थ तथ्यहरू उजागर गरिदिने हुँदा ती तथ्यहरूले साँचो कुरा बोलिरहेका

हुन्छन् । यस प्रकारका परीक्षण प्रतिवेदनहरूले जबरजस्ती करणीको कसुर भएको हो, होइन भन्ने तथ्यहरूलाई भरपर्दो, विश्वासयोग्य ढङ्गबाट पुष्टि गर्ने गर्दछ । पीडितको स्वास्थ्य परीक्षणबाट Lt. Breast मा दाँतले टोकेको चिह्नहरू पर्ने गरी घाउ रहेको भन्ने उल्लेख भएको देखिन्छ । उक्त परीक्षणमा पीडितको Hymen Ruptured (कन्याजाली च्यातिएको) भन्ने उल्लेख भएको देखिन्छ । पीडितलाई जबरजस्ती करणी गरेको भनी अभियोग लागेका प्रतिवादी बहादुर कुर्मीको मिति २०७३।०७।०३ मा स्वास्थ्य जाँच हुँदा निजको दाहिने पाखुरासमेतमा नङ्गले कोतरेको (Scratches) प्रतिरोधको क्रियाबाट भएको भन्ने उल्लेख भएको देखिन्छ । त्यस्तै, जबरजस्ती करणीमा सहयोग गर्ने भनी दाबी लिएका प्रतिवादी रामदास यादवको मिति २०७३।०७।०३ मा स्वास्थ्य जाँच हुँदा घाटीको पछाडि बिच भागमा कोतरिएको Marks रहेको र सो प्रतिरोध क्रियाकलापबाट परेको भन्ने उल्लेख छ । त्यस्तै, अर्का प्रतिवादी श्यामु यादवको मिति २०७३।०७।०३ मा स्वास्थ्य जाँच हुँदा प्रतिरोधको क्रियाकलाप हुँदा पाखुरासमेतका शरीरको भागमा नङले कोतरिएको Marks रहेको उल्लेख भएको देखिने ।

प्रतिवादीहरूले निजहरू वारदातमा उपस्थित रहेकोमा स्वीकारी मौकामा बयान गरिदिएको देखिन्छ । निजहरूले अदालतसमक्ष बयान गर्दा, मौकाको बयान बेहोरा झुट्टा हो भनी अभियोगमा इन्कारी रहे तापनि वारदातमा उपस्थित रहेकोमा स्वीकारै गरेको पाइन्छ । वारदातको सम्बन्धमा घटना विवरण कागज गर्ने प्रमिला कोरीको कागज महत्त्वपूर्ण रहेको देखिन्छ । निज प्रत्यक्षदर्शी नरहे तापनि वारदातभन्दा ठिक अगाडिसम्म पीडितसँगै रहेको भन्ने मिसिलबाट देखिन्छ । निजले बहादुर कुर्मीसमेतले पीडितलाई समाति लिई गएपछि तत्काल म कराउँदै आमालाई खबर गरेँ र सबै जना वारदात स्थानमा जाँदा निज प्रतिवादीहरू भागी फरार रहेको थिए, पीडित वारदात स्थानमा नै रुँदै बसिरहेको थिइन् भनी घटनाको विवरण लेखाइदिएको देखिन्छ । निज प्रमिला कोरीको आमा अनिता कोरीले समेत निज छोरीको बेहोरा नै समर्थन हुने गरी घटना विवरण कागज गरिदिएको देखिन्छ । जाहेरवालाले अदालतसमक्ष बकपत्र गर्दा, जाहेरीमा लेखिएको कुरा मैले भनेको होइन भनी उल्लेख गरे तापनि प्रतिवादीहरूलाई सिलसिलाबद्ध रूपमा घटना विवरण खुलाई झुट्टा बेहोराको अभियोग किन लगाउनु परेको हो ? स्पष्ट गर्न सकेको देखिँदैन । यसबाट केवल प्रतिवादीहरूलाई सजायबाट उम्काउने अभिप्रायले मात्र अदालतसमक्ष जाहेरवालाले उक्त बेहोरा लेखाइदिएको मान्नुपर्ने हुन्छ । पीडितसँग कुनै झगडा रिसइवी केही छैन भनी स्वयं प्रतिवादी रामदास यादवले अदालतसमक्ष उल्लेख गरिदिएको पाइन्छ । प्रतिवादीहरू र पीडित एउटै गाउँका भन्ने देखिएको छ । पीडितले प्रतिवादीहरूलाई त्यत्तिकै आरोप लगाउनुपर्ने कुनै वस्तुनिष्ठ कारण खुल्न सकेको देखिँदैन । यसबाट समेत प्रतिवादीहरूबाट आफूउपर जबरजस्ती करणीको कसुर भएको भन्ने पीडितको मौकाको बयान थप पुष्टि हुने ।

पीडित तथा प्रतिवादीहरूको स्वास्थ्य परीक्षण प्रतिवेदनको अवलोकन गर्दा, पीडित परिवर्तित नाम ५१(ख) को स्वास्थ्य परीक्षण प्रतिवेदनमा, Hymen Ruptured, Two bite marks of teeth present on Rt upper quadrant of Lt breast भनी उल्लेख भएको देखिन्छ । प्रतिवादी रामदास यादवको स्वास्थ्य परीक्षण प्रतिवेदनमा, On physical examination scratches mark present on back in mid thorasic region suggestive of resistant activity भनी उल्लेख छ । अर्का प्रतिवादी श्यामु यादवको स्वास्थ्य परीक्षण प्रतिवेदनमा, On physical examination old scar of nail scratches present on Rt arm, Lt lumber region & back on mid lumber region suggestive of resistant activity भन्नेसमेतको

बेहोरा उल्लेख भएको देखिन्छ । त्यसै गरी, प्रतिवादी बहादुर कुर्मीको स्वास्थ्य परीक्षण प्रतिवेदनमा, On physical examination 2 crusted wound of nail scratches present on Rt mid supraclavicular region scratches on Rt arm suggestive of resistant activity भनी बेहोरा उल्लेख भएको देखिन्छ । यसरी, पीडित परिवर्तित नाम ५१(ख) को स्तन (Breast) मा दाँतले टोकेको घाउ रहेको र निजको Hymen च्यातिएको भन्ने निज पीडितको शारीरिक परीक्षणबाट देखिएसमेतबाट पीडितउपर जबरजस्ती करणी भएको तथ्य स्थापित भएको देखिन्छ । प्रतिवादीहरूको स्वास्थ्य जाँचबाट पनि प्रतिरोधको कार्यले पर्ने हात पाखुरालगायत शरीरमा नङ्गले कोतरेको एउटै प्रकृतिको घाउ, चिह्न देखिएसमेतबाट प्रतिवादीहरूले कसुर गरेको पुष्टि हुन गएको देखिन्छ। पीडित तथा प्रतिवादीहरूको स्वास्थ्य जाँचबाट देखिएको घाउ चोटहरू प्रस्तुत वारदात हुँदा भएको होइन भनी प्रतिवादीहरूले कुनै ठोस प्रमाण पेस गर्न सकेका छैनन् । यसर्थ, प्रतिवादीहरूले आरोपित कसुर गरेको पीडित तथा प्रतिवादीहरूको स्वास्थ्य जाँच प्रतिवेदनमा उल्लिखित बेहोराबाट पुष्टि हुने।

प्रतिवादीहरूउपरको किटानी जाहेरी दरखास्त, पीडित परिवर्तित नाम ५१(ख) को मौकाको बयान तथा पीडित र प्रतिवादीहरूको स्वास्थ्य परीक्षणसमेतबाट प्रतिवादीहरू जबरजस्ती करणीसम्बन्धी कसुरमा कसुरदार रहेको देखिँदा, प्रतिवादीहरूलाई कसुरदार ठहर गरेको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७४।१०।२३ को फैसला मिलेको नदेखिँदा उल्टी भई अभियोग दाबीबमोजिम प्रतिवादी बहादुर कुर्मी भन्ने रामबहादुर प्रसाद कुर्मीलाई साबिक मुलुकी ऐन जबरजस्ती करणीको महलको १ र ३(४) नं. को कसुरमा सोही ३(४) नं.बमोजिम ६ (छ) वर्ष कैद सजाय हुने र सोही महलको १० नं.बमोजिम निज प्रतिवादीबाट पीडितले रु.२५००० ।– (पच्चिस हजार रूपियाँ) क्षतिपूर्तिबापत भराइपाउने तथा प्रतिवादीहरू श्यामु भन्ने राजकुमार यादव र रामदास यादव भन्ने प्रेमसागर यादवलाई सोही महलको ४ नं. को कसुरमा सोही ४ नं.बमोजिम जनही ३ (तीन) वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतबाट मिति २०७३।११।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
कम्प्युटर: राधिका घोरासाइने
इति संवत् २०७९ साल जेष्ठ १३ गते रोज ६ शुभम्।

## इजलास नं.३

### २४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७९-WH-०२३५, बन्दीप्रत्यक्षीकरण, आशिष भण्डारी वि. श्री उच्च अदालत तुलसीपुर बुटवल इजलाससमेत*

निवेदक आशिष भण्डारीउपर लागु औषध (ब्राउन सुगर) मुद्दा रुपन्देही जिल्ला अदालतबाट फैसला भई उक्त फैसलाउपर वादी/प्रतिवादी दुवैको पुनरावेदन परी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट फैसला भएपश्चात् रिट निवेदनक प्रतिवादीका नाउँमा जारी पुनरावेदन गर्ने म्याद सूचना टाँस गर्ने विषयमा प्रस्तुत विवाद केन्द्रित रहेको पाइयो । उक्त मुद्दामा निवेदक/प्रतिवादीले सुरू अदालतमा बयान गर्दा निजको स्थायी वतन जिल्ला रुपन्देही आनन्दवन गा.वि.स वडा नं. ५ हो भनी उल्लेख गरेको देखिन्छ । निवेदक प्रतिवादीले जिल्ला अदालत, रुपन्देहीको, मिति २०६९।०३।१० मा गरेको बयानको प्रकरण नं. १ मा आफ्नो वतन जिल्ला रुपन्देही, आनन्दवन गा.वि.स. वडा ५ भनी उल्लेख गरेको मिसिल संलग्न लागु औषधको सुरू

मिसिलबाट देखिएको छ । निज प्रतिवादीलाई एक वर्ष कैद र दश हजार जरिवाना हुने गरी सुरू जिल्ला अदालतबाट मिति २०७०/०२/२८ मा फैसला भएको देखिन्छ । उक्त सुरू जिल्ला अदालतबाट भएको फैसलामा चित्त नबुझि वादी नेपाल सरकार र निवेदक/प्रतिवादी आशिष भण्डारी दुवैपक्षबाट पुनरावेदन परी रिट निवेदक/प्रतिवादीलाई पाँच वर्ष कैद र पाँच हजार जरिवाना भएको पाइयो । उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट फैसलाको तपसिल खण्डमा रिट निवेदक/प्रतिवादीलाई पुनरावेदन गर्नेका लागि दिएको म्याद सूचना निज रिट निवेदक स्वयंले नै अदालतसमक्ष उल्लेख गरेको जिल्ला रुपन्देही, आनन्दवन गा.वि.स वडा नं. ५ को वतनमा म्याद जारी गरी उमेर पुगेको व्यक्ति फेला नपरेकोले वडाको रोहबरमा घरमा टाँससमेत गरिएको देखियो । उच्च अदालतबाट फैसलाअनुसार टाँस भएको पुनरावेदनको म्यादमा निज निवेदक/प्रतिवादीले सुरूमा बयान गरी खुलाएको वतनमा नै म्याद जारी गरिएको देखिन्छ । यसरी निवेदक/प्रतिवादी स्वयंले लेखाएको ठेगानामा पुनरावेदनको म्याद रीतपूर्वक जारी भएको देखिँदा निवेदकको हकमा भएको फैसला प्रकृतिक न्यायको सिद्धान्तविपरीत भएको वा सुनुवाइको मौका निवेदकले प्राप्त नगरेको भन्ने अवस्थाको विद्यमानता रहेको देखिएन। यस अवस्थामा वतन फरक परेको, रुपन्देही जिल्ला आनन्दवन गा.वि.स वडा नं. ३ मा बस्ने गरेको भन्ने रिट निवेदकको जिकिर तथ्यसङ्गत र मनासिब देखिएन । तह तह अदालतको न्यायिक प्रक्रियामा सामेल रही प्रतिवाद गरेको अवस्थामा आफैँले खुलाएको वतनमा गरिएको पुनरावेदन गर्ने म्याद सूचनालाई अहिले आएर आधारहीन तर्क अगाडि सारी अदालतबाट कानूनबमोजिम भएको काम कारबाही र फैसलालाई बदर बातिल गर्नु मनासिब देखिँदैन। रिट निवेदकलाई कानूनबमोजिम प्रतिवादको उचित र पर्याप्त अवसर प्रदान गरिएको नै देखिने।

रिट निवेदकका नाममा अदालतबाट जारी भएको पुनरावेदनको म्याद रीतपूर्वकको देखिएको, निवेदक विभिन्न चरणको न्यायिक प्रक्रियामा सामेल रहेको, निजलाई सजाय गरी भएको उच्च अदालत तुलसीपुर बुटवल इजलासबाट मिति २०७२/०२/१२ मा फैसला भएको र निवेदकको सुनुवाइको हकमा असर परेको नदेखिएको हुँदा तह तह हुँदै अन्तिम भई बसेको फैसला र सो फैसलाअनुसार निजको नाउँमा जारी भएको कैदी पुर्जीलगायतको काम कारबाहीबाट निवेदकको कुनै हक अधिकारमा असर परेको समेत नदेखिएको हुँदा अदालतको फैसलाअनुसार कैदमा रहेकोलाई गैरकानूनी रूपमा बन्दी बनाएको भनी मान्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत :- शारदा फुयाल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल साउन १६ गते रोज ३ शुभम्।

**२५**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-११५६, कर्तव्य ज्यान, नेपाल सरकार वि. जोगी साहसमेत*

मृतकको लास जाँच प्रतिवेदनबाट मृतकको मृत्युको कारणमा strangulation by a ligature भन्ने उल्लेख भएको देखिएको छ । सो प्रतिवेदनबाट पनि मृतकका सासू ससुराले मृतकलाई झुन्ड्याएर कर्तव्य गरी मारेको भन्ने प्रमाण मिसिल संलग्न कागजातबाट पुष्टि हुन सकेको पाइँदैन । लास दबाउन सहयोग गर्ने भनिएका अन्य प्रतिवादीहरूउपरको अभियोग दाबीतर्फ विचार गर्दा निज प्रतिवादीहरू आरोपित कसुरमा अदालतसमक्षको बयानमा इन्कार रहेको अवस्था छ भने मिसिल संलग्न कुनै पनि प्रमाणले मृतकको मृत्युमा यिनीहरूको संलग्नता रहेको भनी देखाउन सकेको पाइँदैन । छिमेकीले मलामी जाऔँ भनी मलामी गएकै आधारमा मात्र कसैलाई ज्यान मारेको फौजदारी कसुरमा सहयोगीको दोषारोपण गरी सजाय गर्न नमिल्ने।

प्रतिवादीहरूको कर्तव्यबाट मृतकको मृत्यु

भएको भन्ने तथ्य शंकारहित ढंगले पुष्टि नभई मृतकको मृत्यु strangulation by a ligature भन्ने देखिएको हुँदा शंकाको भरमा कसुर स्थापित गरी प्रतिवादीहरूलाई सजाय गर्न मिल्ने देखिँदैन । प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा प्रतिवादीउपरको कसुर प्रमाणित गर्ने भार वादी पक्षको हुने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । वादी पक्षकै साक्षी लासजाँच प्रकृति मुचुल्का गर्ने प्र.ना.नि. गोविन्दबहादुर थापाले पुनरावेदन अदालत राजविराजमा बकपत्र गर्दा मृतकको शरीरमा बाहिरी चोटपटक देखिएको थिएन भनी भनिएबाट एउटा जवान महिलालाई सहजै पाका उमेरका सासू र ससुराले कर्तव्य गरी मारी झुन्ड्याउने कार्य गर्दा शरीरमा बाहिरी चोटपटक देखिनुपर्नेमा सो नभएबाट समेत मृतक स्वयंले डोरीको पासो लगाई आत्महत्या गरेको अवस्था विश्वसनीय रहेको देखिन्छ । झुन्डिएको अवस्थामा परिवारको सदस्य आफन्तलाई देखेपछि बाँच्ने आशाले तत्काल डोरी काटिएको कारण डोरीका दुई टुक्रा घटनास्थलमा देखिएबाट समेत मृतकको मृत्यु कर्तव्य गरी झुन्ड्याएको नभई आफैँ झुन्डिएर आत्महत्या गरेको घटना पुष्टि भएको देखिन्छ । यसरी प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट प्रतिवादीहरूउपरको कसुर प्रमाणित गर्न सकेको नदेखिँदा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरेको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने ठहर गरेको पुनरावेदन अदालत राजविराजको फैसलालाई अन्यथा मान्न मिलेन । तसर्थ अभियोग दाबीबमोजिम नै प्रत्यर्थी प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

सुरू सिराहा जिल्ला अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरेको मिति २०७०।२।१२ को फैसलालाई सदर गर्ने ठहऱ्याएको पुनरावेदन अदालत राजविराजबाट मिति २०७१।११।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत :- केशब पराजुली

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल असोज ७ गते रोज १ शुभम् ।

२६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-०७७१, ०७५-CR-०८२०, कर्तव्य ज्यान, टुकबहादुर भण्डारी वि. नेपाल सरकार, नेपाल सरकार वि. टुकबहादुर भण्डारी*

प्रस्तुत मुद्दामा प्रतिवादी टुकबहादुर भण्डारीले सुरू अदालतमा बयान गर्दा निज र निजका बाबु मृतक मोहनबहादुर भण्डारीबिच घरायसी कुरामा विगत केही दिनदेखि सामान्य विवाद हुँदै आएको, मिति २०७३।५।४ का दिन पनि निजहरूबिच सामान्य विवाद भएको, सोही क्रममा उक्त दिन मृतक मोहनबहादुरले प्रतिवादीलाई घाँटीमा समाउन आएकोमा प्रतिवादीले प्रतिकार स्वरूप मृतक बाबुलाई हातले आँगनतिर धकेल्दा मृतक आँगनको बारीमा बोडी लगाउनका लागि गाडेको काठको ठुटामा ठोक्किई भुइँमा लडी बेहोस भएको बेहोरा खुलाएको देखिन्छ भने मौकाको बयानमा निजले मृतक बाबुलाई हात, लात्ती र घुँडाले समेत हानेको बेहोरा उल्लेख भएको देखिन आउँछ । साथै मृतक ६५ वर्षको वृद्ध हुनुका साथै पहिलादेखिकै पिसाबसम्बन्धी समस्याको बिरामी रहेको र निजको उपचार भइरहेको भन्नेसमेत प्रतिवादीको मौकाको र अदालतसमक्षको बयान एवं जाहेरवालाको बकपत्रबाट खुलेको देखिन्छ । यसरी मृतक र प्रतिवादीबिच मिति २०७३।५।४ का दिन भएको कुटपिटपछि भुइँमा लड्न पुगेका मृतक तत्कालै बेहोस भएपछि छिमेकमै घर बनाई बसेका निजका छोरीज्वाइँ नाताका जाहेरवाला दण्डबहादुर थापाले निजलाई उपचारार्थ भरतपुर अस्पतालमा लगेको र उपचारकै क्रममा उक्त अस्पतालमा मिति २०७३।५।७ का दिन बिहान पीडित मोहनबहादुर भण्डारीको मृत्यु भएको भन्ने बेहोरा

मिसिल संलग्न कागज प्रमाणहरूबाट देखिन आएको छ। साथै मृतक मोहनबहादुर भण्डारीको मृत्यु निजको पेटमा लागेको बोधो चोटले आन्द्रामा सङ्क्रमण भई भएको हो भन्नेसमेत बेहोराको शव परीक्षण गर्ने डा. नुवादत्त सुवेदीले उच्च अदालत पोखरामा गरेको बकपत्रसमेतका आधार प्रमाणहरूबाट पहिलेदेखि नै पिसाबसम्बन्धी बिरामी रहेका मृतक मोहनबहादुर भण्डारीको मृत्यु हुनमा प्रतिवादीसँग निजको विवाद हुँदाका बखत प्रतिवादीले निजलाई धकेल्दा लाग्न गएको चोट वा प्रतिवादीले गरेको कुटपिटको परिणामस्वरूप निजको पेटमा लाग्न गएको चोटको कारणबाट आन्द्रामा सङ्क्रमण भई भएको भन्ने देखिन आयो। यसबाट मृतकको मृत्यु प्रतिवादीको कर्तव्यबाट भएको देखिए पनि मृतकलाई मार्नै पर्नेसम्मको रिसइवी प्रतिवादीमा रहे भएको नदेखिएको तर मृतक बाबुसँग विवाद हुँदा आवेशमा आई रिस थाम्न नसकी हातले आँगनतिर धकेल्दा वा आवेशमा आई मृतक बाबुलाई हात, लात्ती र घुँडाले सामान्य कुटपिट गर्दा लागेको चोटको परिणामस्वरूप मृतकको पेटको आन्द्रामा सङ्क्रमण भई सोही सङ्क्रमणको कारणबाट भएको भन्ने पुष्टि हुनआयो। यस्तो स्थितिमा प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत ऐ. को १३(३) नं.बमोजिमको कसुर पुष्टि हुन आएको भन्ने नदेखिँदा वादी पक्षको पुनरावेदन जिकिरबमोजिम प्रतिवादीलाई ऐ. को १३(३) नं. बमोजिमको सजाय गर्न नमिल्ने।

प्रतिवादीले आफ्नो पुनरावेदनमा उच्च अदालतको फैसला उल्टी गरी आफूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. बमोजिमको भवितव्य कसुरको कसुरदार ठहर गरी सोबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर लिएको देखिन्छ। सो सम्बन्धमा हेर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा "ज्यान लिने इवीलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्लाजस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। प्रस्तुत वारदातको प्रकृति हेर्दा, मृतक मोहनबहादुर भण्डारी र निजको छोरा यी प्रतिवादीबिचको घरायसी विवादमा यी प्रतिवादीले आफ्नै वृद्ध तथा बिरामी बाबुलाई हातले आँगनतिर धकेल्नुका साथै सोही बखत आवेशमा आई बाबुलाई हात, लात्ती र घुँडाले समेत प्रहार गर्नु र सो कारणबाट मृतकको पेटमा चोट लाग्न गई पहिलादेखि नै बिरामी रहेका निजको पेटको आन्द्रामा सङ्क्रमण भई उपचारको क्रममा निजको मृत्यु भएको देखिँदा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं.बमोजिमको भवितव्यको कसुरको रूपमा लिई सोहीबमोजिम प्रतिवादीलाई सजाय गर्नु उक्त कानूनी व्यवस्था अनुकूल देखिएन। तसर्थ भवितव्यमा सजाय हुनुपर्ने भन्ने प्रतिवादीको उक्त पुनरावेदन जिकिर मनासिब नदेखिने।

प्रतिवादीको मृतक बाबुसँग विवाद हुँदा तत्काल आवेशमा आई रिस थाम्न नसकी हातले आँगनतिर धकेली हात, लात्ती र घुँडाले समेत सामान्य कुटपिट गरेको र सोही चोट पीरको परिणामस्वरूप मृतकको पेटको आन्द्रामा चोट लागी सङ्क्रमण भई मृत्यु भएको भन्ने पुष्टि हुन आएको देखिएबाट प्रस्तुत मुद्दामा प्रतिवादीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं.बमोजिमको कसुर ठहर गरी निजलाई सोही नं.बमोजिम १० वर्ष कैद सजाय गरेको उच्च अदालत पोखराको फैसला कानूनसम्मत र न्यायोचित नै देखिने।

प्रतिवादी टुकबहादुर भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिमको कसुरमा ऐ. महलको १३(३) नं. बमोजिमको सजाय ठहर गरेको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०७४।५।६ को फैसला केही उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिमको कसुरमा सोही नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याएको उच्च अदालत पोखराको

फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत :- प्रदीपकुमार उपाध्याय

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल साउन २१ गते रोज १ शुभम्।

## इजलास नं.६

### २७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७२-CI-१४३०, लिखत बदर दर्ता बदर दर्ता कायम, रुनीयादेवी साहसमेत वि. सुकुमार साह तेली*

प्रतिवादी दिपनारायण साहले जिल्ला सप्तरी, कोचावखारी गा.वि.स. वडा नं.७ कि.नं. २६३ को ०-५-५, ऐ.ऐ. वडा नं. ८(क) कि.नं. ४६३ को ०-०-११ र ऐ. कि.नं. ४६२ को ०-१-१ जग्गाहरू र. नं. १३० मिति २०६७।४।४ गते प्रतिवादी दिपनारायण साहले पुनरावेदक प्रतिवादी सुकुमार साह तेलीलाई राजीनामा पारित गरिदिएको मिसिलबाट देखिन्छ । साथै सोही मितिमा र.नं. १२४ बाट रुनियादेवी तेलिनले कि.नं. १८९ को ०-१-६ मध्ये ०-०-१४ जग्गा र कि.नं. ४३८ को ०-६-६ पूरै जग्गासमेत जम्मा ०-७-० सुकुमार साह तेलीलाई नै बिक्री गरेकोमा र.नं. १२४ को राजीनामा बदर गराउन कोही पनि आएको मिसिलबाट नदेखिने।

त्यसै गरी दुवै जना पति पत्नीले एकै व्यक्ति सुकुमार साहलाई एकै मितिमा र.नं.१२४ र र. नं. १३० मार्फत जग्गा राजीनामा पारित गरिदिएको समेत देखिएकाले वादीका पति पिताले बिक्री गरेको कुरा मौकामा थाहा थिएन, नक्कल सारेपछि मात्र थाहा हुन आयो भन्ने भनाइ विश्वासयोग्य देखिएन। अहिले पनि पति, पत्नी र छोरा एकासगोलमा नै बसी आएको भनी फिरादपत्रमा वादीहरूले नै स्वीकार गरेको र अंशबन्डाको सम्बन्धमा कुनै विवाद भएको कुरा मिसिलमा उल्लेख गरेको नपाइएको परिप्रेक्ष्यमा जग्गाजस्तो पुर्खौली सबै परिवारको हक लाग्ने सम्पत्ति बिक्री गर्दा वादीका पति पिता दिपनारायण साहले आफ्नो पत्नी र छोरालाई थाहा जानकारी नदिई लुकाइ छिपाइ बिक्री गर्नुपर्ने कारण देखिँदैन र पुनरावेदक वादीले समेत सोको कारण खुलाउन सकेको नदेखिँदा मिति २०६७।४।४ मा नै पुनरावेदक वादीले थाहा पाएको हो भनी मान्नुपर्ने हुन्छ। पुनरावेदक वादीले मिति २०६७।४।४ मा बिक्री गरेको जग्गाको लिखत बदर गरिपाउँ भनी मिति २०६७।१०।२० मा दायर गरिएको फिराद मुलुकी ऐनको लेनदेन व्यवहारको १० नं. मा अंश नभएको अंशियारले साक्षी पनि नबसेको र मन्जुरीको लिखत पनि नभएको मन्जुर नहुनेले रजिस्ट्रेसन भएको मितिले एक वर्षसम्ममा थाहा पाएको पैँतिस दिनभित्र उजुर गऱ्यो र निजको मन्जुर ठहरिएन भने निजको हकजति सो सम्पत्ति निजलाई फिर्ता गराई दिनुपर्छ भनी उल्लेख भएको हदम्याद पनि नाघेर परेको देखिन्छ भने वादीका पति पिताको नाउँमा अझ पनि बिक्री गरेभन्दा बढी नै जग्गा कायम रहेको र वादीमध्ये रुनियादेवीले पनि आफ्नो नाउँमा रहेको ७ कट्ठा जग्गा बिक्री गरी केही घरजग्गा बाँकी रही निजहरू निरअंशी हुन गएको स्थितिसमेत देखिन आउँदैन। तसर्थ पुनरावेदक वादीले जिकिर गरेजस्तो वादीका पति पिता दिपनारायण साह वादीहरूलाई कुनै थाहा जानकारी नदिई बेचबिखन गरेको भन्ने कुरा मनासिब नदेखिने।

प्रतिवादी दिपनारायण साहले अर्को प्रतिवादी सुकुमार साहलाई मिति २०६७।४।४ को र.नं. १३० बाट पारित भएको राजीनामाको लिखतमा उल्लिखित कि.नं. २६३ को ज.वि. ०-५-५, कि.नं. ४६३ को ०-०-११, कि.नं. ४६२ को ०-१-१ जग्गामध्ये वादीहरूको अंश हकसम्मको ३ भागको २ भाग लिखत बदर हुने ठहऱ्याई सुरु सप्तरी जिल्ला अदालतको मिति २०६८।१२।१६ को फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी नपुग्ने ठहर्छ भनी पुनरावेदन अदालत

राजविराजबाट भएको फैसला मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृत - मिलनचन्द्र महत

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल माघ २२ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०७२-CI-१४३४, लिखत बदर दर्ता बदर दर्ता कायम, रुनीयादेवी साहसमेत वि. सुकुमार साह तेली भएको मुद्दामा पनि यसैनुसार फैसला भएको छ ।

२८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७७-RC-००११, कर्तव्य ज्यान, नेपाल सरकार वि. मेनुका अधिकारी (कटुवाल)*

प्रतिवादी मेनुका अधिकारीले अदालतमा बयान गर्दा अधिकार प्राप्त अधिकारीसमक्ष गरिएको बयान आफ्नो इच्छाविपरीतको भनी जिकिर लिएको देखिँदैन । साथै निजलाई जबरजस्ती गरी बयान गराउनुपर्ने कारण अवस्थामा पनि देखिँदैन । मृत भनिएका सुवास कटुवालको मृत्यु के कसरी भएको रहेछ भन्ने तर्क विचार गर्दा शवपरीक्षण प्रतिवेदनअनुसार Cause of Death is due to Asphyxia as a result of strangulation भनी उल्लेख भएको देखिन्छ ।Forensic Science अनुसार Asphyxia हुने विभिन्न कारणहरू suffocation, strangulation/ hanging,positional/mechanical/traumatic मध्ये Strangulation मा हात, ligature वा अन्य वस्तुले कुनै व्यक्तिको घाँटी निचोडी, सो व्यक्तिमा हावा फोक्सोमा पस्न रोकी, मस्तिस्कमा रगतको प्रवाह रोकी मृत्यु हुन सक्ने भनिएको छ । साथै सो Strangulation Homicide (कर्तव्य ज्यान) हुन signs of struggle (सङ्घर्षका चिह्नहरू): abrasions / lacerations and fingernail marks हुन्छ जसमा B.P. Koirala Institute of Health Sciences, Department of Forensic Medicine and Toxicology Autopsy Report मा मृतक भनिएका सुवास कटुवालको मृत्युको परिस्थितिको थप विवरणमा समेत Crescentic abrasions are present on right side of neck of ०.४cm length which lies ४.३ cm away from the midline of neck just below the left angle of mandible, and the left side of neck which lies ५.२ cm away from the midline of neck just below the left angle of mandible भनी उल्लेख भएको देखिन्छ । साथै मृतकको शव परीक्षण गर्ने विशेषज्ञ डा. शिवेन्द्र झाले अदालतमा उपस्थित भई सवाल जवाफमा समेत मृतकको घाँटी थिचिएर निस्सासिएर मृत्यु भएको हो भनी बकपत्रसमेत गरेको देखिन्छ । यसरी मृतक सुवास कटुवालको मृत्यु कर्तव्यबाटै भएको हो भन्ने विवाद देखिएन । अब सो कर्तव्य ज्यान प्रतिवादी मेनुका अधिकारीबाटै भएको हो वा हैन भन्ने सन्दर्भमा निजले अदालतसमक्ष मृतक लोग्नेको छतबाट खसेको कारणले मृत्यु भएको हो, घाँटी थिची कर्तव्य गरी मारेको हैन भनी इन्कारी बयान गरेको भए तापनि अधिकारप्राप्त अधिकारसमक्ष निजले मेरो दाहिने हातले निजको किलकिले (घाँटीमा) कसेर समाए जहिले पनि तेरो यातना सहनुपर्ने भन्दै मैले निजको किलकिले घाँटीमा निकैबेरसम्म समाउदा घ्यार घ्यार गरी सिथिल हुँदै चल्न छाडेपछि नाटक गरेको होला भनी धकेली पलङ्गबाट तल भुइँमा झारी दिई बिहान राति अन्दाजी ३:०० बजेतिर निन्द्राबाट बिउँझिँदा बाबा भनी बोलाएँ नबोलेपछि घरधनीलाई बोलाएको भनी प्रतिवादी मेनुका कटुवाल (अधिकारी)ले गरेको बयान र सो बयानलाई मिल्ने गरी वादीका साक्षी पुण्यप्रसाद दाहालले अदालतसमक्ष बिहान ३:०० बजेको समयमा प्रतिवादी मेनुका कटुवाल(अधिकारी) ले ढोकामा ड्याक ड्याक गरी सुवास सुतेको सुत्यैछ आउनु भनी गरेको बकपत्र तथा लास जाँच मुचुल्काका मानिसका साक्षी गंगाबहादुर विष्टले घाँटीमा दाग थियो सुताइरहेको थियो मान्छे अररो भइसकेको थियो भनी गरेको बकपत्रले समेत र मृतक घट्नाको समयमा दुई

जनामात्र सँगै एउटै कोठामा रहेको भन्ने तथ्य अन्यथा भन्न सकिँदैन साथै शव परीक्षण गर्ने चिकित्सकले मृत्युको कारण निस्सासिनु (घाँटी थिचिएर) हो, छतबाट लडेर हुँदैन भनी अदालतमा गरेको बकपत्र र शव परीक्षण प्रतिवेदनबाट समेत मृतकको घाँटी थिचिएर निसास्सी निज प्रतिवादी मेनुका अधिकारीको कर्तव्यबाटै मृत्यु भएको तथ्य पुष्टि हुने ।

प्रतिवादी मेनुका अधिकारीलाई सुरू मोरङ जिल्ला अदालतबाट सर्वस्वसहित जन्मकैद ठहर्‍याई ५ वर्ष कैद गर्ने गरी राय व्यक्त भएकोमा उक्त फैसलालाई उच्च अदालत विराटनगरले सदर गर्नेगरी गरेको फैसला मिलेको छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" कानूनी व्यवस्थाअनुसार सर्वस्व हुने गरी सजाय नहुने कानूनी व्यवस्था रहेको हुँदा मिति २०७५।०९।२५ को फैसलामा सर्वस्व हुने गरी गरिएको सजायमा सर्वस्व कायम रहन नसक्ने ।

प्रतिवादी मेनुका अधिकारीलाई सुरू मोरङ जिल्ला अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्मकैदको सजाय हुने ठहर्‍याई जन्मकैद भएकोमा कैद घटी गरी ५ वर्ष कैद गर्ने मोरङ जिल्ला अदालतको राय सदर गर्ने गरी उच्च अदालत विराटनगरबाट मिति २०७५।९।२५ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत - मिलनचन्द्र महत र योमा मुलपती
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७७ साल कार्तिक २६ गते रोज ४ शुभम् ।

## २९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७५-CI-०३९०, उत्प्रेषणयुक्त परमादेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका साबिक वडा नं.३१ हाल कायम वडा नं. २८ कमलादीस्थित फुड जक्सन प्रा.लि. वि. जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौंसमेत*

निवेदक कम्पनी र विपक्षीमध्येका श्यामसुन्दर अग्रवाल र पुरुषोत्तम अग्रवालको बिचमा घरजग्गा बहाल लिने दिने गरी मिति २०७१।१०।११ देखि २०८२।२।१८ सम्मको १० वर्षको लागि करार सम्झौता भएको तथ्यमा विवाद देखिँदैन । सो करार सम्झौताको बुँदा नं. १८ मा करारको परिपालना सम्बन्धमा कुनै समस्या आइपरेमा मध्यस्थता ऐन, २०५५बमोजिम मध्यस्थ नियुक्ति गरी समाधान खोज्ने वा सम्बन्धित अदालतमा करार ऐन, २०५६बमोजिमको उपचार प्रक्रियामा जान पक्ष स्वतन्त्र रहने छ भनी उल्लेख भएको पाइन्छ । सोही सम्झौता पत्रमा नै उल्लिखित बहाल सम्झौताको भंग गर्नका लागि ३ महिना वा ९० दिनको सूचना दिनुपर्ने भन्ने बुदा नं. १४.१लाई आधार मानी घर खाली गर्न दिएको सूचनाबाट निवेदक कम्पनी र विपक्षीमध्येका श्यामसुन्दर अग्रवाल तथा पुरुषोत्तम अग्रवालको बिचमा विवाद उत्पन्न भएको देखिन्छ । निवेदकले निवेदन लिई अदालत प्रवेश गर्दा संवैधानिक तथा कानूनी हक हनन भएको भने तापनि विपक्षीबाट कुन संवैधानिक तथा कानूनी हकको कसरी हनन भएको भनी स्पष्ट रूपमा नखुलाई मूल रूपमा करार सम्झौताको सर्तअनुसार सम्झौता अवधि अगाडि नै घर खाली गर्नु भनी दिएको सूचनाअनुसार घर खाली गर्दा आफूलाई अपूरणीय क्षति हुने भनी अदालतमा प्रवेश गरेको देखिन्छ । यसरी करारमा उल्लिखित सर्तका सम्बन्धमा पक्षहरूबिचमा विवाद सिर्जना भएमा करार सम्झौतामा तोकिएको प्रक्रियाबाट नै हल खोजिनुपर्छ भन्ने करारको सामान्य मान्यता हो । करारीय सम्झौताबाट सिर्जित पक्षहरूको हक कारीय हक मात्र हो, यसलाई कानूनी वा संवैधानिक हकको रूपमा नलिइने ।

यसरी हेर्दा करारको परिपालनाको सम्बन्धमा

कुनै कठिनाई परेमा करार सम्झौतामा उल्लेख भएको मध्यस्थता ऐन, २०५५बमोजिम मध्यस्थ नियुक्ति गरी समाधान खोज्ने वा सम्बन्धित अदालतमा करार ऐन, २०५६बमोजिमको उपचार प्रक्रियामा जान पक्ष स्वतन्त्र रहने भन्ने सामान्य प्रक्रिया अवलम्बन गर्ने मार्ग निवेदकलाई खुल्ला नै रही वैकल्पिक उपचारको बाटो विद्यमान रहँदा रहँदै रिट क्षेत्राधिकार ग्रहण गरी अदालत प्रवेश गर्न मिल्ने देखिँदैन । साथै करारीय सम्झौताको परिपालना असाधारण अधिकारक्षेत्रबाट हुन सक्ने अवस्था पनि देखिन नआउँदा निवेदन कानूनसम्मत रहे भएको नदेखिने ।

जहाँसम्म निवेदकका विरुद्धमा परेको घरबहाल सम्झौताका सम्बन्धमा शान्ति सुरक्षा कायम गराइपाउँ भनी विपक्षी श्यामसुन्दर अग्रवालसमतेको निवेदनको आधारमा विपक्षी जिल्ला प्रशासन कार्यालयबाट शान्ति सुरक्षा कायम गराउने सम्बन्धमा विपक्षी प्रहरी कार्यालयमा निवेदन पठाएकोसम्म देखिन्छ । सो कार्य गर्नबाट प्रहरी कार्यालयलाई रोक्न मिल्ने पनि देखिँदैन र शान्ति सुरक्षा कायम राख्ने कार्य प्रहरी कार्यालयको प्रमुख दायित्वसमेत रहे भएको देखिन्छ । सो कार्यबाट निवेदकको हकाधिकारमा आघात परेको मान्नुपर्ने अवस्था पनि नदेखिने ।

निवेदक र विपक्षी पुरुषोत्तम अग्रवालसमेतका बिच खडा भएको मिति २०७१।१०।११ को घरबहाल सम्झौताको बुँदा १८ मा करार ऐन, २०५६ बमोजिम कानूनी उपचार अवलम्बन गर्ने भनी उल्लेख भएबाट निवेदकले सोहीअनुरूप कानूनी उपचारको मार्ग अवलम्बन गर्न सक्ने नै हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्नेसम्मको अवस्थाको विद्यमान नहुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भनी उच्च अदालत पाटनबाट मिति २०७४।१०।२४ मा भएको आदेश मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृत - मिलनचन्द्र महत

कम्प्युटर :- मन्जिता ढुंगाना

इति संवत् २०७७ साल फाल्गुन ९ गते रोज १ शुभम् ।

## ३०

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७३-CR-१२६४, ०७३-CR-१२९२, मानव बेचबिखन तथा ओसारपसार, अपहरण र शरीर बन्धक, जन्टु भन्ने उमानन्द यादव वि. नेपाल सरकार, सुनिलकुमार यादव वि. नेपाल सरकार*

कानूनबमोजिम जाहेरवालीको उमेर विवाहयोग्य देखिँदैन । प्रतिवादी र जाहेरवालीका बिचमा प्रेम सम्बन्ध रहे भएको र प्रतिवादीले जाहेरवालीलाई दिल्ली पुऱ्याउने कार्य गरेकोमा विवाद छैन । जाहेरवालीलाई दिल्ली पुऱ्याउने कार्य गर्दा प्रतिवादीले जाहेरवालीका संरक्षक आमाबुबाको मन्जुरी र सहमति लिएको देखिँदैन । त्यस्तै प्रतिवादीको जाहेरवालीसँग प्रेमसम्बन्ध रहे भए पनि जाहेरवालीलाई दिल्लीतर्फ पुऱ्याउने क्रममा प्रतिवादीले बेहोस हुने नशालु पदार्थ सुँघाई बेहोस बनाई गाडीमा चढाई दिल्ली पुऱ्याएको भनी जाहेरवालीले जाहेरी दरखास्त एवम् अदालतमा प्रमाणित गरेको बयानमा उल्लेख गरी सोही बेहोराको बकपत्रसमेत गरेको देखिन्छ । जाहेरवालीका पिता मौकामा कागज गर्ने देवानन्द यादव र वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले पनि प्रतिवादी जन्टु भन्ने उमानन्द यादवले जाहेरवालीलाई बेहोस हुने औषधी सुँघाई अपहरण गरी गाडीमा हाली लगेको भन्ने बेहोरा लेखाई सोही बेहोरा उल्लेख गरी बकपत्रसमेत गरिदिएको देखिन्छ । यसरी प्रतिवादी जन्टु भन्ने उमानन्द यादव र जाहेरवालीबिच प्रेम सम्बन्ध रही प्रेमी प्रेमिका रहे भएको देखिए पनि कानूनबमोजिम विवाह गर्ने उमेर नै नपुगेकी जाहेरवालीलाई विवाह गर्ने उद्देश्यका साथ प्रतिवादीले नशालु औषधी प्रयोग गरी बेहोस बनाई जाहेरवालीलाई भारतको दिल्ली पुऱ्याउने कार्य गरेको बेहोरा पुष्टि हुने ।

प्रतिवादी जन्टु भन्ने उमानन्द यादवले जाहेरवाली मोरङ्ग (झ१)लाई नशालु औषधी सुँघाई बेहोस बनाइ भारतको दिल्ली पुऱ्याएको पुष्टि भएको देखिए पनि बेचबिखन गरेको वा वेश्यावृत्तिमा लगाएकोमा

इन्कार रही बयान गरेको, जाहेरवालीले प्रतिवादी जन्टु भन्ने उमानन्द यादवले आफूलाई कुनै स्थान विशेषमा यस्तो व्यक्तिलाई बिक्री गरेको वा वेश्यावृत्तिमा लगाएको भनी भन्न नसकेको, जाहेरवालीका पितासमेतले बेचबिखन भएको वा वेश्यावृत्तिमा लगाएको अवस्थामा कुनै स्थान विशेषबाट कुनै व्यक्तिको कब्जाबाट उद्धार गरेको भनी मौकामा कागज गर्दा उल्लेख गर्न नसकेको, मौकामा कागज गर्ने व्यक्तिहरूले समेत अपहरण गरी लगेको भन्नेसम्म खुलाएको देखिए पनि यी प्रतिवादी जन्टु भन्ने उमानन्द यादवले जाहेरवाली परिवर्तित नाम मोरङ झ(१) लाई भारतको दिल्लीमा पुर्‍याई बेचबिखन गरेको भनी उल्लेख गर्न सकेको पाइँदैन । भारत दिल्लीमा रहेको प्रवासी नेपाली मित्र मञ्चको मिसिल संलग्न पत्रमा यी जाहेरवाली र प्रतिवादी दिल्लीमा पति पत्नी भई बसेको र दुईबिच प्रेम सम्बन्ध रहेको भन्ने बेहोरा उजागर भइरहेको देखिन्छ । उल्लिखित अवस्थाको विधमानता हुँदाहुदै केवल शंका र अनुमानकै भरमा मानव बेचबिखनजस्तो गम्भीर अपराधसमेतमा यी प्रतिवादी जन्टु भन्ने उमानन्द यादवउपर मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत ऐ. ४(२)(क) को कसुर अपराधमा ऐ. ऐनको दफा १५ (१)(ङ)(१) बमोजिम जनही १५(पन्ध्र) वर्ष कैद र रु.१,००,०००।- (एक लाख) जरिवाना हुने र ऐ. ऐनको दफा १७ बमोजिम प्रतिवादीलाई भएको जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी प्रतिवादीहरूबाट जाहेरवालीले क्षतिपूर्ति भरिपाउने तथा निज प्रतिवादीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १ र २ नं. को कसुर अपराधमा ऐ.को ३ नं.बमोजिम ७ वर्ष कैद र रु.५०,०००।- (पचास हजार रूपियाँ) जरिवाना, र ऐ. को ७ नं. र ९ नं.बमोजिम थप २/२ वर्ष कैद सजाय हुने गरी मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको उच्च अदालत विराटनगरको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी जन्टु भन्ने उमानन्द यादवलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको १ र २ नं. विपरीतको कसुरमा ऐ.ऐनको ३ नं. को अन्तिम वाक्यांशबमोजिम हुने सजाय र जाहेरवाली महिला हुँदा ऐ. ऐनको ९ नं. बमोजिमको थप सजायसम्म हुने ।

प्रतिवादी मुन्ना भन्ने सुनिलकुमार यादव अधिकार प्राप्त अधिकारीसमक्ष घटनामा आफ्नो संलग्नता रहेको भनी साबित रहे पनि अदालतमा बयान गर्दा कसुर गरेकोमा पूर्णइन्कार रही बयान गरेको, प्रतिवादी जन्टु भन्ने उमानन्द यादवले घटनामा अन्य प्रतिवादीको संलग्नता नरहेको भनी अदालतमा बयान गरेको, जाहेरवाली, जाहेरवालीका पिता देवानन्द यादव, वस्तुस्थितिमा मुचुल्कामा कागज गर्ने व्यक्तिहरू र घटना विवरण कागज गर्ने व्यक्तिहरूले घटनामा यी प्रतिवादी मुन्ना भन्ने सुनिलकुमार यादवको संलग्नता गोश्वारा रूपमा उल्लेख गरे पनि घटनामा यी प्रतिवादीको भूमिका स्पष्ट रूपमा खुलाउन नसकेको, यी प्रतिवादी भारतको दिल्ली गएको नदेखिएको समेतका प्रमाणहरूबाट यी प्रतिवादी मुन्ना भन्ने सुनिलकुमार यादवले अभियोग दाबीबमोजिमको कसुर अपराध गरेको पुष्टि हुन आएको देखिएन । यस स्थितिमा यी प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत ऐ.४(२)(क) को कसुर अपराधमा ऐ. ऐनको दफा १५(१)(ङ)(१) बमोजिम १५(पन्ध्र) वर्ष कैद र रु.१,००,०००।- (एक लाख) जरिवाना हुने र ऐ.ऐनको दफा १७बमोजिम जरिवानाको ५० प्रतिशतमा नघट्ने गरी प्रतिवादीहरूबाट जाहेरवालीले क्षतिपूर्ति भरिपाउने तथा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको १ र २ नं. को कसुर अपराधमा ऐ.को ३ नं.बमोजिम ७ वर्ष कैद र रु.५०,०००।- (पचास हजार) जरिवाना, र ऐ.को ७ नं. र ९ नं.बमोजिम थप २।२ वर्ष कैद सजायसमेत हुने ठहर्‍याई सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको उच्च अदालत विराटनगरको फैसला निज प्रतिवादीको हकमा उल्टी हुने भई प्रतिवादी मुन्ना भन्ने सुनिलकुमार यादवले

आरोपित कसुरबाट सफाइ पाउने अवस्था देखिने।

प्रतिवादी जन्टु भन्ने उमानन्द यादवलाई कैद तथा जरिवाना गरेको सुरू मोरङ्ग जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७३।९।१७ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई कानूनबमोजिम विवाहको उमेर नपुगेकी जाहेरवाली मोरङ्ग (झ१)लाई नशालु औषधी सुँघाई बेहोस बनाई भारतको दिल्ली पुऱ्याउने कार्य गरेको देखिएकोले प्रतिवादी जन्टु भन्ने उमानन्द यादवले मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं.बमोजिमको कसुर गरेको ठहर्छ। सो ठहरेकाले ऐ. ऐनको ३ नं. को अन्तिम वाक्यांशमा उल्लेख भएबमोजिम प्रतिवादी जन्टु भन्ने उमानन्द यादवलाई ५।- (पाँच) वर्ष कैद तथा रु.५०,०००।- (पचास हजार) जरिवाना र सोही ऐनको ९ नं.बमोजिम थप २।- (दुई) वर्ष कैदसमेत हुने र ऐ.१२ नं.बमोजिम निज प्रतिवादी जन्टु भन्ने उमानन्द यादवबाट जाहेरवाली मोरङ्ग (झ१) ले क्षतिपूर्ति रु.२५०००।- (पच्चिस हजार) समेत दिलाइ भराइ पाउने।

अर्का प्रतिवादी मुन्ना भन्ने सुनिलकुमार यादवको अभियोग दाबीअनुसारको कसुरमा कुनै किसिमको संलग्नता रहेको मिसिल संलग्न कागज प्रमाणबाट नदेखिएको हुँदा निज प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गरेको सुरू मोरङ्ग जिल्ला अदालतको फैसला सदर हुने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७३।९।१७ को फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी मुन्ना भन्ने सुनिलकुमार यादवले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत - टिकेन्द्रवीर जङ्ग राणा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल फागुन १२ गते रोज ४ शुभम्।

### ३१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७६-CR-१४६६, जबरजस्ती करणी, नेपाल सरकार वि. जोकभ भन्ने जोग सुब्बा लिम्बूसमेत*

वारदातबाट पीडित भएकी भनिएकी जाहेरवाली तथा प्रमाणका अन्य सबै मानिसले अनुसन्धानको बेहोराविपरीत अदालतमा बकपत्र गरेको देखिन्छ । पीडितसमेतको Hostile बकपत्र भएको अवस्थामा अन्य स्वतन्त्र प्रमाणबाट प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन सक्ने अवस्था छ, छैन भन्ने विषय नै महत्त्वपूर्ण हुन आउँछ। सो सम्बन्धमा हेर्दा पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट समेत पीडितउपर जबरजस्ती करणी भएको कुनै तथ्य देखिएको छैन । पीडित भनिएकी जाहेरवालीको Hymen not intact भन्नेसम्म उल्लेख भएकोमा Hymen intact नहुनु प्रतिवादीहरूले गरेको जबरजस्ती करणी नै कारक तत्त्व हो भन्ने तथ्य पनि पुष्टि भएको देखिँदैन । वारदात भएको भनिएको २६ दिनपछि भएको परीक्षणमा देखिएको Hymen intact नभएको विषयलाई प्रतिवादीहरू विरुद्धको प्रमाण मान्न सकिने अवस्था पनि रहँदैन । पीडित भनिएकी जाहेरवालीउपर सामूहिक जबरजस्ती करणी भएको भन्ने अभियोग दाबी रहेकोमा यति गम्भीर प्रकारको कसुर गर्दा पीडितको शरीरमा कुनै न कुनै प्रकारको घाउ चोट परेको खतसमेत परीक्षणबाट देखिनुपर्नेमा सोसमेत देखिएको अवस्था छैन। उमेर पुगेकी महिलाले आफूउपर सामूहिक जबरजस्ती करणी हुँदा स्वाभाविक रूपमा प्रतिकार, सङ्घर्ष गर्ने र सो गर्दा आफ्नो वा प्रतिवादीका शरीरमा त्यसको प्रतिकारबाट कुनै न कुनै प्रकारको चोटपटक लागी खत आदि देखिनुपर्नेमा सो केही देखिएको अवस्थासमेत छैन । यस अवस्थामा पीडित भनिएकी जाहेरवालीउपर जबरजस्ती करणी भएको भन्ने अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको समेत नदेखिने।

जबरजस्ती करणीजस्तो कसुरमा पीडितको भनाइ महत्त्वपूर्ण हुने र प्रमाण ऐन, २०३१ को दफा १० र १८बमोजिम त्यस्तो पीडितको भनाइ प्रमाण ग्राह्य हुने कुरामा विवाद हुन सक्दैन । प्रस्तुत मुद्दामा

पीडित जाहेरवालीको अदालतमा बकपत्रमार्फत भनाइ परीक्षण हुँदा निज परीक्षणमा खरो उत्रन नसकी जाहेरी बेहोरा नै खण्डित गरी बकपत्र गरेको अवस्थामा पीडित जाहेरवालीको मौकाको भनाइलाई प्रमाण ग्राह्य मान्न मिलेन । वारदातको अघि र पछि वारदातबारे सुन्ने थाहा पाउने प्रमाणका मानिसले पनि अनुसन्धानको बेहोराविपरीत अदालतमा बकपत्र गरेको अवस्थामा अभियोग दाबी समर्थित हुन सक्ने कुनै पनि प्रमाण देखिन आएन । करणीजस्तो कुरामा स्वयं पीडितले आफूमाथि करणी वारदात नै भएको छैन भन्दाभन्दै बलपूर्वक व्याख्या गरी पीडितालाई जबरजस्ती करणी भएकै हो भनी भन्नलाई तर्कसङ्गत तथा न्यायसङ्गत रुपले समेत उचित हुने देखिँदैन । ममाथि त्यस्तो कुनै अनैतिक कार्य भएको नै हैन, छैन भन्दाभन्दै नगरे, नभएको कुरालाई भएकै हो भनी भन्न मिल्ने देखिँदैन । साथै नभए, नगरेको कुरामा म पीडित हैन भन्दा भन्दै पनि पीडित नै हो भनी भन्न औचित्यपूर्ण तथा न्यायसङ्गत मान्न सकिँदैन र पीडित नै नभएकोलाई तपाइँ पीडितै हो भनी बलपूर्वक थोपर्नु न्यायसङ्गत नहुने ।

प्रतिवादीहरू जोकभ भन्ने जोग सुब्बा लिम्बु र मनिष भन्ने जीवन श्रेष्ठलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणी महलको ३(४) नं.बमोजिम जनही ५ वर्ष र सोही महलको ३(क) नं.बमोजिम जनही थप ५ वर्ष कैद सजाय हुने र निज प्रतिवादीहरूबाट जनही रु.५०,०००।- पीडित जाहेरवालीलाई क्षतिपूर्ति भराइदिने ठहऱ्याएको सुनसरी जिल्ला अदालतको मिति २०७५।८।२३ को फैसला उल्टी गरी प्रतिवादीहरूले आरोपित कसुर गरेको पुष्टि नहुँदा अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत विराटनगरको मिति २०७६।७।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत - हेमराज शर्मा

इति संवत् २०७७ साल पौष १ गते रोज ४ शुभम् ।

**३२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७३-WO-०८३१, उत्प्रेषण, उत्तम बस्नेत वि. जिल्ला विकास समितिको कार्यालय, कञ्चनपुरसमेत*

विपक्षीले निवेदकको बोलपत्र जमानत जफत गर्ने गरी गरेको निर्णय निजलाई मुकरर गरिएको दण्ड हो । त्यस्तो दण्ड मुकरर गर्दाको अवस्थामा विवेकसम्मत रूपमा निवेदनलाई आफ्नो सफाइ पेस गर्ने मौका दिनुपर्नेमा सोतर्फ उदासीन रही विपक्षी जिल्ला प्राविधिक कार्यालय र जिल्ला विकास समितिले उपल्लो निकायको पत्र र Bidding Document को प्रावधानलाई आधार बनाई तह तहमा ठाडो निर्णय गर्दै निवेदकलाई सामान्य जानकारीसम्म नदिई स्वेच्छाचारी तवरले बोलपत्र जमानत जफत गरिएको देखिन्छ । Bidding Document को ITB ३२.६समेतमा रहेका प्रावधानहरू बोलपत्र प्रक्रियालाई स्वच्छ एवम् अनुशासित बनाउने उद्देश्यले सारभूत रूपमा गरिएको व्यवस्था हो । सारभूत रूपमा गरिएका व्यवस्थाहरू आफैँमा पूर्ण नभई उचित विधि वा प्रक्रियामार्फत ती व्यवस्थाको अवलम्बन गर्नुपर्ने हुन्छ । अन्यथा त्यस्तो व्यवस्थाको प्रयोगमा प्रश्न उठ्ने अवस्था आउन सक्छ र न्यायिक पुनरावलोकनको विषय बन्न सक्छ । तर विपक्षी जिल्ला विकास समितिको कार्यालयसमेतले निवेदकको रु.२०,०००००।- (बिस लाख) को बोलपत्र जमानत जफत गर्ने निर्णय गर्दा प्रक्रियासम्मत रूपमा सोअघि निवेदकलाई सफाइको उचित मौका दिनुपर्ने वा निवेदकको कुरा सुन्नुपर्नेमा निवेदकलाई सामान्य जानकारीसमेत नदिई विपक्षीले एकाङ्गी रूपमा निवेदकको बोलपत्र जमानत जफत गरेको निर्णयलाई स्वच्छ, न्यायिक एवम् प्रक्रियासम्मत मान्न नमिल्ने ।

Bidding Document को ITB ३२.६ मा रहेको जफतसम्बन्धी व्यवस्थामा जफत गर्दा अवलम्बन गर्नुपर्ने प्रक्रिया उल्लेख भएको नदेखिए पनि निवेदकको बोलपत्र जमानत जफत गर्ने निर्णय गर्नुअघि निर्णय गर्ने पदाधिकारीहरूले निवेदकलाई सामान्य सफाइको मौका दिने विवेकसम्म प्रयोग गरेको नदेखिएबाट मिति २०७३।०९।१२ को निर्णय प्राकृतिक न्यायको सिद्धान्तअनुकूल एवम् न्यायोचित

रहेको नदेखिने।

निवेदकको Hard copy र सक्कल Bid Security पेस गरेको भन्ने दाबीलाई विपक्षीले अन्यथा पुष्टि गर्न नसकेको, विपक्षी जिल्ला प्राविधिक कार्यालयले E-bid मार्फत पेस गरेको कागजातहरूको Hard copy पेस गर्न सूचना प्रकाशित गरिए पनि बोलपत्र जफत गर्ने सूचना नदिइएको, E-submitted Bidलाई प्रस्ट र पुष्टि गर्ने कागजात बोलपत्रदातासँग माग गर्न सक्ने प्रावधान Bidding Document मा रहे भएको देखिए पनि विपक्षीले माग नगरी जफत गर्ने ठाडो निर्णय गरेको, सम्पूर्ण ठेक्का प्रक्रिया नै रद्ध भई बोलपत्र अमान्य गरी पुनः बोलपत्र आह्वान गरिएको अवस्थामा निवेदकको बोलपत्र जमानत फिर्ता दिनुपर्नेमा जफतको कारबाही गरिएको, सामान्य जानकारी र सफाइ पेस गर्ने मौकासमेत नदिई स्वेच्छाचारी तवरले जफत गर्ने निर्णय गरेको समेतका आधार र कारणबाट विपक्षी जिल्ला विकास समिति र जिल्ला प्राविधिक कार्यालय, कञ्चनपुरको मिति २०७३।०९।१२ को निर्णय र सो निर्णयको आधारमा जारी भएको च.नं. ४३५ मिति २०७३।०९।२२ को पत्र न्यायोचित र प्राकृतिक न्यायको सिद्धान्तअनुकूलको मान्न नमिल्ने हुँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। निवेदकले Bid Guarantee No: NCCB०३७३BB२३१(Bid Bond) मा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड बागबजार, काठमाडौंमा राखेको बैंक ग्यारेन्टी फुकुवा माग्न आए कानूनको रीत पुऱ्याई फुकुवा एवम् फिर्ता दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत - किरणकुमार सिंह

कम्प्युटर :- मन्जिता ढुंगाना

इति संवत् २०७८ साल पौष २९ गते रोज ५ शुभम्।

**३३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WH-०२३९, बन्दीप्रत्यक्षीकरण, अभयकुमार भन्ने राजु शाक्य वि. ललितपुर जिल्ला अदालत, ललितपुरसमेत*

प्रतिवादीको हैसियतमा रहेका यी निवेदकलाई फैसलाबमोजिम लागेको ३ वर्ष कैदको हकमा ललितपुर जिल्ला अदालतको कैदीपुर्जीबाट मिति २०७५।५।३० मा कैद भुक्तान भएको र जरिवाना नतिरेकोले जरिवानाबापतको साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ३८, ४० र ५३ नं.बमोजिम हुने थप चार वर्षको हदको कैद भुक्तान भइरहेको वर्तमान अवस्थामा परिवर्तित कानून मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम ठगी मुद्दामा प्रस्तुत कसुरको सम्बन्धमा अधिकतम सत्तरी हजार रूपियाँसम्म जरिवाना हुने भएकाले निज निवेदकलाई सोहीबमोजिम केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ग) बमोजिम रु.७०,०००।- (सत्तरी हजार) भन्दा बढी जरिवाना गर्न नहुने र ऐ. कानूनी व्यवस्थाबमोजिम मात्र फैसला कार्यान्वयन गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा निवेदकलाई ठहरेको कैद भुक्तान भइसकेको देखिएको र मुलुकी अपराध संहिता, २०७४ को दफा १५५(३) तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम अधिकतम रु.७०,००० ।- (सत्तरी हजार) जरिवानाको प्रतिदिन रु.३००।- का दरले २३४ दिनसम्म कैदमा बस्नुपर्नेमा निजको कैद भुक्तान भएको मिति २०७५।५।३० देखि निज निरन्तर आजको मितिसम्म २ वर्ष ६ महिना ८ दिन अर्थात् ९१८ दिन कैदमा बसेको देखिँदा निजलाई लाग्ने जरिवानाबापतको हुने अधिकतम कैद २३४ दिनभन्दा बढी अवधि कैदमा बसिसकेको पाइयो । तसर्थ, केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा २ को खण्ड (ग) ले प्रदान गरेको लाभ र सुविधा यी रिट निवेदकले प्राप्त गर्न सक्ने नै देखिने।

रिट निवेदकलाई माथि उल्लिखित ठगी मुद्दामा ठहर भएको कैद र जरिवानाको हकमा निजले जरिवाना नतिरी सोबापत हुने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५(३) तथा मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा

१६१(२) बमोजिम अधिकतम रु.७०,०००।- (सत्तरी हजार) हुने जरिवानाको प्रतिदिन रु.३०० को दरले २३४ दिनसम्म कैदमा बस्नुपर्नेमा निजलाई लागेको ३ वर्ष कैद मिति २०७२।६।१ देखि मिति २०७५।५।३० गतेसम्म कैदमा बसी भुक्तान भइसकेको र जरिवानाको हकमा निज रिट निवेदकले जरिवाना नतिरेबापत मिति २०७५।६।१ गतेदेखि निरन्तर आजको मितिसम्म २ वर्ष ६ महिना ८ दिन अर्थात् ९१८ दिन थुनामा बसेको देखिँदा यी निवेदकले बुझाउनुपर्ने सत्तरी हजार रूपियाँ जरिवानाबापत हुने कैद २३४ दिनको अवधिभन्दा बढी कैद बसिसकेको देखिँदा निजलाई दिएको कैदीपुर्जी कानूनसम्मत भएको देखिएन । तसर्थ, ललितपुर जिल्ला अदालतको च.नं ६३३, मिति २०७४।४।२६ मा जारी उक्त कैदीपुर्जी जरिवानाबापत कैदको हकमा सम्म उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । ललितपुर जिल्ला अदालतबाट ठेकिएको उक्त कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर भएकोले निज निवेदक अभयकुमार भन्ने राजु शाक्यलाई अन्य मुद्दा, बेहोरा वा कारणबाट थुनामा राख्नु नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट मात्र आजै थुनामुक्त गरिदिनु भनी विपक्षीहरूका नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत - सुमनप्रसाद कुशवाहा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७७ साल चैत्र ९ गते रोज २ शुभम् ।

**३४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७७-WH-०२१४, बन्दीप्रत्यक्षीकरण, रकमबहादुर लोप्चन तामाङ वि. काठमाडौं जिल्ला अदालत, बबरमहलसमेत*

राजुमान श्रेष्ठको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी काभ्रेपलाञ्चोक जिल्ला, सिपाली चिलाउने गा.वि.स. घर भई ललितपुर जिल्ला, सातदोबाटो डेरा गरी बस्ने एकबहादुर तामाङको छोरा प्रवल डेन्जिन दोर्जे शेर्पा भन्ने मेघबहादुर तामाङसमेत भएको मुद्दा नं. ०७२-CR-३५६४ को ठगी, सरकारी छाप दस्तखत किर्ते मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०७३।१२।७ को फैसलाले तीन वर्ष छ महिना कैद र रु.९८,५९,६००।- जरिवाना एवम् किर्ते कागजको महलको ९ नं.बमोजिम एक वर्ष कैद र ऐ. को १२ नं.बमोजिम रु.५० ।- जरिवाना हुने ठहरी फैसला भएको देखिन्छ । काठमाडौं जिल्ला अदालतको च.नं. १६४९ मिति २०६७।६।९ को संशोधित कैद म्याद ठेकी पठाएको पत्रबमोजिम निज निवेदक प्रतिवादीलाई लागेको कैदको हद ३ वर्ष ६ महिना कायम गरी मिति २०७३।१।१७ गतेदेखि मिति २०७६।७।१६ गतेसम्म कैद भुक्तान हुने र निजलाई लागेको जरिवाना रु.९८,५९,६५०।- दाखेल नगरे सोबापत साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ३८, ४० र ५३ नं.समेतको आधारमा चार वर्ष कैद हुने हुँदा मिति २०७६।७।१६ गतेदेखि २०८०।७।१६ सम्म थुनामा राख्नु भनी कैदीपुर्जी दिएको देखिन्छ । निज निवेदक प्रतिवादीलाई साबिक मुलुकी ऐन, ठगीको महल र किर्ते कागजको महलअनुसार सजाय भएकोमा हाल परिवर्तित मुलुकी अपराध संहिता, २०७४ को दफा २४९(३)(ग) बमोजिम ठगी गरेकोमा अधिकतम ७ (सात) वर्षसम्म कैद र ७०,०००। सत्तरी हजार रूपियाँसम्म जरिवाना हुने कानूनी प्रावधान रहेको पाइन्छ । निज निवेदक प्रतिवादीलाई ठगी को ४ नं.,८ नं. र किर्ते कागजको ९ नं.बमोजिम भएको कैद क्रमशः तीन वर्ष छ महिना र एक वर्षलाई कैद हद कायम गर्दा निज थुनामा रहेको मिति २०७३।१।१७ गतेदेखि मिति २०७६।७।१६ गतेसम्म तीन वर्ष छ महिना भुक्तान भइसकेको र निजले तिर्नुपर्ने जरिवानाबापत मुलुकी अपराध संहिता, २०७४ को उल्लिखित परिवर्तित कानूनी व्यवस्थाबमोजिम निजलाई ठगी गरेबापत हुन सक्ने अधिकतम जरिवाना रु.७०,०००।–(सत्तरी हजार) नबुझाई कैदबाट असुल गर्नुपर्दा मुलुकी फौज्दारी कार्यविधि संहिता, २०७४ को दफा १६१(२) बमोजिम प्रतिदिन रु.३००।- का दरले अधिकतम २३४ दिन कैद बस्नुपर्नेमा मिति २०७६।७।१७ गतेदेखि आजको मिति २०७७।११।१७ गतेसम्म झण्डै १ वर्ष ४ महिना

(४८५ दिन) थुनामा रही जरिवानाबापत बस्नुपर्नेभन्दा बढी अवधि उक्त गैरकानूनी कैदीपुर्जीको कारण थुनामा रहेको देखियो। तसर्थ, काठमाडौं जिल्ला अदालतबाट मिति २०७६।६।९ मा जारी भएको संशोधित कैदीपुर्जी उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा कानूनसम्मत नदेखिँदा उक्त मिति २०७६।६।९ को कैदीपुर्जी उत्प्रेषणको आदेशले बदर गरिदिने।

इजलास अधिकृत - ताराप्रसाद जोशी

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल फागुन १७ गते रोज २ शुभम्।

**३५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-RB-०३०१, आयकर ।(०६०/०६१), ०७४-RB-०३१०, ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर वि. राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं, राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं वि. ठुला करदाता कार्यालयसमेत*

आयकर ऐन, २०५८ को दफा २५(१)(ख) मा "प्राप्त गरिएको रकमको लेखा एक्रुएल आधारमा राखिएकोमा पछि गएर सो व्यक्तिले सो रकम प्राप्त गर्ने आफ्नो अधिकार छाडिदिएमा वा सो रकम सो व्यक्तिको ऋण दाबी भएको अवस्थामा निजले सो ऋणलाई डुबेको ऋण मानी अपलेखन गरेमा" भन्ने व्यवस्था रहेको देखिन्छ। उल्लिखित पर्याप्त मौज्दात भई एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गरिएको अवस्थालाई रकम प्राप्त गर्ने अधिकार छाडिदिएको वा डुबेको ऋण मानी अपलेखन गरेको अवस्थासँग तुलना गर्न मिल्दैन । आवश्यकता र औचित्यको आधारमा एक शीर्षकबाट अर्को शीर्षकमा रकमान्तर गरिएको रकमलाई अनिवार्यतः अपलेखन गर्नुपर्ने अवस्थासमेत हुँदैन।

कानूनको स्पष्ट व्यवस्था र सो व्यवस्थाको प्रयोगबाहेक कर लगाउने कार्य स्वेच्छाचारी हुन पुग्ने हुँदा कर निर्धारण गर्दा कानूनको स्पष्ट उल्लेखनले मात्र सो संवैधानिक मान्यताको पालना हुने देखिन्छ। कानूनको स्पष्ट उल्लेख नगरी कर लगाउने कार्यलाई न्यायोचित मान्न मिल्दैन।

आयकर प्रयोजनका लागि कायम हुने नाफा र बोनस प्रयोजनका लागि गणना हुने नाफाको उद्देश्यलाई फरक दृष्टिले हेर्नुपर्ने हुन्छ । बोनस ऐन, २०३१ मा बोनस वितरण गरिएको रकम खर्चमा कट्टी गर्न नपाउने भन्ने व्यवस्था रहेको देखिँदैन । त्यस्तै कानूनद्वारा व्यवस्थित बोनससम्बन्धी व्यवस्थालाई आयकर ऐन, २०५८ को दफा १३बमोजिमको व्यवसाय वा लगानीबाट आयआर्जन हुने कार्यमा भएको कारोवारसँग सम्बन्धित खर्च नै मान्नुपर्ने हुन्छ । यस दृष्टिले आयकर ऐनबमोजिम दाबी गरिएका वा नगरिएका खर्च वा आम्दानीको आधारमा दाबी गर्न पाउने बोनस रकमलाई खर्च कट्टी नदिनु न्यायोचित हुँदैन । बोनस ऐन, २०३१ बोनससम्बन्धी व्यवस्था गर्न बनेको विशेष कानून भएकोले बैंकको मुनाफा र लाभांश समावेश नभएको भन्ने आधारमा मात्र बोनस रकमलाई खर्च कट्टी अमान्य गर्दा बोनस ऐन, २०३१ को प्रावधानलाई सीमित तुल्याउने र कानूनका बिचमा द्वन्द्वको स्थिति सिर्जित हुन सक्ने देखिँदा बोनस ऐन, २०३१ मा भएको व्यवस्थालाई नै सर्वोपरि मान्नुपर्ने।

बैंकले व्यावसायिक प्रयोजनका लागि दिने कर्जा र कर्मचारीलाई दिने कर्जामा ब्याज नलिने वा पृथक् पृथक् ब्याजदर कायम गरिनुलाई अस्वाभाविक मान्न मिल्दैन । बैंकको कर्मचारीलाई दिइएको कर्जा सापटी र नियमित रूपमा गरिने व्यावसायिक कर्जा लगानी भएका अन्य ऋणीसँग तुलना गरी हेर्दा मात्र ब्याज दरमा फरक देखिने हो । बैंकले आफ्ना कर्मचारीहरूलाई स्वीकृत मापदण्डका आधारमा अन्य व्यावसायिक ग्राहकभन्दा फरक तवरले सहुलियत दरमा कर्जा उपलब्ध गराउन नसक्ने भन्न मिल्दैन। यस स्थितिमा बैंकले कर्मचारीहरूलाई प्रदान गरेको कर्जामा तोकेको ब्याजदरलाई नै प्रचलित ब्याज दर मान्नुपर्ने।

विज्ञलाई भुक्तानी गरेको उल्लिखित रकम पुनरावेदक करदाताले प्राप्त गरेको वा करदाताको खातामा प्राप्त हुन आएको देखिँदैन । कर निर्धारण

आदेशमा कर अधिकृतले सोधनी हुँदा भन्ने वाक्यांश प्रयोग गरेबाट पनि सो बेहोरा पुष्टि हुन आउँछ । साथै, सो रकम प्राप्ति वा खर्च गर्नमा पुनरावेदक बैंकको कुनै भूमिका रहे भएको र सो सेवा प्राप्त गर्न लागत लागेको अवस्था पनि छैन । परामर्शदातालाई भुक्तानी गर्न पुनरावेदक बैंकको खाताबाट खर्च लेखेको अवस्था पनि देखिँदैन । नेपाल राष्ट्र बैंकले विज्ञहरूलाई भुक्तानी दिएको रकमलाई कर पुनरावेदक बैंकको आयमा समावेश गर्ने आधारमा अन्तर्राष्ट्रिय लेखामान भनी उद्धृत गरेको देखिए पनि Accounting For Government Grants and Disclosure of Government Assistance को व्यवस्थामा “Grant should not be credited directly to equity, but should be recognized in profit or loss over the periods necessary to match them with the related costs” “Income related grants may either be presented as a credit in the income statement or deduction in reporting the related expenses” भन्ने उल्लेख भएको देखिएबाट आय विवरण देखाउँदा खर्च देखाउनुपर्ने वा विभिन्न वर्षहरूमा खर्च लेख्नुपर्छ भन्ने देखिन आउँछ । तर ठुला करदाता कार्यालयले उल्लिखित खर्चलाई अन्तराष्ट्रिय लेखामान भनी एकतर्फी रूपमा आयमा देखाउँदा खर्चलाई भने अन्देखा गरेको देखिँदा कर निर्धारण आदेशलाई अन्तर्राष्ट्रिय लेखामानअनुरूपको मान्न नमिल्ने ।

नेपाल राष्ट्र बैंकले नै दायित्व स्वीकार गरी विज्ञलाई भुक्तानी गरिसकेको तथा करसमेत तिरिसकेको एवम् पुनरावेदक बैंकलाई लेखा वा स्रेस्ता राख्नु भनी कुनै निर्देशनसमेत प्राप्त नभएको रकमलाई कुनै कानूनी व्यवस्था उद्धृत नगरी आयमा समावेश गरी एउटै रकममा दुई पटक कर तिर्नुपर्ने अवस्था सिर्जना गर्न मिल्दैन । कर अधिकृतले कानूनी व्यवस्था उल्लेख नगरी कर निर्धारण गरेको देखिए पनि कुनै लागतविना नै पुनरावेदक बैंकले सेवा प्राप्त गरेकोले त्यस्तो सेवाबापतको रकम प्रमाणीकरण हुने हो कि भन्नेतर्फ हेर्दा आयकर ऐन, २०५८ को दफा २७(१)(ङ) मा “भुक्तानी पाउने व्यक्तिको सट्टा तेस्रो व्यक्तिले भुक्तानी पाएमा सामान्यतया पाउने फाइदाको मूल्य बराबरको रकम” प्रमाणीकरण भई आयमा समावेश हुनुपर्ने भन्ने उल्लेख भएको देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाअनुसार तेस्रो पक्षले भुक्तानी पाएको रकम प्रमाणीकरण हुन करदाताले सो पक्षलाई भुक्तानी दिनुपर्ने कानूनबमोजिमको दायित्व सिर्जना भएको देखिनुपर्दछ । तर पुनरावेदक बैंकको व्यवस्थापन सुधारका लागि नेपाल राष्ट्र बैंकबाट नै विज्ञहरू खटाइएको, ती विज्ञहरूलाई भुक्तानी दिनुपर्ने गरी पुनरावेदक बैंकले कुनै दायित्व स्वीकार गरेको अवस्था नदेखिएको र नेपाल राष्ट्र बैंकबाट भएको भुक्तानीको अभिलेख पुनरावेदक बैंकमा रहेको नदेखिएबाट आयकर ऐन, २०५८ को दफा २७(१)(ङ) आकर्षित हुन सक्ने अवस्था देखिएन । यस अतिरिक्त उल्लिखित दफामा स्पष्टतः भुक्तानी पाउने व्यक्तिको सट्टा तेस्रो व्यक्तिले भुक्तानी पाएमा सामान्यतया पाउने फाइदाको मूल्य बराबरको रकमसम्म प्रमाणीकरण हुन सक्ने व्यवस्था देखिएकोमा सो रकमबाट पुनरावेदक बैंकले पाएको “फाइदा” को यकिन हिसाब गरी परिमाणिकरण नगरी व्यवस्थापन विज्ञहरूलाई नेपाल राष्ट्र बैंकबाट सोझै भुक्तानी दिएको पूरै रकमलाई गोश्वारारूपमा पुनरावेदक करदाताको खुद आयमा समावेश गरेको ठुला करदाता कार्यालयको निर्णय सदर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको निर्णय न्यायोचित र कानूनसम्मत नदेखिँदा उक्त निर्णय उल्टी भई उल्लिखित रु.१३,६२,१५,६०३ ।- पुनरावेदक पुनरावेदक बैंकको खुद आयमा समावेश गर्नुपर्ने नदेखिने ।

अन्य ब्याज खर्चअन्तर्गत लेखाङ्कन भएको ब्याज खर्चमध्ये सावधिक जीवन बिमा कोष रु.४,९६,३१,५८०।- पेन्सन तथा उपदान कोषमा रु.७,६८,९५,०७७।- औषधी उपचार कोषमा रु.४,३३,७०६।- कल्याणकारी सञ्चय कोषमा रु.११,३७,२६९।- एवम् कर्मचारी कल्याण कोषमा

रु.८,९५,००८।-समेत जम्मा रु.१२,८९,९२,६४०।- ब्याज खर्च प्रदान गरेको रकम आयकर ऐन, २०५८ को दफा १३ बमोजिम खर्च कट्टी नहुने निर्णय गरेकोमा सो कोषहरूमा भएको रकमहरू लगानी गरी आय आर्जन हुने कार्य गरेकोले सुरु कार्यालयबाट भएको निर्णय त्रुटिपूर्ण छ भनी पुनरावेदक बैंकको जिकिर रहेको देखिन्छ। पुनरावेदक बैंकको उल्लिखित जिकिर रहे पनि ती कोषहरू कर्मचारीको हित र सुविधाका लागि खडा गरिएको हुँदा सो कोषहरूमा जम्मा हुने रकम कर्मचारीहरूको सुविधासँग सम्बन्धित रहेकाले त्यसलाई व्यक्तिगत निक्षेपसरह मान्न मिल्ने तथा व्यक्तिगत निक्षेपसरह परिचालन गर्न सकिने देखिँदैन। पुनरावेदक बैंकले बैंकसँग सम्बन्धित यो यस्तो नीति, नियम वा कानूनी व्यवस्थाअनुसार उल्लिखित कोषको रकम व्यक्तिगत निक्षेपसरह परिचालन गरिएको वा गर्न सकिने भनी कुनै कानूनी आधारसमेत दर्साउन सकेको अवस्था छैन। त्यस्तो व्यवस्थाको अभावमा ती कोषहरूको रकम बैंकले कसरी परिचालन गरेर आय आर्जन गरेको हो ? सो सम्बन्धमा समेत बैंक मौन रहेको देखियो। आयकर ऐन, २०५८ को दफा १३(ग) बमोजिम व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यमा भएको खर्चमात्र कट्टी गर्न पाउने भन्ने देखिन्छ। तर पुनरावेदक बैंकले ती कोषहरूको निक्षेपमध्ये के कुन आय वर्षमा के कति लगानी गरी के कुन आयवर्षमा के कति ब्याज वा आय आर्जन गर्न सकियो, सो निक्षेप लगानी गरी भएकै आयबाट ब्याज रकम खर्च गरिएको हो वा अन्य आर्जनबाट ब्याजबापत खर्च गरिएको हो ? त्यस्ता कोषको रकम परिचालन गर्दा व्यावसायिक प्रवर्धनको दृष्टिले बैंकको व्यावसायिक कारोबारको अभिवृद्धि वा सफलता प्रतिशत कस्तो रह्यो ? भन्ने सम्बन्धमा स्पष्ट विवरण पेस गर्न सकेको समेत पाइँदैन। कर निर्धारणको क्रममा त्यस्ता स्पष्ट विवरण उपलब्ध गराई ती कोषको रकम लगानी भएबाट व्यवसाय प्रवर्धन भएको पुष्टि गर्नुपर्ने दायित्व पुनरावेदक बैंकमा नै रहनेमा बैंक सो दायित्व चुकेको देखिँदा उल्लिखित कोषहरूको निक्षेपमा प्रदान गरिएको ब्याज रकम रु.१२,८९,९२,६४०।- खर्च कट्टी अमान्य गरी सुरू ठुला करदाता कार्यालयबाट भएको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

उल्लिखित शीर्षकबाहेक दायित्व यकिन नभएको रकम, गत आ.व.को रकम, गत आ.व.को बिमा, विगत वर्षको रकम, जरिवाना रकम, फुटकर खर्च, तलब खर्चलगायतको रकम, पारिश्रमिक कर, Loan Guarantee Commission, फुटकर खर्चमा अग्रिम कर, पोसाक भत्तामा अग्रिम कर एवम् निक्षेपको ब्याज कर शीर्षकहरूका सम्बन्धमा राजस्व न्यायाधिकरण काठमाडौंको फैसलामा के कस्तो त्रुटि छ तथा के कुन आधार, कारण र कानूनी व्यवस्थाबमोजिम सो फैसला उल्टी वा बदर हुनुपर्ने हो भन्ने सम्बन्धमा पुनरावेदक बैंकले खण्डनसहितको स्पष्ट जिकिर लिन सकेको नपाइएकोले सो शीर्षकहरूका सम्बन्धमा विचार गरिरहनुपर्ने अवस्थाको विद्यमानता देखिन आएन। सो शिर्षकका सम्बन्धमा सुरू कार्यालयको निर्णय सदर गर्ने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको फैसला सदर हुने।

सुरू ठुला करदाता कार्यालयले पुनरावेदक बैंकको आयमा समावेश गरी गरेको निर्णय सदर गर्ने गरी राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७०।६।३ को फैसला कर्मचारीलाई दिइएको निर्ब्याजी ऋण तथा सापटी रकम तथा व्यवस्थापन सुधार खर्चको हकमा मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । उल्लिखित उल्टी हुने ठहरेको शिर्षकमध्ये व्यवस्थापन सुधार खर्चको रकम आयमा समावेश नहुने र कर्मचारीलाई दिइएको ऋण तथा सापटी रकम आयमा समावेश नभई पुनरावेदक बैंकले खर्च कट्टी गर्न पाउने ठहर्छ। सोको जानकारी प्रत्यर्थी ठुला करदाता कार्यालयलाई दिनू। सो उल्टी हुने ठहरेबाहेकका अन्य शिर्षकहरूमा राजस्व न्यायाधिकरण काठमाडौंको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत - किरण सिंह

इति संवत् २०७९ साल फागुन ८ गते रोज २ शुभम्।

- ०७४-RB-०३०२, आयकर (०६१/०६२), ०७४-RB-०३०९, ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर वि. राष्ट्रिय बाणिज्य बैंक सिंहदरबारप्लाजा, काठमाडौं, राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७४-RB-०३०४, आयकर (०६३/०६४), ०७४-RB-०३०७, ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर वि. राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं, राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७४-RB-०३०३, आयकर (०६२/०६३), ०७४-RB-०३०८, ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर वि. राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं, राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७४-RB-०३०५, आयकर (०६४/०६५), ०७४-RB-०३०६, ठुला करदाता कार्यालय हरिहरभवन, ललितपुर वि. राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं, राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत
- ०७४-RB-०३११, आयकर (०५९/०६०), राष्ट्रिय बाणिज्य बैंक सिंहदरबार प्लाजा, काठमाडौं वि. आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंसमेत

**३६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०८०-WH-०११३, बन्दीप्रत्यक्षीकरण, पृथ्वीराज चेम्जोङ्ग वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत*

निवेदकको हकमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को व्यवस्था लागु नभई साबिक मुलुकी ऐन, दण्ड सजायको महलको ३८ नं. को कानूनी व्यवस्था लागु भई जरिवानाबापत ४ वर्ष मात्र कैदमा राख्नुपर्नेमा पहिला जरिवानाबापत ४ वर्ष कैद हुने गरी जारी भएको कैदीपुर्जी संशोधन गरी जरिवानाबापत १० वर्ष कैद हुने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०७७।४।१९ मा जारी भएको कैदीपुर्जी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ तथा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ को प्रतिकूल देखिन आयो। साथै, नेपालको संविधानको धारा १६, १७ र १८ द्वारा प्रदत्त मौलिक हकमा आघात पार्ने गरी यी रिट निवेदकलाई गैरकानूनी कैदीपुर्जी जारी गरी थुनामा राखेको देखिन आएकोले काठमाडौं जिल्ला अदालतबाट उक्त बैंकिङ कसुर मुद्दामा प्रतिवादीको हैसियतमा रहेका यी निवेदक पृथ्वीराज तामाङलाई जरिवानाबापत १० वर्ष कैद हुने गरी मिति २०७७।०४।१९ मा जारी भएको कैदीपुर्जी गैरकानूनी देखिन आएकोले उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । उक्त बैंकिङ्ग कसुर मुद्दामा प्रतिवादी रहेका यी निवेदकलाई लागेको जरिवानाबापत ४ वर्ष मात्र कैद हुने र यी निवेदक मिति २०७६।०४।२६ देखि जरिवानाबापत थुनामा बसी लागेको ४ वर्ष कैद मिति २०८०।०४।२५ मा नै भुक्तान भइसकेको भए पनि हालसम्म थुनामा राखेको देखिँदा निवेदकको हालको थुना गैरकानूनी देखिने।

हाल निवेदक थुनामा रहेको अवस्थालाई कानूनसम्मत मान्न नसकिने भएकोले अरू कुनै मुद्दा वा कारणबाट थुनामा राख्न नपर्ने भए उल्लिखित बैंकिङ्ग कसुर मुद्दाको रोहमा राखिएको थुनाबाट निवेदकलाई अविलम्ब थुनामुक्त गर्नु भनी विपक्षीहरूका नाउँमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम

३७(क)(ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृत - गोविन्द आचार्य

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०८० साल मङ्सिर ११ गते रोज २ शुभम्।

**इजलास नं.८**

**३७**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७९-WH-०००९, बन्दीप्रत्यक्षीकरण, HUIHUI WANG वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत*

दुई तह अदालतबाट अन्तिम भई बसेको फैसला कार्यान्वयन गर्ने सिलसिलामा काठमाडौं जिल्ला अदालतबाट निवेदकलाई मिति २०७७।१२।०३ मा कैद म्याद ठेकी जरिवानाबापतको कैद बस्नुपर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा (२) को खण्ड (क) बमोजिम दश (१०) वर्ष कैद हुने गरी जारी गरिएको कैदीपुर्जी संशोधन गरी तत्कालीन मुलुकी ऐन, २०२० को दण्ड सजायको महलको ३८(१) नं.बमोजिम जरिवाना बापत अधिकतम चार (४) वर्ष कैद गर्ने गरी फैसलाको तपसिल खण्ड संशोधन गरी कैदीपुर्जीसमेत संशोधन गरिपाउँ भनी काठमाडौं जिल्ला अदालतसमक्ष निवेदन पेस गरेको देखियो । संशोधनको माग राखी दिएको निवेदनमा मागबमोजिम जरिवानाबापतमा तत्कालीन मुलुकी ऐन, दण्ड सजायको महलको ३८(१) नं.बमोजिम फैसलाको तपसिल खण्ड संशोधन गर्न मिलेन भनि भएको मिति २०७८।११।१८ को काठमाडौं जिल्ला अदालतको आदेश चित्त नबुझी निवेदकले उपर्युक्त आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३बमोजिम आदेश बदर गरिपाउन उच्च अदालत, पाटनसमक्ष निवेदन पेस गरेकोमा उच्च अदालत, पाटनबाट समेत मिति २०७९।०३।०२ मा सुरू काठमाडौं जिल्ला अदालतको उक्त आदेशलाई सदर गरेको पाइने।

मुलुकी अपराध संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ लागु हुनुपूर्व भएको कसुरका सम्बन्धमा जरिवानाबापत कैद गर्नुपर्दा साबिकको कानूनले गरेको मुलुकी ऐन दण्ड सजायको महलको ३८(१) नं. को व्यवस्था नै आकर्षित हुने देखिन्छ । यसरी कसुर गर्दाका अवस्थामा कायम रहेको कानूनी व्यवस्थाभन्दा बढी हुने गरी निजलाई जरिवानाबापत कैद ठेक्न मिल्ने अवस्था देखिँदैन । हालको मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा (२) को खण्ड (क) बमोजिम ठेकिएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७७।१२।०३ को कैदीपुर्जी र सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।११।१८ को फैसला संशोधन गर्न नपर्ने भन्नेसमेत बेहोराको सुरू काठमाडौं जिल्ला अदालतको सोही आदेशलाई सदर गर्ने उच्च अदालत, पाटनबाट मिति २०७९।०३।०२ मा भएको आदेश कानूनसम्मत मिलेको नदेखिने।

रिट निवेदक प्रतिवादीलाई सुन चोरी पैठारी मुद्दामा भएको सजाय कार्यान्वयन गर्ने सिलसिलामा कैदमा राखेको देखिँदा सो थुनालाई गैरकानूनी थुना हो भन्न नमिल्ने हुँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको रिट जारी गर्नुपर्ने अवस्थाको देखिएन । यी रिट निवेदक/प्रतिवादी फैसलाबमोजिम नै कैदमा रहेको देखिए पनि जरिवानाको हकमा, मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ को उपदफा (२) को खण्ड (क) बमोजिम प्रतिवादी HUIHUI WANGलाई १० (दश) वर्ष कैद ठेकी सुरू काठमाडौं जिल्ला अदालतले मिति २०७७।१२।०३ मा जारी गरेको कैदीपुर्जी सो हदसम्म कानूनसम्मत मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निजलाई लागेको जरिवानाको हकमा, वारदात हुँदाका बखत तत्काल बहाल रहेको मुलुकी ऐन, २०२० को दण्ड सजायको महलको ३८(१) नं.बमोजिम जरिवानाबापत अधिकतम ४ (चार) वर्ष कैद कायम हुने गरी कैदीपुर्जी संशोधन गरी जरिवानाबापतको कैद सजाय कार्यान्वयन गर्नु गराउनु

भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०८० साल जेठ २९ गते रोज ०२ शुभम्।

**३८**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री नहकुल सुवेदी,** *०७९-WH-०११६, बन्दीप्रत्यक्षीकरण, जयकृष्ण राई वि. विदुर के.सी.समेत*

कुनै व्यक्तिको हाल बसोबास गर्ने गरेको वतन मिसिल कागजबाट खुल्न आएकोमा सोही वतनमा र त्यस्तो वतन खुल्न नसकेको वा सो वतनमा म्याद जारी हुँदा रीतपूर्वक तामेल हुन नसकेको अवस्थामा स्थायी वतनमा म्याद जारी गर्नु तर्कसङ्गत मान्न सकिन्छ। तर मिसिलबाट हाल बसोबास अर्को वतनमा भएको देखिएको स्थितिमा निजको नामको म्याद सो वतनमा जारी नगरी नागरिकताको प्रमाणपत्रमा उल्लिखित स्थायी वतनमा जारी गर्ने कुराले यथार्थमा निजले त्यस्तो समाह्वान म्याद पाएको भनी विश्वस्त हुन सकिने अवस्था देखिँदैन। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६१(२) तथा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा २३ को आसय पनि आफू विरुद्ध लागेको अभियोगका सम्बन्धमा प्रतिवादीले सुनुवाइको उचित मौका पाउनुपर्ने भन्ने रहेकोले प्रतिवादीले यथार्थमा म्याद सूचना पाउन सक्ने अवस्था थियो वा थिएन भन्ने गम्भीर रूपमा हेर्नुपर्ने हुन्छ। उल्लिखित मुद्दा नं. ०७८-CB-२०४८ को बैंकिङ कसुर मुद्दामा मिसिलबाट यी निवेदक हाल बसोबास गरी आएको वतन स्पष्ट देखिएकोमा सो वतनमा समाह्वान जारी नगरी निजको साबिकको स्थायी वतनमा जारी गरेबाट यी निवेदकले आफूउपर परेको मुद्दाको सम्बन्धमा प्रतिरक्षाको सूचना पाएको भनी यकिन हुने आधार मिसिलबाट देखिएन। वास्तविक रूपमा यी निवेदकले म्याद सूचना पाउन सक्ने वतनमा म्याद जारी नगरी निजको हाल बसोबास नै नभएको वतनमा म्याद जारी गरी तामेली गरेको म्यादलाई कानूनबमोजिम रीतपूर्वक तामेली भएको भनी मान्न मिलेन। त्यस्तो बेरितको म्याद तामेलीका आधारमा भएको मुद्दाको काम कारबाही तथा फैसला उपर्युक्त उल्लिखित कानूनी व्यवस्था र प्राकृतिक न्यायको सिद्धान्तसमेतको विपरीत देखिँदा कायम रहन सक्ने अवस्था नदेखिने।

निवेदन मागदाबी, लिखित जवाफको बेहोरा एवम् मुद्दा नं. ०७८-CB-२०४८ को बैंकिङ कसुर मुद्दामा यी निवेदकका नाममा उच्च अदालत पाटनबाट जारी भई मिति २०७९।०३।१५ मा तामेल भएको म्याद रीतपूर्वकको नदेखिएकोले त्यस्तो बेरितको म्याद तथा सो अदालतबाट भएको मिति २०७९।०७।२९ को फैसलालगायत मुद्दाको सम्पूर्ण काम कारबाही र फैसलाबाट सिर्जित कैद जरिवानाको दायित्व ठेकेको कैदीपुर्जीसमेत रीतपूर्वकको भनी मान्न मिल्ने नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। निवेदकलाई उच्च अदालत पाटनबाट भएको फैसलाबमोजिम काठमाडौं जिल्ला अदालतको कैदीपुर्जीमार्फत थुनामा राखिएको निजको थुना गैरकानूनी नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु परेन। निज निवेदक जयकृष्ण राईलाई थुनामा रहेको कारागारबाट झिकाई बयान लिई थुनछेक आदेश गर्नेसमेत का प्रक्रिया अवलम्बन गरी कानूनबमोजिम गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर : मिलन राणा

इति संवत् २०७९ माघ ०६ गते रोज ६ शुभम्।

## इजलास नं.९

३९

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७९-WH-०२०३, बन्दीप्रत्यक्षीकरणलगायत जो चाहिने आज्ञा आदेश जारी गरी गैरकानूनी थुनाबाट मुक्त गरिपाऊँ, सुकदेव नेपाल वि. श्री उच्च अदालत*

*पाटन, हरिहरभवन, ललितपुरसमेत*

निवेदक प्रतिवादी सुकदेव नेपाललाई सुरू फैसलाअनुसार लागेको जरिवाना रु. ८,२५०/- (आठ हजार दुई सय पचास रूपियाँ) को हकमा साबिक मुलुकी ऐन, चोरीको महलको १४(२) नं.बमोजिम जरिवानाबापतसमेत कैद हुने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६९/१०/०२ मा भएको फैसलाबमोजिम दिनको रु. २५/- का दरले हुन आउने कैद अवधि ११ (एघार) महिना कैदमा बस्नुपर्ने गरी उल्लेख भई असुलउपरको लागि लगत कसेको देखियो । उक्त लगतबमोजिम फैसला कार्यान्वयनको क्रममा मिति २०७९/११/३० मा यी निवेदक प्रतिवादी सुकदेव नेपाल पक्राउ पर्दा साबिक मुलुकी ऐन खारेज भई हाल विद्यमान मुलुकी अपराध संहिता, २०७४ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र केही नेपाल कानूलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ मिति २०७५/०५/०१ देखि लागु भइसकेको अवस्था स्थिति छ । उक्त ऐनहरूमा चोरीको कसुरमा जरिवानाबापत कैद गर्नुपर्ने कानूनी व्यवस्था नरहेकोले यी निवेदकलाई लागेको जरिवाना रु. ८,२५०/- (आठ हजार दुई सय पचास रूपियाँ) बापत ११ महिना कैद ठेकिएकोमा हालको कानूनी व्यवस्थामा जरिवानाबापत कैद गरिने व्यवस्था नरहेको कारण खारेज भइसकेको ऐनमा भएको जरिवानाबापत कैद गर्ने व्यवस्था कार्यान्वयन गर्नु कानूनसम्मत नदेखिने ।

निवेदक प्रतिवादीले फैसलाले तोकेको १ महिना १५ दिन कैदबाट मिति २०६८/०३/०२ देखि मिति २०६८/०३/२१ सम्म प्रहरी हिरासतमा थुनामा रहेको अवधि १९ (उन्नाइस) दिन घटाई कैदबापत भुक्तान गर्नुपर्ने बाँकी अवधि २६ (छब्बिस) दिन निज मिति २०७९/११/३० मा पक्राउ परेको मितिबाट २०७९/१२/२५ मा नै भुक्तान भई जरिवानाबापत मिति २०७९/१२/२६ देखि हालका मितिसम्म करिब २ (दुई) महिना ९ (नौ) दिन बढी नै कैदमा बसेको देखियो । साथै, निज निवेदक प्रतिवादीलाई लागेको जरिवाना रु. ८,२५०/- (आठ हजार दुई सय पचास) निजलाई लागेको कैदभन्दा बढी थुनामा बसेको अवधिबाट प्रतिदिन रु. ३००/- का दरले कट्टा भई लागेको जरिवानासमेत असुल भइसकेको देखिने ।

निवेदक प्रतिवादी सुकदेव नेपालले जबरजस्ती चोरी मुद्दामा फैसलाले तोकेको कैदबापत १ महिना १५ दिन कैद अवधि मिति २०७९/१२/२५ मा भुक्तान गरेको र निजलाई लागेको जरिवानासमेत मिति २०७९/१२/२६ देखि हालसम्म कैदमा बसी असुल भइसकेको देखिँदा यी निवेदकको हालको थुना कानूनबमोजिमको थुना भन्ने देखिन आएन । निज गैरकानूनी थुनामा रहेको देखिने ।

रिट निवेदक सुकदेव नेपाललाई लागेको कैद जरिवाना असुल भई निज गैरकानूनी थुनामा रहेको देखिँदा निवेदकलाई उक्त गैरकानूनी थुनाबाट मुक्त गरिदिनु भनी प्रत्यर्थीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

उपरजिस्ट्रार : बद्रिप्रसाद लामिछाने

कम्प्युटर : शंकर सापकोटा

इति संवत् २०८० साल असार ३ गते रोज १ शुभम् ।

**४०**

**मा.न्या.श्री सुष्मालता माथेमा र मा.न्या.श्री नहकुल सुवेदी,** *०७४-CI-०७३२, ठेक्का रकम मिनाहा सुविधा दिलाई बढी रकम फिर्ता र बैंक ग्यारेन्टी फुकुवा गरिपाऊँ, साबिक जिल्ला विकास समितिको कार्यालय, हाल जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासीसमेत वि. विष्णुप्रसाद शर्मा*

वादीले लिएको ठेक्कामा के कति कार्य भएको र के कति कार्य सम्पन्न हुन बाँकी रहेको हो सो सम्बन्धमा यी पुनरावेदक/प्रतिवादीबाट गरिएको IEE Report को Volume I र II हेर्दा तुरिया र सहायक खोला वेलवारी, बनाहा, सोमनाथ र विसासयको नदीजन्य निर्माण सामाग्रीको परिमाण उल्लेख भएको देखिन्छ । मिसिल संलग्न रहेको IEE Report (पाना नं.३२ र ३३) ठेक्कासम्बन्धी जिल्ला

विकास समितिको कार्यालयको फाईल हेर्दा वादीले दाबीअनुसारको जम्मा ३५.१५ प्रतिशत मात्र काम गर्न पाएको र ६४.८५ प्रतिशत अर्थात् १४९९४८.२५ क्युवी मिटर निकासी गर्ने काम गर्न नपाएको देखिन्छ । वादीले माथि उल्लिखित विभिन्न शीर्षकमा गरी जम्मा रु.१,१२,००,७७७।- रकम प्रतिवादीलाई बुझाएकोमा पाएको ठेक्काको ३५.१५ प्रतिशत काम गरेको कुरा IEE Report बाट पुष्टि भइरहेको अवस्था देखिँदा ठेक्का रकम रु.१,६२,५७,७७७।- को ३५.१५ प्रतिशतले हुने रु.५७,१४,६०८।६४ बराबरको नदीजन्य पदार्थ वादीले झिकेको देखियो । प्रत्यर्थी/वादीले दाबी गर्दा ठेक्काबमोजिम काम गर्न नपाएको ६४.८५ प्रतिशत बराबरको रकम र बाटो निर्माणबापतको रु.१५,००,००० ।- रकमसमेतको दाबी गरेको देखिन्छ । वादी र प्रतिवादी जिल्ला विकास समितिको बिचमा भएको ठेक्काको सूचनाको सर्त नं. २३ मा “ढुङ्गा, गिट्टी, बालुवा, माटो, ग्रेभल र रोडा निकासी गर्न बाटो मर्मतको व्यवस्था ठेकेदार स्वयम्ले गर्नुपर्ने छ, खर्चको दाबी गर्न पाइने छैन” भन्ने उल्लेख भएको देखिन्छ । उल्लिखित सर्तअनुसार बाटो मर्मतको व्यवस्था ठेकेदारले गर्नुपर्ने र सोबापत लाग्ने खर्च दाबी गर्न नपाउने उल्लेख भएकै छ । वादीले दाबी गर्दा आफूले नयाँ सडक बाटो निर्माण गरेको र सोबापत लाग्ने खर्च प्रतिवादीले बेहोर्नुपर्ने गरी दाबी गरेको छ । वादीले नयाँ सडक बनाएको कुराको पूर्वजानकारी प्रतिवादीलाई दिएको कुरा मिसिलबाट देखिँदैन । सर्तभन्दा बाहिर गएर कुनै कार्य कुनै एउटा पक्षले गर्दछ भने सो जानकारी एवं पूर्वस्वीकृति अर्को पक्षबाट लिनुपर्ने हुन्छ । वादीले नयाँ सडक बनाएको कुराको जानकारी प्रतिवादीलाई दिई स्वीकृति लिएको देखिँदैन । यसबाट वादीले बाटो मर्मत गर्ने कुराको सर्त स्वीकृति गरेको देखिएबाट बाटो निर्माणमा लागेको खर्चबापत रु.१५,००,०००।- भराइपाउने दाबी र सो दाबीअनुसारको रकम वादीले प्रतिवादीबाट भराइलिन पाउने गरी सुरू अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको सो हदसम्मको फैसला मिलेको नदेखिने ।

पुनरावेदक/प्रतिवादीले आ.व.२०७०/०७१ को आर्थिक १ वर्षको लागि तुरिया र सहायक खोलाको नदीजन्य पदार्थ उत्खनन् एवं निकासीको लागि रु.१,६२,५७,७७७ ।- मा वादीले ठेक्का लिएको र सो ठेक्का अवधिमध्ये पूर्णसमय सम्म काम गर्न नपाएको कुरा यी पुनरावेदक/प्रतिवादीले राजस्व मिन्हाको लागि मिति २०७१।५।३ मा बसेको बैठक एवं निकासी रोक्का गर्न मिति २०७०।८।२३ मा लेखेको पत्रसमेतबाट वादीले ठेक्का सम्झौताअनुसार पूर्ण काम गर्न नपाएको पुष्टि भइरहेको र पुनरावेदक/प्रतिवादीले नै उत्खनन् हुन नसकेको नदीजन्य पदार्थको परिमाण खुलाउन जिल्ला प्राविधिक इन्जिनियरको संयोजकत्वमा समिति गठन गरेको सो समितिले दिएको IEE Report बाट ३५.१५ प्रतिशत मात्र वादीलाई नदीजन्य पदार्थ झिक्न पाएको र ६४.८५ प्रतिशत अर्थात् १४९९४८.२५ क्युवी मिटर निकासी गर्ने काम गर्न नपाएको कुरा पुष्टि भई राखेको देखिएबाट वादीले जिल्ला विकास समितिलाई विभिन्न शीर्षकमा बुझाएको रु.१,१२,००,०००।- रकममा वादीले काम गरेको ३५.१५ प्रतिशत बराबरको रकम र बाटो निर्माणबापत लागेको खर्च रु.१५,००,०००।- समेत गरी जम्मा रु.७२,१४,६०८।६४ कट्टा गरी बाँकी हुन आउने रकम रु.३९,८६,१६८।३६ वादीले प्रतिवादीबाट भरिपाउनेमा सुरू जिल्ला अदालतले रु.५४,८६,१६८।८६ प्रतिवादीबाट भरिपाउने गरी भएको फैसला सदर हुने गरी पुनरावेदन अदालतबाट भएको फैसला सो हदसम्म मिलेको नदेखिने ।

वादीले ठेक्काबापतको जम्मा रु.१,१२,००,७७७।- प्रतिवादीलाई बुझाएकोमा वादीले काम गरेको आधारमा कुल ठेक्का रकमको ३५.१५% ले हुने रकम र बाटो निर्माणबापतको खर्च रु.१५,००,००० ।- कट्टा गरी सोभन्दा बढी हुन आउने रकम रु.३९,८६,१६८।३६ वादीले प्रतिवादीबाट भराइलिन पाउने तथा ठेक्का सूचनाको सर्त र अस्थायी चलन पट्टाको सर्तमा समेत ठेक्का सर्तबमोजिम काम नभएमा ब्याजसमेत दाबी गर्न सकिने प्रावधान

नदेखिँदा रु.५४,८६,१६८।८६ साँवा र सोको ब्याजसमेत भराई लिन पाउने गरी सुरू नवलपरासी जिल्ला अदालतबाट मिति २०७१।१२।२२ मा भएको फैसला सदर हुने गरी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०७३।५।१९ मा भएको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी भई वादीले प्रतिवादी जिल्ला विकास समितिलाई बुझाएको रकममध्येबाट बढी रु.३९,८६,१६८।३६ र अदालती शुल्क वादीले प्रतिवादीबाट भरिपाउने।

इजलास अधिकृत : जानकीरमण यादव/चन्दा बेल्वासे

कम्प्युटर : समी नेपाली

इति संवत् २०८० साल वैशाख ३ गते रोज १ शुभम्।

## इजलास नं.१४

### ४१

**मा.न्या.डा.श्री नहकुल सुवेदी र मा.न्या.श्री शारङ्गा सुवेदी,** *०८०-WH-०२८९, बन्दीप्रत्यक्षीकरण, सुस्मिता मोक्तानसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरू उमेश मुक्तान, रामप्रवेश साह र संतोषकुमार मेहतालाई गैरकानूनी रूपमा थुनामा राखेको हुँदा बन्दीप्रत्यक्षीकरणलगायतको आज्ञा आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन दाबी रहेकोमा प्रत्यर्थी कार्यालयबाट इजलाससमक्ष पेस भएको अनुसन्धानको फायलबाट निवेदकहरूले मिति २०८०/१२/२४ मा भद्रकालीस्थित निषेधित क्षेत्रमा प्रवेश गरी सुरक्षामा खटिएका सुरक्षाकर्मीलाई ढुङ्गामुढासमेत गरी घाइते बनाएको भन्ने घटनास्थल मुचुल्का रहेको र यी निवेदकहरूलाई सोही दिन जरूरी पक्राउ पुर्जी दिई थुनामा राखेको भन्ने देखिन्छ । मिसिल संलग्न मिति २०८०/१२/२४ को पक्राउ पुर्जी र सो जरुरी पक्राउ पुर्जी मिति २०८१/१२/२५ मा जिल्ला प्रशासन कार्यालय बबरमहल काठमाडौंबाट स्वीकृत भएको तथा अनुसन्धानको लागि दोस्रो पटक २०८०/१२/२९ देखि लागु हुने गरी ५(पाँच) दिन म्याद थप गराएको बेहोरा मिसिल संलग्न मिति २०८०/१२/३० को जिल्ला सरकारी वकिल कार्यालयको पत्रसमेतबाट देखिन्छ । यसरी निवेदकहरूलाई जरुरी पक्राउ पुर्जी दिई पक्राउ गरेको र मुद्दा हेर्ने अधिकारीबाट उक्त पक्राउ पुर्जी समर्थन गराई अनुसन्धानका लागि हिरासतमा राख्ने म्याद थपसमेत गरे गराएको समेतबाट कानूनबमोजिम अधिकार प्राप्त अधिकारीले गरेको आदेशबमोजिम निवेदकहरूलाई थुनामा राखेको देखिँदा गैरकानूनी रूपमा थुनामा राखेको भन्न मिलेन । तसर्थ, निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। सो हदसम्म रिट निवेदन खारेज हुने।

निवेदकहरू मिति २०८०/१२/२४ का दिन काठमाडौं उपत्यकामा आयोजित आदिवासी जनजातिहरूको साँस्कृतिक र्‍यालीको कार्यक्रममा उपस्थित भएको भन्ने देखिन्छ। तर यी निवेदकहरू शान्ति सुव्यवस्था खलल पुर्‍याउने उद्देश्यले भेला जम्मा भएको वा हातहतियार लिई उपस्थित भएको भन्ने अवस्था मिसिल संलग्न प्रमाणहरूबाट देखिन आएको छैन । अनुसन्धानबाट निवेदकहरू सार्वजनिक शान्ति विरुद्धको कसुरमा दोषी देखिएमा कानूनबमोजिम सजायको भागिदार हुनुपर्ने कुरामा दुईमत हुने ठाउँ छैन । हाल निजहरूलाई थुनामा नराखेको कारणबाट मात्रै अनुसन्धान कार्यमा प्रतिकूल असर पर्न जाने अवस्था रहेको भन्ने अनुसन्धानको मिसिलबाट देखिन आएको छैन। यी निवेदकहरूलाई थुनामै राखी अनुसन्धान तहकिकात गर्नुपर्नेसम्मको अवस्था पुष्टि हुन आएको देखिएन। यस अवस्थामा यी निवेदकहरूलाई अनुसन्धानको लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५बमोजिम धरौट वा जमानत लिई वा निजलाई कुनै माथवर व्यक्तिको जिम्मामा हाजिर जमानीमा छाड्न वा तारिखमा राखी अपराध अनुसन्धान तहकिकात गर्न सकिने अवस्था देखिने।

निवेदकहरूलाई जरुरी पक्राउ पुर्जी दिई पक्राउ गरेको र मुद्दा हेर्ने अधिकारीबाट उक्त पक्राउ पुर्जी

समर्थन गराई अनुसन्धानका लागि हिरासतमा राख्ने म्याद थपसमेत गरे गराएको समेतबाट कानूनबमोजिम अधिकार प्राप्त अधिकारीले गरेको आदेशबमोजिम निवेदकहरूलाई थुनामा राखेको देखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। तसर्थ, बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा हिरासत मुक्त गरिपाउँ भन्नेतर्फ रिट निवेदन खारेज हुने ठहर्छ । रिट निवेदकहरूलाई थुनामा राख्नुपर्नेसम्मको अवस्था र कारण पुष्टि हुने गरी आधार र कारण खुलेको नदेखिँदा निवेदकहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा १५ बमोजिम हाजिर जमानी वा तारेखमा राखी मुद्दाको अनुसन्धान तहकिकात गरी कानूनबमोजिम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृत :- गोकर्ण प्रसाद अर्याल

कम्प्युटर अपरेटर :- कृष्ण गिरी

इति संवत् २०८१ साल वैशाख २ गते रोज १ शुभम्।

- यसै लगाउको ०८०-WH-०२८८, बन्दीप्रत्यक्षीकरण, साबित्री के.सी. खत्रीसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत भएको मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

४२

**मा.न्या.डा.श्री नहकुल सुवेदी र मा.न्या.श्री नित्यानन्द पाण्डेय,** *०७५-WO-१३८३, अधिकारपृच्छा, उत्प्रेषण / परमादेशसमेत, केशव प्रसाद पौडेल वि. निक्षेप तथा कर्जा सुरक्षण कोष, केन्द्रीय कार्यालय टंगाल, काठमाडौंसमेत*

निवेदन दाबीबमोजिम जग्गा खरिद गर्ने अख्तियारी विपक्षी प्रमुख कार्यकारी अधिकृतलाई छ छैन, र जग्गा खरिद कार्य ऐन नियमबमोजिम भएको छ छैन भन्ने सम्बन्धमा विचार गर्दा, निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन,२०७३ को दफा ५१ को (ट)अनुसार "स्वीकृत बजेटअन्तर्गत घर, जग्गा, मेसिन, उपकरण खरिद, बहाल लिनेसमेत काम कर्तव्य र अधिकार प्रमुख कार्यकारी अधिकृतको हुने" व्यवस्था रहेको देखिन्छ। साथै अर्थ मन्त्रालयको च.नं. ३५९ मिति २०७४/११/२१ को पत्र तथा कोषको सञ्चालक समितिको नि.नं. ३०८१ को माइन्युटको प्रतिलिपिबाट समेत कोषको नामबाट जग्गा खरिद गर्ने अख्तियारी प्रमुख कार्यकारी अधिकृतलाई भएको बेहोरा लिखित जवाफ एवं मिसिल संलग्न प्रमाण कागजातबाट देखिने।

जग्गा खरिद गर्दा आवश्यक प्रक्रिया नपुऱ्याई खरिद गरेको भन्ने निवेदकको भनाइका सम्बन्धमा कोषले शाखा कार्यालय, बुटवल सञ्चालनका लागि सञ्चालक समितिको निर्णयबमोजिम पारित योजना कार्यान्वयन गर्न २ कट्ठादेखि ४ कट्ठा जग्गा आवश्यक पर्ने बेहोरा खुलाई गोरखापत्रमा मिति २०७४।१०।०२, मिति २०७४।१२।१९, मिति २०७५।११।१ गरी पटकपटक सूचना प्रकाशित गरेको, सोही विषयमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा समेत उजुरी परी कारबाही भएको समेत मिसिल संलग्न कागजातहरूबाट देखिन्छ । जग्गा खरिद गर्दा मिति २०७६।२।३ मा गोरखापत्रमा सूचना प्रकाशित गरी सिलबन्दी बोलपत्र माग गरिएको, सिलबन्दी बोलपत्रमध्ये सबैभन्दा सस्तो र उपयुक्त जग्गा खरिद गर्न प्रक्रिया अगाडि बढाएको, उक्त जग्गा सम्बन्धमा पञ्चकिर्ते मूल्याङ्कन र प्राविधिक मूल्याङ्कन प्रतिवेदनसमेत प्राप्त गरी जग्गाधनी शिलु श्रेष्ठबाट ३ कट्ठा ७१/२ धुर जग्गा रू.५,५१,००,०००।- मा खरिद गरिएको भन्ने विपक्षीहरूको लिखित जवाफ बेहोरा एवं मिसिल संलग्न प्रमाण कागजसमेतबाट देखियो। वस्तुतः सार्वजनिक निकायले जग्गा खरिद गर्दा कानूनबमोजिम प्रक्रिया अवलम्बन गरी पारदर्शी तवरले खरिद गर्नुपर्ने भन्ने विषयमा कुनै विवाद हुन सक्दैन। तथापि प्रस्तुत निवेदनमा विपक्षी कोषले बुटवलमा शाखा कार्यालय स्थापना एवं सञ्चालन गर्न जग्गा खरिद गर्दा के कुन कानूनी प्रक्रिया अवलम्बन गर्नुपर्ने नगरी कानूनी त्रुटि गरेको र नेपालको संविधानको धारा १३३(२) अन्तर्गत दायर प्रस्तुत रिट निवेदनमा सार्वजनिक सरोकारको यी यस्तो संवैधानिक वा कानूनी प्रश्न निरुपण गर्नुपर्ने भन्ने स्पष्ट बेहोरासमेत निवेदनबाट खुलेको देखिँदैन।

जग्गा खरिद प्रक्रिया सम्बन्धमा आर्थिक व्ययभार वा आर्थिक अनुशासनतर्फ तथ्य प्रमाणको मूल्याङ्कन गरी निरूपण गर्नुपर्ने विषय रहे भएमा सोतर्फ साधिकार निकायबाट कानूनबमोजिम निरूपण हुन सक्ने अवस्थासमेत रहे भएकै देखिने।

अख्तियारीविना विपक्षीहरूले जग्गा खरिद गरेको भन्ने निवेदन दाबी स्थापित हुन सकेको नदेखिएको र जग्गा खरिद प्रक्रियामा तथ्य प्रमाणको मूल्याङ्कन गरी निरूपण हुने विषय देखिएमा सोतर्फ साधिकार निकायबाट कानूनबमोजिम हुन सक्ने अवस्थासमेत रहे भएकै देखिँदा प्रस्तुत निवेदन मागबमोजिम अधिकारपृच्छा, उत्प्रेषण, परमादेशको आदेश जारी हुन सक्ने देखिन आएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - गंगादेबी सुनार/जमुना धिताल

टाइप गर्ने : शंकर सापकोटा

इति संवत् २०८१ साल मंसिर २५ गते रोज ३ शुभम्।

## इजलास नं.१६

### ४३

**मा.न्या.श्री विनोद शर्मा र मा.न्या.श्री अव्दुल अजीज मुसलमान,** *०७५-WO-०४१९, उत्प्रेषणसमेत, दिपेन्द्र पुरीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

नेपालको संविधानको धारा ११(३) बमोजिम नागरिकता प्रदान गर्न इन्कार गरेको भन्ने मुख्य जिकिर रहेको देखिन्छ भने नेपाल नागरिकता ऐन, २०६३लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्समक्ष पेस भई हाल संसदीय समितिमा छलफलको क्रममा रहेकोले उक्त सङ्घीय कानूनको अधीनमा रही आवश्यक प्रक्रिया पूरा गरी निवेदकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सक्ने भन्ने प्रत्यर्थी गृह मन्त्रालयको लिखित जवाफ रहेको छ । हालसम्म आइपुग्दा निवेदकतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले नै बहसको क्रममा "नागरिकता ऐन, २०६३लाई संशोधन गर्न बनेको ऐन" सङ्घीय संसद्बाट पारित भई मिति २०८०।२।१७ देखि लागु भएको र उक्त ऐनले धारा ११(३) को कार्यान्वयको सन्दर्भमा समेत आवश्यक व्यवस्था गरेको भन्दै प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ । उक्त संशोधन गर्न बनेको ऐनले यसअघिको नेपाल नागरिकता ऐन, २०६३ को दफा ३ को वंशजको नाताले नेपाली नागरिकता प्राप्तिसम्बन्धी प्रावधानमा संशोधन गर्दै उक्त दफाको उपदफा ३ पछि उपदफा ४, ५, ६, ७, ८ थप गरिएको छ । जसमध्ये उपदफा ४ मा "संवत् २०७२ साल असोज ३ गतेअघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुबै नेपालको नागरिक रहेछन् भने निजको उमेर १६ वर्ष पूरा भएपछि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने छ" भन्ने व्यवस्थासमेत थप गरेको देखिने।

यसअघि कानूनको अभाव देखाएर संविधानमा भएको व्यवस्थाबमोजिम नागरिकता दिन इन्कार गरेको भनी रिट निवेदन दायर भएकोमा हाल सो सम्बन्धमा कानून पनि बनिसकेको र निवेदक स्वयंले पनि आफ्नो रिट निवेदनको प्रयोजन समाप्त भएको तथ्य इजलाससमक्ष आई स्वीकार गरेको अवस्था देखिएकोले प्रस्तुत निवेदनको मागदाबी सम्बन्धमा थप विचार गर्नुपर्ने अवस्था नदेखिने।

उल्लिखित संशोधित कानूनी व्यवस्थाले नेपाल सरकार, गृह मन्त्रालयको च.नं. ४५४, मिति २०६८।११।१२ र मिति २०७०।१२।२० को परिपत्रलगायत नेपालको संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नागरिकता प्राप्त नेपाली आमा र बाबुका सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्न बाधा पुऱ्याउने कुनै पनि निर्णय वा परिपत्रको औचित्य नै समाप्त भएको र कुनै पनि आधारमा नेपालको संविधानको धारा ११(३) बमोजिम नागरिकता प्रदान गर्न इन्कार गर्नुपर्ने स्थितिसमेत रहेको देखिँदैन । यसरी प्रस्तुत रिट निवेदनमा जिकिर लिएका विषयमा निवेदकको मागबमोजिमको आदेश

जारी गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : उमेशप्रसाद पाण्डेय

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०८१ साल असोज ६ गते रोज १ शुभम्।

४४

**मा.न्या.श्री विनोद शर्मा र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७५-WO-१२१६, उत्प्रेषणसमेत, डम्बरबिक्रम कार्कीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

नेपालको अन्तरिम संविधान, २०६३ ले जन्मको आधारमा नेपाली नागरिकता प्रदान गर्ने संवैधानिक व्यवस्था गरेको अवस्थामा निजहरूका सन्तानले कस्तो नागरिकता पाउने भन्ने संवैधानिक तथा कानूनी व्यवस्थाबिनै परिपत्रको आधारमा नागरिकता वितरण गरेको त्रुटिपूर्ण छ भन्ने भनाइलाई अन्यथा भन्न मिल्ने अवस्था नदेखिए तापनि प्रस्तुत रिट निवेदन २०६८।१०।२६ को परिपत्रको सन्दर्भमा रहेको र हालसम्म आइपुग्दा संविधानसभाबाट २०७२ सालमा नेपालको संविधान जारी भई जन्मको आधारमा नागरिकता प्राप्त व्यक्तिका सन्तानले प्राप्त गर्ने नागरिकताको सम्बन्धमा नेपाल नागरिकता ऐन, २०६३ तथा ऐ. नियमावली, २०६३लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ र नेपाल नागरिकता (तेस्रो संशोधन) नियमावली, २०८० सङ्घीय संसद्बाट पारित भई क्रमश: मिति २०८०।२।१७ र मिति २०८०।६।४ मा प्रमाणीकरण तथा नेपाल राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आइसकेको।

त्यस्तै, नेपाल नागरिकता ऐन, २०६३ मा यसअघि दफा ३ मा रहेको वंशजको नाताले नेपाली नागरिकता प्राप्तिका आधारहरू उपदफा (१) देखि (३) सम्म रहेकोमा उपदफा (३) मा यस अघिको रहेको प्रावधान परिमार्जनसहित उपदफा (४) देखि (८) सम्म विभिन्न प्रावधानहरू थप गरिएको छ। जसअन्तर्गत उपदफा (४) मा "संवत् २०७२ साल असोज ३ गतेभन्दाअघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानले बाबु र आमा दुवै नेपालको नागरिक रहेछन् भने निजको उमेर सोह्र वर्ष पूरा भएपछि वंशजको आधारमा नागरिकता प्राप्त गर्ने छ" भनी सोहीबमोजिमको प्रावधानसहित नेपाल नागरिकता नियमावली, २०६३ मा पनि संशोधन भइसकेको अवस्था छ। यस स्थितिमा कानूनी रिक्तताको अवस्थामा जन्मको आधारमा नागरिकका सन्तानलाई वंशजको आधारमा वितरण गरिएका नागरिकता बदर गरिए पनि त्यस्ता व्यक्तिहरूले हाल प्रचलित नेपालको संविधान तथा नेपाल नागरिकता ऐन, २०६३ बमोजिम वंशजको आधारमा पुन: नेपाली नागरिकता प्रमाणपत्र लिन सक्ने नै देखिन्छ। तसर्थ: २०६८ सालमा परिपत्रको आधारमा जन्मको आधारमा नागरिकता प्राप्त व्यक्तिका सन्तानले वंशजको आधारमा नागरिकता लिएको भनी २०७६ सालमा दायर भएको रिट निवेदनको रोहबाट हाल आएर त्यस्ता नागरिकता बदरतर्फ बोल्नु मनासिब नदेखिनुको साथै त्यसको औचित्यसमेत समाप्त भइसकेको देखिने।

नेपाल नागरिकता नियमावली, २०४९ को नियम ३(४)(क) र (ख)समेत २०४९ सालको रिट नं. २४८५ को रिट निवेदनको रोहबाट प्रारम्भदेखि नै खारेज भएको अवस्थामा उक्त प्रावधानबमोजिम वितरित नागरिकता हालसम्म पनि बदर नगरिएको र हाल निजहरूका सन्तानले पनि गैरकानूनी रूपमा नागरिकता लिइरहेकोले उक्त नागरिकताहरू बदर हुनुपर्दछ भन्ने जिकिरका सम्बन्धमा यसै अदालतमा विचाराधीन ०७५-WO-१०४२ को रिट निवेदनको रोहबाट ठहरेबमोजिम हुने नै भएको, नेपाल सरकार गृह मन्त्रालयको मिति २०६८।१०।२६ को परिपत्रको आधारमा जन्मको आधारमा नागरिकता प्राप्त व्यक्तिका सन्तानलाई वंशजको आधारमा नेपाली नागरिकता वितरण गरिएको गैरकानूनी भएको भन्ने निवेदन जिकिरको सम्बन्धमा २०७२ सालमा नेपालको संविधान जारी भएपश्चात् सोहीबमोजिम नेपाल

नागरिकता ऐन, २०६३ मा पहिलो संशोधनसमेत भई कार्यान्वयनमा आएसँगै औचित्य समाप्त भइसकेको र कसैले गैरकानूनी रूपमा झुठा विवरण पेस गरी नेपाली नागरिकता लिएको पाइएमा प्रचलित कानूनबमोजिम नागरिकता रद्द तथा दण्ड सजायसमेत हुने कानूनी व्यवस्था हुँदाहुँदै निवेदकको अनुमानयुक्त गोश्वारा दाबीका आधारमा गैरकानूनी नागरिकता वितरण भएको भनी आशंकाकै भरमा उच्चस्तरीय अधिकारसम्पन्न छानबिन आयोग गठन गर्नुपर्ने आवश्यकता रहेको पनि नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : उमेशप्रसाद पाण्डेय

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०८१ साल असोज ६ गते रोज १ शुभम्।

**४५**

**मा.न्या.श्री विनोद शर्मा र मा.न्या.श्री अब्दुल अजीज मुसलमान,** *०७५-WO-००६५, परमादेशसमेत, हिरेन्द्रबहादुर राजभण्डारी वि. मालपोत कार्यालय, कलंकी, काठमाडौंसमेत*

रिट निवेदकको हालसाबिक गरिपाउँ भन्ने निवेदनका उपर प्रस्तुत मुद्दाका विपक्षीहरूले दिएको निवेदनका कारणले निर्णय भई नसकेको र सोही अवस्थामा रिट निवेदकबाटै Regular court जिल्ला अदालतमा जग्गा खिचोला मेटाई हक कायम गरिपाउँ मुद्दा, उच्च अदालतमा परमादेशसमेतको आदेशको माग गरी रिट निवेदन र यस अदालतमा प्रस्तुत रिट निवेदन दिई विचाराधीन रहेको अवस्था देखिन्छ । यसरी Regular court मा विचाराधीन रहेको अवस्थामा अर्धन्यायिक निकाय मालपोत कार्यालयसमेतबाट सोही विषयमा निर्णय गर्न मिल्ने भनी मान्न नसकिने।

रिट निवेदकको सम्पत्तिको अधिकारलाई कानूनसम्मत तौरतरिकाबाट तथ्य परक रूपमा कानूनी प्रक्रिया (Due process of law) पूरा गरी कानूनी प्रावधानबमोजिम सही समयमा सही निर्णय निकास गरी शीघ्र न्याय (Speedy Justice) दिनु कानूनी राजको उद्देश्य रहेको मानिन्छ । सोही परिप्रेक्ष्यमा रिट निवेदकले आफ्नो सम्पत्ति जग्गाको हालसाबिक गरिपाउँ भन्ने निवेदनमा अन्य व्यक्तिको दाबी विरोध गरी निवेदन दिएको अवस्था भए पनि सही समयमा सही निर्णय भएको देखिँदैन । रिट निवेदकको मागबमोजिम हालसाबिक नभएको कारण निज निवेदक Regular court मा जान बाध्य भएको देखिन्छ । रिट निवेदक आफ्नो साम्पत्तिक अधिकार यकिन र प्रचलनका लागि Regular court मा प्रवेशपश्चात् अर्धन्यायिक निकायको कामकारबाही प्रक्रिया रोकिनुलाई अन्यथा मान्न नमिल्ने।

रिट निवेदकले आफ्नो नामको जग्गाको हालसाबिक गरिपाउँ भनी दिएको निवेदनको मागबमोजिमको कामकारबाहीको निर्णय हुने काम स्थगित रहे भएको सन्दर्भमा सो हालसाबिकको निर्णय गर्ने कार्यसँग सम्बन्धित विषय Regular court मा प्रवेश भएपश्चात् सो विषयसँग सम्बन्धित सबै मिसिल फायल अदालतमा पठाएको रहे भएको कारणसमेतबाट हालसाबिक गर्ने कार्य स्थगित रहे भएको अवस्थालाई सो प्रयोजनार्थ अन्यथा भन्न मिलेन । रिट निवेदकको जग्गाको हालसाबिकको मुद्दाको सक्कलै फायल अदालतमा पठाएको कारण निर्णय नभएको हुँदा ती फायल प्राप्त भएपछि निर्णय गर्ने कुरा स्वीकार गरी विपक्षी निकायहरूबाट लिखित जवाफ पेस भएको देखिन्छ । यसरी रिट निवेदकहरूको साम्पत्तिक अधिकारको संरक्षण र आवश्यक निर्णयको लागि निजहरूको माग दाबीबमोजिम परमादेशको आदेश जारी हुने।

रिट निवेदकले जग्गाको हालसाबिक गरिपाउँ भनी दिएको निवेदनहरूमा कानूनबमोजिम जो जे गर्नुपर्छ गरी यथाशीघ्र निर्णय गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : मोहनप्रसाद बेल्बासे

कम्प्युटर :- पद्मा आचार्य

इति संवत् २०८१ साल चैत ०३ गते रोज १ शुभम्।

साथै यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएका छन्।

- ०७५-CI-०७२०, परमादेशको आदेश जारी

गरिपाऊँ, नेमबहादुर राजभण्डारीसमेत, वि. दिलिपकुमार शाहीसमेत।

- ०७५-CI-०७१९, जगा खिचोला मेटाई हक कायम गरिपाऊँ, नेमबहादुर रानभण्डारीसमेत, वि.दिलिपकुमार शाहीसमेत।
- ०७५-wo-११९७, उत्प्रेषणसमेत, हिरेन्द्र बहादुर राजभण्डारी वि. पेम्वाश्री गुरुङसमेत।

**४६**

**मा.न्या.श्री विनोद शर्मा र मा.न्या.श्री अव्दुल अजीज मुसलमान,** *०७५-WO-०९९१, उत्प्रेषणसमेत, बालकृष्ण न्यौपाने वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंसमेत*

नेपालको संविधानको धारा १५ मा नागरिकतासम्बन्धी अन्य व्यवस्था सङ्घीय कानूनबमोजिम हुने व्यवस्था रहेको छ। नेपाल नागरिकता ऐन, २०६३लाई संशोधन गर्न सङ्घीय संसद्मा पेस भएको विधेयक विचाराधीन रहेको अवस्थामा संसद्को क्षेत्राधिकार मिच्ने गरी जन्मको आधारमा नागरिकता प्राप्त व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरिकता प्रदान गर्न गृह मन्त्रालयले मन्त्रिस्तरीय निर्णय गरी परिपत्र गरेको गैरकानूनी रहेको भन्ने मुख्य जिकिर रहेको देखिन्छ। सो सन्दर्भमा यस अदालतको एक न्यायाधीशको इजलासबाट नेपाल सरकार गृह मन्त्रालयको मिति २०७५।१२।१९ को निर्णय र परिपत्र कार्यान्वय नगर्नु नगराउनु भनी मिति २०७५।१२।२५ मा अल्पकालीन अन्तरिम आदेश जारी भएकोमा मिति २०७६।१।३ मा संयुक्त इजलासबाट सो आदेशलाई निरन्तरता दिनु नपर्ने आदेश भई पुन: निवेदकले दायर गरेको निवेदनको रोहबाट उक्त आदेशलाई निरन्तरता नदिने सम्बन्धमा पूर्ण इजलासबाट निर्णय हुनु उपयुक्त देखिएको भन्दै पूर्ण इजलाबाट निर्णय नहुन्जेलसम्मको लागि मिति २०७६।१।२४ मा अल्पकालीन अन्तरिम आदेश जारी भएको देखियो । पूर्ण इजलासबाट प्रत्यर्थीहरूको लिखित जावाफ परिसकेकोले अब प्रस्तुत विवादको पूर्ण सुनुवाइ संयुक्त इजलासबाट हुन मनासिब देखिएकोले संयुक्त इजलासमा पेस गर्नु भन्ने मिति २०७६।२।२ को आदेशबमोजिम आज यस इजलासमा पेस हुन आएको देखिने।

प्रस्तुत रिट निवेदनमा बदर हुनुपर्ने भनी जिकिर लिएको नेपाल सरकार गृह मन्त्रालयको मिति २०७५।१२।१९ को निर्णय तथा सोही मितिको च.नं ५८३ को परिपत्र यस अदालतको अल्पकालीन अन्तरिम आदेशले कार्यान्वय हुन पाएको स्थिति देखिएन। हालसम्म आइपुग्दा निवेदकले नै "नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन" सङ्घीय संसद्बाट पारित भई मिति २०८०।२।१७ देखि लागु भएकोले प्रस्तुत रिट निवेदनको प्रयोजन समाप्त भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ । सङ्घीय संसद्बाट कानून बनाएर नागरिकतासम्बन्धी विषयको व्यवस्थापन गर्नुपर्नेमा संसद्को क्षेत्राधिकार मिची गृह मन्त्रालयले मन्त्रिस्तरीय निर्णयबाट जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई वंशजको नागरिकता प्रदान गर्न नमिल्ने भनी रिट निवेदन दायर भएकोमा प्रस्तुत रिट निवेदन परेको भोलिपल्टदेखिनै उक्त निर्णय कार्यान्वयन नभएको तथा हाल आएर रिट निवेदनमा जिकिर लिएबमोजिम नै नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको ऐन सङ्घीय संसद्बाट पारित भइसकेको तथा निवेदक स्वयंले पनि आफ्नो रिट निवेदनको प्रयोजन समाप्त भएको तथ्य इजलासमा आई स्वीकार गरेको अवस्था देखिन्छ । यस स्थितिमा प्रस्तुत रिट निवेदनको तथ्यमा प्रवेश गरी निवेदनमा उठाइएका कानूनी प्रश्नहरूको थप विवेचना गरिरहनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदकको मागबमोजिम उत्प्रेषण तथा परमादेशको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : उमेशप्रसाद पाण्डेय

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८१ साल असोज ६ गते रोज १ शुभम्।